# प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मानव अधिकारको अवस्थासम्बन्धी अनुगमन प्रतिवेदन




**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

# प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा मानव अधिकारको अवस्थासम्बन्धी अनुगमन प्रतिवेदन

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल
**प्रकाशन मिति** : असार २०८०
**संस्करण** : प्रथम
**प्रति** : ४००/-
**प्रकाशन नं.** : २९६
**मुद्रण** : गेटवे प्रिन्टर्स एण्ड डिजाइनर्स प्रा. लि.
**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

# आयोगका पदाधिकारी

## अध्यक्ष

माननीय तपबहादुर मगर

## सदस्यहरू

माननीय डा.सूर्य प्रसाद शर्मा ढुंगेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दवाडी

माननीय लिली थापा

## का.मु.सचिव

मुरारिप्रसाद खरेल

# मन्तव्य

जीवन, स्वतन्त्रता, समानता र मर्यादा मानव जीवनका अभिन्न अङ्ग हुन् । मानव अधिकारको संरक्षण र परिपूर्ति गर्ने बृहत् दायित्वलाई संविधानले नै सुनिश्चित गरेको छ । यसर्थ मानव अधिकारको संरक्षण, संवर्धन र त्यसको परिपूर्ति गर्ने महत्वपूर्ण संवैधानिक दायित्व राज्यको हो । मानव अधिकारलाई आम सर्वसाधारणको पहुँचमा पुऱ्याउन राज्यले विभिन्न नीतिगत, कानुनी तथा संस्थागत संयन्त्रहरूको स्थापना गरेको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचन भएर मात्र तात्विक अर्थ प्रदान गर्दैन । निर्वाचनमा आम सर्वसाधारणको मानव अधिकारको सुनिश्चितता हुने गरी मानव अधिकारमैत्री निर्वाचन सम्पन्न हुनुले विशेष अर्थ राख्दछ । निर्वाचनमा निष्पक्षता, तथा सबै नागरिकहरूको सहभागिताको सुनिश्चितता हुन अत्यावश्यक छ । साथै निर्वाचन समयावधिमा प्रचुर सुरक्षा व्यवस्था, हिंसारहित शान्तिपूर्ण वातावरण, निर्वाचन आचारसंहिताको परिपालना, मतदान कार्यमा सबै नागरि कहरूको सहज पहुँच लगायतका विषयवस्तु मानव अधिकारमैत्री निर्वाचनको मूख्य सूचक हुन।

लोकतन्त्र र मानव अधिकार एकै सिक्काका दुई पाटा हुन्, जहाँ कुनै एकलाई पृथक रूपमा परिकल्पना गर्न सकिँदैन । त्यसैले मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको जगमा लोकतन्त्रको दिगो संस्थागत अभ्यासलाई पूर्णता प्रदान गर्न आवधिक निर्वाचनले उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । अतः जुनसुकै देश, काल परिस्थितिमा निर्वाचन गर्दा निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने दायित्व राज्यको हो भने निर्वाचन प्रक्रियामा आफ्नो मताधिकारको प्रयोग गर्ने कर्तव्य नागरिकको रहेको हुन्छ ।

लोकतन्त्र र आवधिक निर्वाचनलाई संविधानको प्रस्तावनामा नै मुखरित गरिसकेको अवस्थामा निर्वाचनको विश्वसनीयता तबमात्र कायम हुन्छ, जतिबेला राज्यले मानव अधिकारमैत्री तवरले निर्वाचन सम्पन्न गर्दछ । मानव अधिकारमैत्री शासन व्यवस्थामा नै लोकतन्त्रको प्रभावकारिता अभिवृद्धि हुन्छ । जहाँ महिला, जेष्ठ नागरिक, अशक्त एवं अपाङ्गता भएका, आदिवासी/जनजाति, दुर्गम भेगका आम् जनता र अन्य सिमान्तकृत वर्ग लगायत सबै समुदायले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्न पाउँदछन् । राज्यका सबै नागरिकहरू मतदान कार्यमा सहभागी भई नेतृत्व चयन गर्न पाउनु लोकतन्त्रको सुन्दर अभ्यास हो ।

नेपालको संविधान बमोजिम राज्यको पुर्नःसंरचना भइ मुलुकमा तीन तहका सरकार क्रियाशील रहँदै आएको परिप्रेक्ष्यमा पहिलो पटक २०७४ वैशाख ३१, असार १४ र असोज २ मा स्थानीय तहको, मङ्सिर १० र २१ मा प्रदेशसभा र प्रतिनिधिसभा सदस्य पदको निर्वाचन सम्पन्न भएको थियो । विगतदेखि नै निर्वाचनको मानव अधिकार दृष्टिकोणबाट अनुगमन गर्दै आइरहेको आयोगले हाल २०७९ मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मानव अधिकार सम्बन्धी अन्य विषयगत आयोगहरूसँग समन्वय र सहकार्यमा अनुगमन गरेको छ । अनुगमनवाट प्राप्त तथ्यहरूलाई समाहित गरी तयार गरिएको यस प्रतिवेदनले औँल्याएका विषयवस्तुहरू, सुझावहरू तथा सिफारिसहरूमा नेपाल सरकार एवम् सरोकारवालाहरूको ध्यानाकर्षण भई मानव अधिकारको प्रभावकारी कार्यान्वयन तर्फ थप पहल हुनेछ भन्ने मैलै पूर्ण विश्वास लिएको छु ।

मानव अधिकार सुनिश्चितताको सवालमा क्रियाशील रही समन्वय र सहकार्यमा संलग्न विषयगत आयोगहरूका माननीयहरूप्रति धन्यवाद प्रकट गर्दछु। आगामी दिनहरूमा पनि यस किसिमका समन्वय र सहकार्य हुने नै छन् भन्नेमा विश्वस्त छु ।

अन्त्यमा, यस प्रतिवेदन तयारीको नेतृत्व गर्नु हुने आयोगका माननीय सदस्य लिली थापा, का.मु सचिव मुरारीप्रसाद खरेल, अध्ययन तथा लेखनमा महत्वपूर्ण योगदान दिनुहुने, संरक्षण विभाग प्रमुख दिपकजंगध्वज कार्की अनुगमन महाशाखा प्रमुख मोहनदेव जोशी, अधिकृतहरू पूर्णिमा राणा, रुना महर्जन, ना.सु डेगराज भट्टराई, भाषागत संयोजनको लागि अधिकृत कैलाशकुमार सिवाकोटी लगायत सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

........................

**तप बहादुर मगर**

अध्यक्ष

# विषयसूची

**परिच्छेद–एक**
**प्रारम्भिक**

१.१ पृष्ठभूमि १
१.२ अनुगमनको उद्देश्य २
१.३ अनुगमन पद्धति र कार्यादेश २
१.४ अनुगमनका सीमाहरू ३
१.५ प्रतिवेदनको संरचना ३

**परिच्छेद–दुई**
**निर्वाचन र मानव अधिकारसम्बन्धी प्रावधानहरु**

२.१ राष्ट्रिय व्यवस्थाहरू ४
२.२. अन्तर्राष्ट्रिय व्यवस्थाहरू ५
२.३.निर्वाचनसंग सम्बन्धित सर्वोच्च अदालतका नजिरहरु ६

**परिच्छेद–तीन**
**आयोगद्वारा सम्पादित गतिविधिहरू**

३.१ निर्वाचन अनुगमन सचिवालय गठन ९
३.२ सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया ९
३.३ अनुगमन टोली गठन र परिचालन ९
३.४ प्रेस-विज्ञप्ति/पत्रकार सम्मेलन १०
३.५ निर्वाचन अनुगमनमा चेकलिष्टको प्रयोग १०

**परिच्छेद–चार**
**अनुगमनबाट प्राप्त प्रदेशगत तथ्यहरू (विषयगत रुपमा)**

१) कोशी प्रदेश ११
२) मधेश प्रदेश १८
३) बागमती प्रदेश २४
४) गण्डकी प्रदेश ३१
५) लुम्बिनी प्रदेश ३६
६) कर्णाली प्रदेश ४०
७) सुदुरपश्चिम प्रदेश ४५

## परिच्छेद–पाँच
## विश्लेषण, निष्कर्ष, सिफारिस तथा सुझावहरु


५.१ विश्लेषण र निष्कर्ष ५७

५.२ सिफारिश तथा सुझाव ६७

(क) नेपाल सरकारलाई ६७

(ख) निर्वाचन आयोगलाई ६८

(ग) राजनीतिक दल तथा उम्मेदवारहरूलाई ६९

(घ) सञ्चार माध्यामलाई ७०

(ङ) अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा मानव अधिकारकर्मीहरूलाई ७०


## अनुसूचीहरु


**अनुसूची** १. राष्ट्रिय मानव अधिकार आयोगबाट जारी गरिएको (मानव अधिकारको दृष्टिकोणबाट) निर्वाचनको अनुगमन गर्दा पालना गर्नुपर्ने आचारसंहिता ७१

**अनुसूची** २. निर्वाचन अनुगमन गरिएका जिल्ला र अनुगमन टोलीहरू ७४

**अनुसूची** ३. निर्वाचन अचारसंहिता विपरीत प्रचारप्रसार लगायतका राजनीतिक गतिविधिमा बालबालिका प्रयोग सम्बन्धमा तथ्याङ्क ८१

**अनुसूची** ४. निर्वाचनमा समावेशिताको अवस्था ९२

**अनुसूची** ५. आयोगबाट निर्वाचनको सन्दर्भमा जारी प्रेस/विज्ञप्तिहरू १००

**अनुसूची** ६. निर्वाचन अनुगमनको लागि जारी रुजुसूची १०६

**अनुसूची** ७. निर्वाचन सम्बन्धी कानुनहरु १२०

**अनुसूची** ८. निर्वाचन अनुगमनको क्रममा लिइएका तस्विरहरु १२३

## परिच्छेद-एक

# प्रारम्भिक

### १.१ पृष्ठभूमिः

विश्वमा राज्य सञ्चालनका लागि स्वीकृत प्रणाली अन्तर्गत आवधिक तथा आमनिर्वाचनबाट जनप्रतिनिधि छनौट गर्ने मान्यतालाई लोकतन्त्रमा आस्था राख्ने मुलुकहरूले अनुसरण गर्दै आएको पाइन्छ । मानव अधिकारको संरक्षण र प्रवर्धनको लागि जनताबाट अनुमोदित निर्वाचित पदाधिकारीबाट सत्ता सञ्चालन अनिवार्य सर्त हो । निर्वाचनलाई नागरिकहरूको सार्वभौमसत्ता प्रयोगको आधार एवम् सरकारलाई वैधानिकता प्रदान गर्ने विधि मानिन्छ । आवधिक निर्वाचनबिना लोकतन्त्र र मानव अधिकारको परिकल्पना गर्न सकिदैन ।

राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक तथा कानुनी सीमाभित्र रही मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन एवम् परिपालना गर्नुपर्ने दायित्व तोकिएको छ । यसै परिप्रेक्ष्यमा आयोगले स्थापनाकाल देखिनै सम्पन्न भएका निर्वाचनको मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायसमक्ष सुझाव तथा सिफारिस गर्दै आएको छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि विधिको शासन अनिवार्य सर्त मानिन्छ । निष्पक्ष, स्वतन्त्र र भयरहित निर्वाचनबिना विधिको शासनको परिकल्पना गर्न सकिँदैन । नेपालको संविधान २०७२ अन्तर्गत २०७४ वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा स्थानीय तहको निर्वाचन र मङ्सिर १० र २१ गरी दुई चरणमा प्रदेशसभा र प्रतिनिधि सभा सदस्य पदको निर्वाचन सम्पन्न भइसकेको छ।

नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत प्रमुख विषय अर्न्तगत कानुन बमोजिम मतदान गर्न पाउने, कानुनले योग्यता पुगेका सबै नागरिकहरू मतदाताको रूपमा दर्ता हुन पाउने, स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, विश्वसनीय, स्वीकार्य, आवधिक निर्वाचन, समान मताधिकार, निष्पक्ष र पारदर्शी मत गणना तथा निर्वाचन परिणाम घोषणा प्रक्रिया निर्वाचनको विश्वव्यापी मान्यताभित्र पर्छन् । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिमार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ । यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता बमोजिम नागरिकले प्रयोग गर्न पाउने व्यवस्था सो घोषणापत्रले गरेको छ। संविधानतः समानुपातिक, समावेशी सहभागितामूलक बहुदलीय लोकतान्त्रिक व्यवस्थाको लागि बालिग मताधिकार र आवधिक निर्वाचनको प्रत्याभूति भएको सन्दर्भमा संविधानको धारा ८४ र धारा १७६ को व्यवस्था बमोजिम नेपाल सरकारले २०७९ मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको घोषणा गरेको थियो ।

सोही अनुरूप मङ्सिर ४ गते प्रतिनिधिसभाका प्रत्यक्ष १६५, समानुपातिकतर्फका ११० र प्रदेशसभाका ३३० जना सदस्यहरूको पदका लागि निर्वाचन भएको छ । निर्वाचन आयोगका अनुसार २०७९ मङ्सिर ३ गतेसम्म १८ वर्ष पूरा भएका महिला ८८४७५७९, पुरुष ९१४०८०६ र अन्य १८५ गरी जम्मा १७९८८५७० मतदाता रहेका छन् ।[1] राष्ट्रिय मानव अधिकार अयोगले संवैधानिक दायित्व बमोजिम आम निर्वाचन २०७९ लाई मानव अधिकारको दृष्टिकोणबाट

1. https://election.gov.np/np/

अनुगमन गर्ने निर्णय गरेको थियो । अनुगमनको लागि आयोगबाट रुजूसूची तयार गरिएको थियो । सो सूचीमा मूलतः निर्वाचन प्रक्रियामा विभिन्न वर्ग/समुदायको समानुपातिक र सहभागिताको अधिकार उपभोगको अवस्था, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी विषय उल्लेख छ। स्वतन्त्रपूर्वक राजनीतिक दलहरूले आफ्ना गतिविधि सञ्चालन गर्न पाउने अधिकार, स्वतन्त्ररूपमा निर्वाचनमा सहभागी हुन पाउने अधिकार, उम्मेदवारी दिन पाउने तथा निर्वाचित हुन पाउने, सूचनाको अधिकार, गोप्य मतदानको अधिकारलाई पनि समावेश गरिएको छ। यसको साथै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, सुत्केरी, गर्भवती, किरियापुत्री, अल्पसङ्ख्यक, दलित लगायत समुदायका मतदानमा पहुँचको अवस्थालाई समेटिएको छ। मतदानमा सहज र सुरक्षितरूपमा भाग लिन पाए वा नपाएको, शिक्षा, स्वास्थ्य तथा अन्य अत्यावश्यक सेवा-सुविधाबाट नागरिकहरू वञ्चित भए वा नभएको विषयलाई पनि उल्लेख गरिएको छ । यस बाहेक निर्वाचनको अवधिमा शान्ति-सुरक्षा, उपयुक्त मतदानस्थल, शौचालय र खानेपानीको अवस्था, मतदाता शिक्षा, राजनीतिक गतिविधिमा बालबालिकाहरूको प्रयोग र निर्वाचन आचारसंहिताको पालना जस्ता सवालहरूलाई पनि रुजुसूचीमा समावेश गरिएको छ। यी समग्र पक्षहरूमा केन्द्रित रही आयोगले तीन चरणमा (मतदानपूर्व, मतदानको दिन र मतदानपश्चात्) निर्वाचनको अनुगमन गरेको थियो ।

## १.२ अनुगमन प्रतिवेदनको उद्देश्य

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को अनुगमन प्रतिवेदनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को मानव अधिकारको दृष्टिकोणबाट गरिएको अनुगमनबाट प्राप्त तथ्यहरूलाई सार्वजनिक गर्नु ।

ख) अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा देखिएका समस्या र चुनौतिका सम्बन्धमा सरोकारवालाहरू समक्ष सुझाव तथा सिफारिस प्रस्तुत गर्नु ।

## १.३ अनुगमन पद्धति र कार्यादेश

अनुगमन प्रतिवेदन नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ बमोजिम प्राप्त कार्यादेशको आधारमा सम्पन्न गरिएको हो ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन,२०७९ को मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गर्दा निम्नानुसारको अनुगमन पद्धति अबलम्बन गरिएको थियो :

(क) प्रारम्भिक सूचना सङ्कलन र निर्वाचन अनुगमन सचिवालय गठन,

(ख) निर्वाचन आयोग तथा सुरक्षा निकायका प्रमुखहरू छलफल र सूचना, सङ्कलन,

(ग) मानव अधिकारका विषयगत अन्य संवैधानिक आयोगहरूसँग अनुगमनमा सहकार्य तथा निर्वाचन आयोगबाट मान्यता प्राप्त निर्वाचन पर्यवेक्षण गर्ने सङ्घसस्थासँग छलफल,

(घ) प्रदेश तथा जिल्ला तहमा मुख्य निर्वाचन अधिकृतको कार्यालयहरू, जिल्ला निर्वाचन अधिकृतको कार्यालयहरू, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयसँग छलफल, र आवश्यक सूचना सङ्कलन,

(ङ) आयोगबाट उच्चस्तरीय र कर्मचारीहरू सम्मिलित अनुगमन टोलीहरूको गठन र स्थलगत परिचालन,

(च) उम्मेदवार र मतदाताहरूसँग छलफल र अन्तक्रिया

(छ) विषयवस्तुसँग सम्बन्धित तथ्य एवं तस्वीर सङ्कलन र

(च) आम सञ्चारका माध्यमहरूबाट सूचना प्राप्ति, तिनको प्रामाणिकता, परिक्षण र प्रयोग ।

## १.४ अनुगमन प्रतिवेदनका सीमाहरू

प्रस्तुत प्रतिवदेन निर्वाचनको सम्पूर्ण प्रक्रियामा नभई निर्वाचन र मानव अधिकारका विषयमा केन्द्रित छ । अनुगमन सम्बन्धी रुजुसूचीका आधारमा प्रतिवेदनले ६६ जिल्लास्थित विभिन्न निर्वाचन क्षेत्रको स्थलगत अनुगमनका आधारमा प्राप्त तथ्यलाई समेटेको छ । यसमा समावेशी र सहभागिताको अवस्था, उम्मेदवारीको अवस्था साथै अधिकारको उपभोगको अवस्था आदि पक्ष समावेश गरिएको छ । यसका साथै निर्वाचन अवधिमा निर्वाचन आयोग, सुरक्षा निकाय, पर्यवेक्षक सङ्घसस्था, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, राजनीतिक दलहरू मतदाताहरूसँग भएका छलफल र सङ्कलन गरिएका तथ्य/प्रमाण आदिका आधारमा प्रतिवेदन तयार गरिएको छ ।

## १.५ प्रतिवेदनको संरचना

यस प्रतिवेदनमा पाँच परिच्छेदहरू रहेका छन् । परिच्छेद एकमा प्रारम्भिक, परिच्छेद दुईमा निर्वाचन र कानुनी पक्षहरू र परिच्छेद तीनमा आयोगबाट सम्पादित गतिविधिहरू समावेश छन् । परिच्छेद चारमा अनुगमनबाट प्राप्त तथ्यहरू र परिच्छेद पाँचमा विश्लेषण, निष्कर्ष, सिफारिस तथा सुझावहरू उल्लेख गरिएको छ । अन्त्यमा प्रतिवेदनसँग सम्बन्धित अनूसूचीहरू समावेश गरिएको छ ।

परिच्छेद-२

# निर्वाचन र मानव अधिकारसम्बन्धी प्रावधानहरू

## २.१ राष्ट्रिय व्यवस्थाहरू

आवधिक निर्वाचनमार्फत आफ्ना प्रतिनिधि छनोट गर्ने र त्यस मार्फत मुलुकको शासनमा सहभागी हुन पाउने आमनागरिकको अधिकारलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूले महत्वका साथ स्विकार गरेका छन् । स्वतन्त्र, निष्पक्ष र धाधँली रहित निर्वाचन लोकतन्त्रको आधारशीला भएको र त्यसमार्फत नै विधिको शासन संस्थागत भई मानव अधिकारको सम्मान र संरक्षण हुन सक्ने कुरामा दुई मत छैन । यसै सन्दर्भमा निर्वाचनसित जोडिएर आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको सामान्य चर्चा देहायअनुसार गरिएको छ :-

**क) नेपालको संविधान**

नेपालको संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा जनताको प्रतिस्पर्धात्मक, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन सम्बन्धमा उल्लेख गरिएको छ । संविधानको भाग ३ मा निहित मौलिक हक अन्तर्गत धारा १७ स्वतन्त्रताको हक सम्बन्धमा उल्लेख छ । जसअन्तर्गत उपधारा २ मा (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) बिना-हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता छ । धारा १८ समानताको हकको उपधारा १,२ र ३, त्यसै गरी धारा ३८ को उपधारा ४ ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको सुनिश्चित गरेको छ । धारा ४० ले दलितको हकमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकसाथै धारा ४२. सामाजिक न्यायको हकलाई सुरक्षित गरेको छ । यसमा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी/जनजाति, मधेशी, थारु, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने उल्लेख छ । संविधानको धारा ८४ मा प्रतिनिधिसभाको र धारा १७६ मा प्रदेशसभाको गठन सम्बन्धी व्यवस्था गरिएको छ ।

**ख) निर्वाचनसँग सम्बन्धित ऐन,**

निर्वाचन सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन,२०७४, प्रदेशसभा सदस्य निर्वाचन ऐन,२०७४, मतदाता नामावली सम्बन्धी ऐन, २०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन,२०७३, राजनीतिक दलसम्बन्धी ऐन,२०७३ (पहिलो संशोधन सहित) रहेका छन् । त्यसै गरी प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली,२०७४, प्रदेशसभा सदस्य निर्वाचन (संशोधन सहित) नियमावली, २०७४, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन निर्देशिका,२०७४, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचारसंहिता-२०७४ रहेका छन् । ।

### २.२.२ अन्तर्राष्ट्रिय व्यवस्थाहरू

**क) मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१**

(१) प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई उसको देशको सरकारी सेवामा समान प्रवेशाधिकारको अधिकार हुनेछ।

(३) जनताको इच्छा सरकारको शासन-सञ्चालनको आधार हुनेछ । जुन इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तबिक निर्वाचन गोप्य मतदानद्वारा अभिव्यक्त गरिनेछ।

**ख) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ (धारा २५)**

प्रत्येक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै भेदभावबिना तथा अनुचित प्रतिबन्धहरूबिना देहायका कुराको अधिकार तथा अवसर हुनेछ :

(क) प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने,

(ख) सर्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको सुनिश्चितता गरिएको वास्तबिक आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने र

(ग) समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने।

**ग) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९(धारा ७)**

पक्षराष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न विशेषतः समान आधारमा पुरुषसरह महिलालाई देहायका अधिकारहरू उपलब्ध गराउन आवश्यक कदम चाल्नेछन् :

(क) सबै निर्वाचन तथा जनमत सङ्ग्रहमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीति-निर्माणमा तथा त्यसको कार्यान्वयनमा सरिक हुने तथा सार्वजनिक पद धारण गर्न सबै सरकारी निकायमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार र

(ग) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संस्था तथा सङ्गठनहरूमा भाग लिन पाउने अधिकार।

**घ) सबै प्रकारका जातीय विभेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ (धारा ५)**

राजनीतिक अधिकारहरू विशेषतः सर्वव्यापी र समान मतदानका आधारमा निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्य सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार।

**ङ) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ (धारा २९)**

राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूत दिनेछन् र देहायका कुराहरू गर्ने कबुल गर्नेछन् :

(क) अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्णरूपमा सहभागी हुन सकेका छन् भनी अरू कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने,

(अ) मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त पहुँचयोग्य, बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने;

(आ) अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्न र कार्य सम्पादन गर्ने पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने र

(इ) अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

## २.३ निर्वाचनसँग सम्बन्धित सर्वोच्च अदालतका नजीरहरू

*डा. चन्द्रकान्त ज्ञवालीसमेत विरूद्ध सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, ने.का.प. २०७४, अंक ७, नि.नं.९८४०*

**प्रकरण नं.** १

आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत सर्त र चरित्र हो । निर्वाचन बिनाको लोकतन्त्र पानी बिनाको माछाजस्तै हो अर्थात् आवधिक निर्वाचन बिना लोकतन्त्रको परिकल्पनासमेत गर्न सकिँदैन । निर्वाचन नागरिक अधिकार तथा मौलिक मानव अधिकारको विषय पनि हो । नेपालको संविधानको प्रस्तावनामा “जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण” गर्ने भन्ने कुरा उल्लेख भएको पाइने ।

लोकतन्त्र भनेको कानुनी शासन र संविधानवादको आधारशीला हो । जसलाई जनताद्वारा छानिएका प्रतिनिधिले शासन गर्ने प्रणालीको रूपमा पनि लिइन्छ । आवधिक निर्वाचनको माध्यमद्वारा जनतालाई शासनमा सहभागी गराइ उनीहरूको सर्वोत्तम हित हुने कार्य गर्दै जनताप्रति उत्तरदायी हुने शासन व्यवस्था नै लोकतान्त्रिक शासन व्यवस्था हो । त्यसैले लोकतान्त्रिक व्यवस्थाको लागि आवधिक निर्वाचन निर्विकल्प सर्तको रूपमा रहेको पाइने ।

आवधिक निर्वाचनको माध्यमद्वारा निर्वाचित प्रतिनिधिहरूबाट नागरिकले शान्ति, विकास, आर्थिक समृद्धि र जीवनस्तरमा सुधार जस्ता जायज अपेक्षाहरू राखेका हुन्छन् । जसलाई निर्वाचित जनप्रतिनिधिहरूमार्फत सम्बोधन हुन्छ भन्ने सम्बन्धमा पूर्ण आश्वस्त बन्नु उनीहरूको वैध अपेक्षा (Legitimate Expectation) नै हो । उनीहरूको त्यो वैध अपेक्षालाई पूरा गर्न तथा नागरिक अधिकारको सुनिश्चितताका लागि आवधिक निर्वाचनमा भाग लिन पाउने गरी संविधानले प्रत्याभूत गरेको आवधिक निर्वाचनको मिति तोक्नु तथा स्वतन्त्र र निष्पक्ष तवरले निर्वाचन सम्पन्न गराउनु राज्यको नागरिकप्रतिको कर्तव्य र दायित्व नै हुने ।

(**प्रकरण नं**. २)

प्रदेशसभा सदस्य निर्वाचन सम्बन्धी विधेयक र प्रतिनिधिसभा सदस्य निर्वाचन सम्बन्धी विधेयक व्यवस्थापिका संसद्मा प्रस्तुत हुने क्रममा रहेको र निर्वाचनको मितिसमेत घोषणा भइसकेको अवस्थामा निर्वाचन आयोगले निर्वाचनको कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्रयाप्त समय प्राप्त गर्ने गरी व्यवस्थापिका संसद्ले आफूलाई कानुन निर्माण गर्ने अधिकारको प्रयोग गर्छ भन्ने विषयमा अदालतले शंका गर्नुपर्ने स्थिति नरहने ।

(**प्रकरण नं**.३)

अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत जसरी बोल्ने अधिकार (Right to speak) हुन्छ चुप लाग्न पाउने अधिकार (Right to silence) पनि त्यसैमा नीहित हुन्छ । ठीक त्यसै प्रकारले मत दिन पाउने अधिकार (Right to Vote) अन्तर्गत मत नदिने वा उम्मेद्वारलाई आफ्नो मत दिन्न भन्ने अधिकार (Right not to vote) पनि पर्दैन भन्न नमिल्ने ।

(**प्रकरण नं**.४)

विद्यमान उम्मेद्वारहरू वा विकल्पहरू अग्राह्य भएमा त्यो नहटाइकन स्विकार गर्न लगाउनुले कमसल विकल्प रोज्न बाध्य गरेको जस्तो हुन्छ । प्रजातन्त्रको आवरणमा 'सबै कमसल मध्ये कम कमसल' रोज्ने प्रणालीको चीरकालसम्म स्थापना गर्न आवश्यक छैन । त्यसैले अनेक व्यावहारिक कठिनाईको अतिरिक्त आफूले हृदयदेखि रोजेको विकल्प खोज्ने र दिइएका विकल्प इन्कार गर्न जनताको अन्तर्नीहित अधिकारको सम्मान गर्नका लागि आवश्यक परेको खण्डमा मतदाताले उम्मेद्वारहरूमध्ये कसैलाई पनि मत दिन्न भनी आफ्नो असहमति प्रकट गर्ने ठाउँ दिनुको औचित्य स्पष्ट रूपमा बुझ्न सकिने ।

(**प्रकरण नं**. ५)

नेपालको संविधानको धारा ८३ मा प्रतिनिधिसभा र राष्ट्रिय सभाका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुनेछ जसलाई सङ्घीय संसद् भनिनेछ भन्ने उल्लेख गरेको छ । यस प्रावधान अनुसार सङ्घीय व्यवस्थापिकाको पूर्णताका लागि राष्ट्रिय सभा हुनुपर्ने अनिवार्यता देखिन्छ । राष्ट्रिय सभाको निर्वाचन सङ्घीय संसद्को पूर्णताको लागि अपरिहार्य रहेको भन्ने संविधानको धारा ८३ को अध्ययनबाट स्पष्ट हुन्छ भने धारा ८६ मा राष्ट्रिय सभाको गठन सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । राष्ट्रिय सभाको निर्वाचन सम्पन्न गर्न राष्ट्रिय सभा सदस्य निर्वाचनसम्बन्धी ऐन निर्माण भई लागू हुनु अपरिहार्य हुने ।

(**प्रकरण नं**. ६)
*विकास लकाई खड्कासमेत विरुद्ध सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ने.का.प. २०७०, अंक १०, निं.नं. ९०६९*

अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत व्यक्तिले आफूलाई लागेको कुरा व्यक्त गर्न पाउनुपर्दछ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्वाध रूपमा उपलब्ध पनि हुनुपर्दछ। आफूलाई मन लागेको कुरा व्यक्त गर्ने कुराअन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ। आफ्नो चयन वा रोजाइ व्यक्त गर्ने कुनै प्रयोजनको लागि कुनै प्रक्रिया गरिन्छ भने सो स्वीकार वा इन्कार गर्ने अधिकार पनि व्यक्तिको हुन्छ। यही विचार अभिव्यक्तिको सार्वभौम मान्यताभित्र प्रजातन्त्रको पनि गुणस्तर र औचित्य अनुप्राणित भइरहेको हुने।

(**प्रकरण नं**.७)

जबसम्म जनताले मतमार्फत आफ्नो इच्छा व्यक्त गर्न पाउने अवस्था सिर्जना हुँदैन तबसम्म मतदान गर्ने अधिकार जनतामा निहित हुनु वा नहुनुले कुनै तात्वीक महत्त्व राख्दैन र निर्वाचनको परिणाममा जनताको इच्छा पूर्णरूपले प्रतिबिम्बित पनि हुँदैन। जनताको मतदान गर्ने अधिकारलाई मूर्त र पूर्णरूप दिनका लागि उनीहरूलाई आफ्नो इच्छा अनुसारको मतदान गर्ने अवसर पनि दिनुपर्दछ। यस अर्थमा Right to Vote अन्तर्गत मतदानको अवसर प्राप्त गर्ने अधिकार(Right to opportunity to Vote)पनि अन्तर्नीहित रहेको मान्नुपर्ने।

(**प्रकरण नं**.८)

प्रजातन्त्रमा कुनै व्यक्तिले कुनै उम्मेद्वारलाई मतदान नगर्नु र कुनै पनि उम्मेद्वार मन नपराएमा मतदान गर्न नै नजानुले ल्याउने निर्वाचनको परिणाममा ठुलो फरक पर्ने हुनाले मतदान गर्दा कायम रहेका उम्मेद्वारहरू कोही पनि स्वीकार्य नदेखिएमा मतदाताले त्यस्तो मत पनि व्यक्त गर्ने ठाउँ दिएर उम्मेद्वारहरूको सर्वोत्तम प्रतिस्पर्धात्मक अवस्था सिर्जना गर्ने र जनताले आत्मनिर्णय गर्ने अधिकार अनुरूप शासनमा सहभागिता जनाउन तथा वाञ्छित नियन्त्रण एवम् निर्देशन गर्ने प्रयोजनको लागि विद्यमान उम्मेद्वारहरूलाई समग्रमा इन्कार गर्नुपर्ने देखेमा सो गर्नसक्ने मत अभिव्यक्त गर्ने ठाउँ दिनु पनि लोकतान्त्रिक निर्वाचनको लागि आवश्यक र उचित देखिने।

(**प्रकरण नं**.९)

कायम भएका उम्मेद्वारहरू प्रति असन्तुष्टि भएमा तिनलाई अस्वीकार गर्ने अधिकार जबसम्म जनतामा हुँदैन तबसम्म सरकारमा जनताको प्रतिनिधित्व भएको मान्न सकिँदैन र यस्तो सरकार साँचो अर्थमा वैधानिक सरकारको रूपमा अस्त्विवान भएको नमानिने।

राजनीतिक दलले उठाएका उम्मेद्वारलाई छनौट गर्न पाउने अधिकार (Right to Select) नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार (Right to Reject) पनि त्यसमा नीहित हुने।

(**प्रकरण नं**.१०)

मतदान गर्न नगएको विषयका सम्बन्धमा नागरिकको गोपनीयताको अधिकार (Right to secrecy) को रक्षार्थ उम्मेद्वारलाई मन नपराएको कारण मतदान गर्न नजाने अवस्था नै सिर्जना हुन नदिनका लागि पनि मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने व्यवस्था गर्नु आवश्यक हुने।

परिच्छेद-तीन

# आयोगद्वारा सम्पादित गतिविधिहरू

### ३.१ निर्वाचन अनुगमन सचिवालय गठन :

आयोगका का.व अध्यक्ष मा.सुर्य ढुङ्गेलको अध्यक्षतामा २०७९ असोज २५ गते बसेको बैठकले निर्वाचन अनुगमन सचिवालयको गठन, मानव अधिकार सम्बन्धी तथ्याङ्क केन्द्र (डाटा हव) स्थापना साथै निर्वाचन अनुगमनमा अन्य विषयगत संवैधानिक आयोगसँग सहकार्य गर्ने, निर्वाचन अनुगमन रुजुसूची र आँचारसंहिता पुनरावलोकन, अनुगमनको लागि प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट सूचना सङ्कलन र प्रमाणीकरणको लागि जिम्मेवारी प्रदान निर्णयहरु भएको।

### ३.२ सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया

(क) आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, स्वतन्त्र, भयरहित तथा मानव अधिकारमैत्री बनाउने सम्बन्धमा प्रमुख निर्वाचन आयुक्तसहित पदाधिकारीसँग २०७९ असोज ३१ गते छलफल।

(ख) निर्वाचनको सन्दर्भमा सुरक्षा निकायहरूको सुरक्षा तयारी तथा चुनौती सम्बन्धमा सुरक्षा निकायका प्रमुख तथा अधिकारीहरूसँग २०७९ कार्तिक ४ गते छलफल।

(ग) निर्वाचन अनुगमनमा सहकार्यका लागि अन्य विषयगत संवैधानिक आयोगका पदाधिकारीसँग २०७९ कार्तिक १६ गते छलफल तथा अन्तर्क्रिया।

(घ) निर्वाचन आयोगबाट मान्यता प्राप्त निर्वाचन पर्यवेक्षण गर्ने सङ्घसस्थाका प्रतिनिधिहरूसँग २०७९ कार्तिक २१ गते छलफल तथा अन्तर्क्रिया।

(ङ) निर्वाचन आयोगका मा.सदस्य डा. जानकी तुलाधरसँग निर्वाचन र मानव अधिकार अनुगमनको सम्बन्धमा आयोगको अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा बिच २०७९ कार्तिक २० गते छलफल।

(च) स्थलगत रूपमा खटिएको टोलीहरूबाट प्रदेश तथा जिल्लाहरूमा सरोकारवाला निकायहरूसँग छलफल अन्तर्क्रिया र सूचना सङ्कलन।

### ३.३ अनुगमन टोली गठन र परिचालन

आयोगबाट प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन,२०७९ को मानव अधिकारका दृष्टिकोणबाट तीन (मतदान-पूर्व, मतदानको दिन र मतदान-पश्चात्) चरणमा अनुगमन गर्न ४२ वटा टोलीबाट ६७ वटा जिल्लाहरूको अनुगमन गरिएको थियो। निर्वाचन अनुगमनको लागि आयोगको केन्द्रीय कार्यालय, प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट टोलीहरू परिचालन भएका थिए। यस पटकको निर्वाचनमा अयोगले मानव अधिकारका विषयगत अन्य संवैधानिक आयोगका पदाधिकारी, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व-पदाधिकारी समेत सँग सहकार्य

गर्दे उच्च-स्तरीय टोलीहरू गठन गरेको थियो । निर्वाचनमा बाल अधिकारको समग्र पक्षको अनुगमनको लागि बालबालिका शान्ति क्षेत्र अभियान नेपाल सँग समन्वय गरी कर्णाली तथा लुम्बिनी प्रदेशमा दुई टोली परिचलान गरिएको थियो । आयोगबाट गठन भई परिचालित उच्च-स्तरीय तथा अन्य टोलीहरू विस्तृत विवरण अनूसूचीमा हेर्न सकिनेछ।

## ३.४ प्रेस–विज्ञप्ति⁄पत्रकार सम्मेलन

- २०७९ असोज १२ गते आयोगबाट आसन्न निर्वाचनमा राजनीतिक दलका घोषणपत्रमा मानव अधिकारका विषय समावेश गर्न आग्रह गर्दे प्रेस विज्ञप्ति जारी ।
- २०७९ असोज ३१ गते निर्वाचन आयोग र राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारी बिच निर्वाचनको सर्न्दभमा भएको छलफलसम्बन्धी प्रेस-नोट जारी ।
- २०७९ कार्तिक ४ गते निर्वाचनमा शान्ति-सुरक्षाको अवस्था सम्बन्धमा सुरक्षा निकायका प्रमुखहरूसँग भएको छलफलको प्रेस-नोट ।
- २०७९ मङ्सिर २ गते मतदानपूर्वको अवस्था र स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन समपन्न गर्न सबैसँग आग्रह गर्दे आयोगबाट प्रेस-विज्ञप्ति जारी ।
- २०७९ मङ्सिर ४ गते प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको आयोगबाट अनुगमन गरिएको विषयमा प्रेस-विज्ञप्ति जारी ।
- २०७९ मङ्सिर ९ गते बाजुरा जिल्लामा प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको क्रममा दुई जनाको मृत्यु भएको घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान सुरु भनी प्रेस-नोट जारी ।

## ३.५ निर्वाचन अनुगमनमा रुजुसूची (check list) र आचारसंहिता

आयोगबाट अन्य विषयगत संवैधानिक आयोगहरू निर्वाचन अनुगमनमा सहकार्य गर्ने नीतिलाई व्यवस्थीत गर्न तथा अनुगमन कार्यमा एकरूपता ल्याउने उद्देश्यका साथ निर्वाचनामा मानव अधिकार अनुगमन सम्बन्धी रुजुसूची तथा अनुगमनमा खटिने व्यक्तिहरूको लागि आचार-संहिताको मस्यौदा निर्माण गरी सो उपर छलफल र कार्यान्वयन गरिएको (दुवै दस्ताबेजको बिस्तृत विवरण अनूसूचीमा समावेश गरिएको छ ) ।

परिच्छेद-४

# अनुगमनबाट प्राप्त तथ्यहरू (विषयगत, प्रदेशगत रूपमा)

## कोशी प्रदेश




### १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान

- सोलु दुधकुण्ड न.पा ११, तिङ्ला, सोलुखुम्बुको श्री सिंहकाली माध्यमिक विद्यालयको मतदान केन्द्रमा ज्येष्ठ नागरिकलाई उनका सहयोगीले मत-सङ्केत गर्ने ठाउमा साथ नलगी आफैं मात्र गएर आफूखुशी मत-सङ्केत गरेको पाइयो ।
- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्विरसहित पुनः नहोदऱ्याऊ (No not Again) को अभियान सञ्चालन भएको देखियो । यस सम्बन्धमा सर्वोच्च अदालतबाट विचार अभिव्यक्तिमा प्रतिबन्ध लगाउन नपाइने भनी आदेश जारी भएको भएको थियो ।
- उदयपुर र सुनसरी जिल्लामा मतदानको दिन अधिकांश मतदान केन्द्रहरूमा ज्येष्ठता र अशक्तताको कारण देखाउँदै ज्येष्ठ नागरिकको मतदान उनीहरूले विश्वास गरेका भनिएका सहयोगीहरूबाट भएको पाइयो ।

- मोरङ निवार्चन क्षेत्र नं २ मा केही मतदाताहरूलाई अन्तर्राष्ट्रिय कलमार्फत उम्मेदवार ऋषि पोखरेललाई यसपालि भोट नहाल्नु भनी फोन मार्फत भनिएको जानकारी उम्मेदवारबाट प्राप्त भएको ।
- मोरङ निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवारहरू भानुभक्त ढकाल, दिलीप कुमार राई र ज्ञानेन्द्र सुवेदीका नाममा झुटा आरोप सहितको पर्चा छरिएको पाइएकोले उच्च निगरानी राख्न निर्वाचन अधिकृतको कार्यालय क्षेत्र नं. ३ ले इलाका प्रहरी कार्यालय बेलबारीलाई पत्र लेखेपछि कुनै घटना नघटेको भन्ने जानकारी पाइयो ।
- मोरङमा मतदान स्थलमा खटिएका करिब ८० प्रतिशत कर्मचारीहरु समानुपातिकतर्फ मत खसाल्नबाट वञ्चित रहेको भन्ने जानकारी पाइयो ।
- कारागार कार्यालय, सोलुखुम्बुमा ९० जना रहेकोमा २५ जना (महिला तीन र पुरुष २२) कैदीवन्दी मतदाता रहेको भने अन्य कैदीबन्दीको मतदाता नामावलीमा विवरण नभएको जानकारी पाइयो । कारागारमा मतदाता शिक्षा नदिएको हुँदा कैदीबन्दीहरू उम्मेदवार, मत दिने व्यवस्था, मतदान प्रक्रिया लगायतको विषयमा अनविज्ञ रहेको पाइयो । कारागार कार्यालय, सोलुखुम्बुमा मतदानस्थल कारागार कार्यालयको भित्री ढोका अगाडि निर्माण गरिएको हुँदा गोपनियताको दृष्टिले उपयुक्त नभएको पाइयो ।
- तेह्रथुम जिल्ला कारागारमा २३७ जना रहेकोमा ३५ जना कैदीवन्दी मतदाता रहेको पाइयो ।
- कारागार कार्यालय, ओखलढुङ्गामा ९६ जना (महिला पाँच र पुरुष ९१ जना) रहेकोमा ४८ जना (महिला सात र पुरुष ४१) कैदीवन्दी मतदाता रहेको, भने अन्य कैदीबन्दीको मतदाता नामावलीमा विवरण नभएको जानकारी पाइयो । मतदान प्रक्रियामा सबै कैदीवन्दी सहभागी गराउने कार्यमा निर्वाचन कार्यालय, प्रशासन कार्यालयले प्रर्याप्त तयारी, व्यवस्थापन तथा सहजीकरण नगरेको पाइयो । कारागारमा मतदाता शिक्षा नदिएको हुँदा कैदीवन्दीहरू मतदान प्रक्रिया लगायतको विषयमा अनविज्ञ रहेको पाइयो ।

## २) शान्तिपूर्ण भेला, सभा–सम्मेलन गर्न पाउने अधिकार

- मिति २०७९/०७/३० गते मंगोल नेशनल अर्गनाइजेशन एशोसिएसनका कार्यकर्ताहरूले पूर्व-प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को चुनावी सभाविरुद्ध दिक्तेल बजारमा बिरोध ऱ्याली आयोजना गर्दा उक्त घटनामा संलग्न १२ जना कार्यकर्ताहरूलाई प्रहरीले नियन्त्रण लिई सोधपुछपछि मिलापत्र गरी रिहा गरिएको भन्ने जानकारी पाइयो ।
- धनकुटा जिल्लामा निर्वाचन बिरोधी क्रियाकलाप गरेको भनी ने.क.पा माओवादी विप्लव समुहको कार्यकर्तालाई पक्राउ गरी सोधपुछ पश्चात् कुनै गतिविधि नगर्ने सर्तमा छोडिएको भन्ने प्रमुख जिल्ला अधिकारीको भनाइ रहेको पाइयो ।
- झापा र मोरङ जिल्लामा उम्मेदवारहरूले आफ्नो चुनाव प्रचार-प्रसारको क्रममा कसैको निजी घर पसल कम्पाउण्ड, पर्खाल, विद्यालय तथा विद्यार्थीहरूको जबरजस्ती प्रयोग गर्ने, कुनै पनि व्यक्तिको घर, पसलमा जबरजस्ती वस्ने, खाने तथा चन्दा माग्ने गरेको पाइएन ।
- मोरङस्थित विराटनगर मनपा वडा नं ५ को आधारभूत विद्यालय कोचाखालमा सात वटा केन्द्र, वडा नं ३ को आधारभूत मावि मतदान स्थलमा मा ११ वटा तथा ऐ को शिक्षा सधन मावि मतदान स्थलमा ११ वटा

मतदान केन्द्र मतदाताको अनुपातमा साँघुरो रहेको र मतदान-पश्चात् बाहिर निस्कने बाटो अपठ्यारो समेत रहेको पाइयो ।

### ३) स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- सोलुखुम्बु जिल्लाको मोलुङ गापा वडा नं. ३ घर वताउने नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य आर्थिक विभाग प्रमुख परिचय दिने रुद्र फुयाँलले मतदान गर्न जाने अवस्था नभएकाले आफ्नो मताधिकार हनन् गरेको जानकारी आयोगको अनुगमन टोलीलाई दिँदा सोबारे प्रमुख जिल्ला अधिकारीसंग सम्पर्क गर्दा निज खोजी सूचीमा रहेको जानकारी प्राप्त भएको, निजले अनुगमन टोली सवार सवारी साधनमा विष्फोटक पदार्थ प्रहार गर्ने धम्की दिएको ।
- प्रदेश नं १ मा स्वतन्त्र र भयरहित निर्वाचन प्रक्रियामा सहभागी हुन पाउने नागरिकको मौलिक हक अधिकार हरूको उपभोगमा अवरोध सिर्जना भए गरेको देखिएन ।
- सोलुखुम्बुमा मतदानस्थलहरुमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, क्रियापुत्री, बिरामी लगायतलाई सहजीकरण गरिएको पाइयो । सवारी पास लिने प्रक्रिया निकै झन्झटिलो भएको जानकारी पाइयो ।

### ४) शान्ति-सुरक्षाको अवस्था

- पाचँथरको सुखवोध माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्र नजिकै बम विष्फोट भएको, मतदान सुरु भएको दुई घण्टापछि केन्द्रबाट ५० मिटर दुरीमा विष्फोट भएको, बमका छर्रा मतदान केन्द्रसम्म आएको तर मानवीय क्षति नभएको पाइयो ।
- सुनसरीको बर्जु गाउँपालिका ५ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रको गेट नजिक विष्फोट भएको र एक जना बालिका घाइते भएको भन्ने विषयमा जानकारी लिँदा सो वस्तु बम नभई पटका रहेको र केही समय मतदान अवरोध भई पुनः मतदान कार्य सुचारु भएको भन्ने पाइयो ।
- मिति २०७९।८।३ गते साँझ झापा जिल्लाको भद्रपुरस्थित वीरेन्द्र मावि, चन्द्रगढीमा रहेको मतदान केन्द्र स्थल परिसरबाहिर दुई वटा बम राखेको र उक्त बम २०७९।८।४ गते बिहान नेपाली सेनाले डिस्पोज गरेको पाइयो ।
- झापा जिल्लाको झापा गाउँपालिकाको कुवाडी भन्ने ठाउँमा मिति २०७९।८।४ गते मतदानस्थल नजिकै बिहान १० बजे बम पड्किएको सम्बन्धमा निर्वाचन अधिकृत र प्रमुख जिल्ला अधिकारीलाई आयोगको टोलीले फोनमार्फत सोधपुछ गर्दा बम पड्केको नभई पटाका पड्काएको र मतदानमा कुनै असर नपरेको भन्ने जानकारी पाइयो ।
- भोजपुर जिल्लाको पौवादुम्मा गाउँपालिका तिवारी भञ्ज्याङमा गठबन्धनको चुनावी सभामा बम विष्फोट हुँदा विष्फोटक पदार्थ बोकेका नेत्र विक्रम चन्द (विप्लव) पक्षका भनिएका एकजना व्यक्ति घाइते भएको र निजलाई उपचार पश्चात् १० दिनको म्याद थप गरी प्रहरी हिरासतमा राखेको पाइयो ।
- २०७९ मङ्सिर ३ गते बिहान ओखलढुङ्गा जिल्लाको मोलुङ गापा वडा नं. ३ र ४ मा जोड्ने कुल खोलाको

पक्की पुलमाथि शङ्कास्पद वस्तुसहित नेकपा (क्रान्तिकारी माओवादी) को चुनाव बहिस्कार सम्बन्धी पोष्टर र पर्चा फेला परेको उक्त शङ्कास्पद वस्तुलाई नेपाली सेनासहितको सुरक्षाकर्मी टोलीले निष्क्रिय पारेको जानकारी पाइयो ।

- सुनसरीको इटहरीमा बम जस्तो वस्तु भेटिएपछि सेनाले डिस्पोज गरेको भने बर्जुमा बम पडकिएको खवरका सम्वन्धमा सुनसरी जिल्लाका प्रहरी उपरिक्षकसँग आयोगको अनुगमन टोलीले बुझ्दा पटका पड्किएको भन्ने जानकारी पाइएको ।
- मङ्सिर ३ गते मोरङ जिल्ला विराटनगर महानगरपालिका वडान ३ पुष्पलाल चोकमा बिहान ८ बजेर ५० मा तथा ऐ महानगरपालिका वडा नं ३ स्थित ढाटमा दिउसो १२ बजे शङ्कास्पद वस्तु राखेको भेटिएपछि नेपाली सेनाले डिस्पोज गर्दा खाली रङको बट्टामा खतरा लेखेको पाइयो ।

## ५) सूचना (मतदाता शिक्षा) को अधिकार

- टेलिफोन, मोबाइल तथा रेडियोमा जिङ्गल बजाउने कार्यबाट केही हदसम्म निर्वाचन सम्बन्धी चेतनामूलक कार्यक्रम प्रवाह भएको पाइयो ।
- गाउँघरका यसपालि भोट धेरैतिर खसाल्नुपर्छ रे, खै कसरी हो ? कोही सिकाउन पनि आएनन भनी मतदाताहरूले गुनासो गरेको पाइयो ।
- मतदाता शिक्षासम्बन्धी कार्यक्रमहरू मतदाताहरूलाई लक्षित गरी प्रभावकारी रूपमा सञ्चालन नगरिएको भन्ने जानकारी पाइयो ।
- खोटाङ जिल्लामा मतदाता शिक्षा दिइएको भए पनि प्रर्याप्त मात्रामा मतदानको प्रक्रियाको बारेमा आम नागरिक सुसूचित नभएको पाइयो ।
- कारागारभित्र रहेका कैदीवन्दीहरूले पनि सीमित रूपमा मात्र मतदाता शिक्षा पाएको जानकारी पाइयो ।
- मतदाता शिक्षाको लागि निर्वाचन आयोगले स्थानीय तह मार्फत खटाउने भनिएका महिला स्वयंसेविकाहरूको तर्फबाट मतदाता शिक्षाको लागि सन्तोषजनक रूपमा कार्य हुन सकेको पाइएन ।
- आयोगले स्थानीय तहको श्रोत परिचालन गर्ने भनी परिपत्र गरे पनि अधिकांश स्थानीय तहमा सो कार्यक्रम सञ्चालन हुन नसकेको पाइयो ।
- भोजपुर जिल्लाको टक्सारमा रहेको यशोधरा माविस्थित मतदानस्थलमा आयोगको अनुगमन टोलीलाई समेत प्रवेश निषेध गरेको र केही समय पश्चात् माथिल्लो अधिकारीसँग समन्वय गरेपछि मात्र अनुगमन गर्न दिएको थियो ।

## ६) समावेशी/सहभागिताको अवस्था

कोशी प्रदेशमा निर्वाचन आयोगका अनुसार प्रदेशसभा उम्मेदवारीमा समावेशिताको अवस्था निम्नबमोजिम रहेको पाइयोः

| कुल उम्मेदवार सङ्ख्या | | आदिवासी / जनजाति | | खसआर्य | | थारु | | दलित | | मधेसी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५१० | | २४३ | | १६८ | | १९ | | १९ | | ४७ | | १४ | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ४५८ | ५२ | २२१ | २२ | १५४ | १४ | १५ | ४ | १५ | ४ | ४२ | ५ | ११ | ३ |
| **प्रतिशतमा** | | | | | | | | | | | | | |
| ८९.८% | १०.२% | ४७.६५% | | ३२.९४% | | ३.७३% | | ३.७३% | | ९.२२ % | | २.७५ % | |

नेपालको संविधानको मर्म भावना र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको पाइएन ।

**कोशी प्रदेशका विभिन्न जिल्लामा उम्मेदवारी र सहभागिताको अवस्था**

- प्रतिनिधिसभा सदस्य निर्वाचनमा उदयपुर जिल्लामा कुल उम्मेदवार २८ र प्रदेशसभाका ३४ मध्ये महिला उम्मेदवार सङ्ख्या दुई जना रहेको पाइयो ।
- उदयपुर जिल्लामा प्रतिनिधिसभामा २८ उम्मेदवार-मध्ये मधेशी सात र प्रदेशसभामा ३४ जनामध्ये ८ जना रहेको पाइयो ।
- प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुनसरी जिल्लामा कुल उम्मेदवार ९४ जना रहेकोमा १३ जनामात्र महिला उम्मेदवार र प्रदेशसभाका १०८ जना उम्मेदवारमध्ये महिला उम्मेदवारको सङ्ख्या २२ जना रहेको पाइयो ।
- सुनसरी जिल्लामा प्रतिनिधिसभामा ९४ उम्मेदवार-मध्ये दलितको उपस्थिति तीन जना र प्रदेशसभामा १०८ जनामध्ये ६ जना रहेको पाइयो ।
- खोटाङ जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारीतर्फ जम्मा ८ जना उम्मेदवार रहेकोमा महिला नभएको), जसमा ७ जना आदिवासी जनजाति र एक जना खसआर्य समुदायको रहेको पाइयो । त्यसै गरी प्रदेशसभा सदस्य निर्वाचनको उम्मेदवारीतर्फ एक जना महिला सहित १४ जना उम्मेदवारहरू भएकोमा ५ जना खसआर्य र ९ जना आदिवासी जनजाति समुदायबाट रहेको पाइयो ।
- भोजपुर जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचनमा १२ जना उम्मेदवार रहेकोमा महिलाको प्रतिनिधित्व पाइएन । जसमध्ये ९ आदिवासी जनजाति र ३ जना खसआर्य समुदायबाट रहेको पाइयो । त्यसै गरी प्रदेशसभा सदस्य निर्वाचनको प्रत्यक्ष उम्मेदवारीतर्फ १३ जना उम्मेदवारहरू रहेकोमा १० जना आदिवासी जनजाति र ३ जना खसआर्य समुदायबाट रहेको पाइयो ।
- भोजपुर जिल्लामा सङ्घ र प्रदेश गरी जम्मा प्रत्यक्ष गरी २५ जना उम्मेदवारहरू रहेकोमा महिला नभएको र आदिवासी जनजाति एवम् खसआर्य समुदायको मात्र प्रतिनिधित्व रहेको पाइयो । दलित, मधेशी, थारु, मुस्लिम र अपाङ्गता भएका व्यक्ति तथा अन्य सिमान्तकृतको समुदायको प्रतिनिधित्व नभएको पाइयो ।

- सोलुखुम्बु जिल्लामा प्रतिनिधिसभामा ८ जना उम्मेद्वारमा महिला एक जनामात्रै रहेको पाइयो ।

- झापा जिल्लाका पाँच निर्वाचन क्षेत्रमा २१ राजनीतिक दल र स्वततन्त्र गरी जम्मा ८९ जना उम्मेदवार रहेकोमा महिला ७ , मधेसी ८, आदिवासी/जनजाति ४१ र मुस्लिम र दलित एक-एक जना उम्मेदवार रहेको पाइयो ।

- झापा जिल्लाको प्रदेशसभाको उम्मेदवारीको अवस्था हेर्दा कुल ९७ उम्मेदवारहरूमध्ये ११ महिला (१८ राजनीतिक दलहरूमध्ये नौबाट मात्र) आठ मधेसी र ४१ आदिवासी/जनजाति, मुस्लिम दुई र दलितबाट एक जना उम्मेदवार रहेको पाइयो ।

- मोरङ जिल्लामा दलगत र स्वतन्त्र गरी प्रदेशसभामा जम्मा ११० जना उम्मेदवारमध्ये पुरुष १०१ जना र महिला ९ जना रहेको पाइयो ।

- मोरङ जिल्लाको छ निर्वाचन क्षेत्रमा दलगत र स्वतन्त्र गरी प्रतिनिधिसभातर्फ जम्मा १०५ जना उम्मेदवार रहेकोमा पुरुष ९४ र र महिला ११ जना रहेको पाइयो ।

- प्रदेशसभातर्फ कोशी प्रदेशमा ६.५१ प्रतिशत महिला र ९३.४९ पुरुष उम्मेदवार विजयी भएको पाइयो ।

७) **विशेष वर्ग वा समूहको अधिकार**(**अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामी र सुत्केरी**)

- मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. १ को पहाडी क्षेत्र सिंहदेवीमा ४ घण्टा सम्म मतदाताले हिडेर भोट खसाल्नुपर्ने भन्ने जानकारी पाइयो ।

- भोजपुर जिल्लामा मतदानको दिन यातायातका साधनहरू सञ्चालनमा रोक लगाएकोमा उम्मेदवारले अनुमति पत्र बोकेको सवारी साधन (गाडी, टेम्पो तथा मोटरसाइकल) मा अशक्त व्यक्ति र निजको साथमा एकजना सहयोगी बोक्न सक्ने व्यवस्था गरेको पाइयो । तथापी भौगोलिक विकटता र दुरीले अशक्त/अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, गर्भवती महिलालाई मतदानस्थलसम्म आईपुग्न समस्या भएको पाइयो ।

- सोलु दुधकुण्ड नपा-११, तिङ्ला, सोलुखुम्बुकै श्री सिंहकाली माध्यमिक विद्यालयको मतदान केन्द्र र ओखलढुङ्गाको मानेभञ्ज्याङ ६, थाक्ले महादेवस्थान माध्यमिक विद्यालयको मतदान केन्द्र पैदल पहुँच मार्ग ह्वील चियरको प्रयोगकर्ताको लागि पुहँचयुक्त नरहेको पाइयो ।

- सवैजसो मतदान केन्द्रहरूमा वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, अशक्त, गर्भवती तथा सुत्केरी महिलालाई प्राथमिकताका साथ मतदानको पहुँच दिइएको पाइयो ।

- मोरङ जिल्लामा रहेका अधिकाश मतदान केन्द्रमा गर्भवती, अपाङ्गता, अशक्त तथा जेष्ठ नागरिकलाई प्राथमिकता दिएको, मतदान केन्द्रमा जेष्ठ नागरिक अशक्त तथा अन्य भनी समावेशी भनेर लाइनको ब्यवस्था मिलाएको र बस्ने व्यवस्थासमेत गरेको थियो ।

- खोटाङ जिल्लाको भौगोलिक अवस्थाको कारण केही मतदान केन्द्रहरू ज्येष्ठ नागरिक र अपाङ्गतामैत्री रहेको पाइएन ।

- खोटाङ्ग जिल्लाको निर्मलीडाँडा वडा नं. ७ लामाखुमा रहेको मनोकामना जनकल्याण माविमा रहेको मतदानस्थल पुग्न ठाडो भऱ्याङ ओर्लनुपर्ने पाइएको हुँदा अपाङ्ग मैत्री नरहेको पाइयो ।

## ८) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

- मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं.२ मा नेपाल रेडक्रसले लुगा लगायत सामानहरू वितरण गरी आँचार-संहिता उल्लङ्घन गरेको हुँदा छानविन गरिपाउँ भनी ने.क.पा एमाले क्षेत्र नं. २ का उम्मेदवार ऋषि पोखरेलले आयोगको अनुगमन टोलीलाई जानकारी गराएकोमा आयोगबाट रेडक्रससँग के-कसो हो भनी बुझ्दा उक्त क्षेत्रमा दुई घरमा आगलागी भएकोले राहतस्वरूप सामग्री बाँडेको हो, निवार्चन आचारसंहिताको उल्लङ्घन गरेको होइन भनी जवाफ पाइयो ।

- भोजपुर जिल्लामा आचारसंहिता उल्लङ्घनका सामान्य प्रकृतिका जम्मा तीन उजुरीहरू परेको भनी प्रमुख जिल्ला अधिकारी र मुख्य निर्वाचन अधिकृतबाट जानकारी पाइयो ।

- खोटाङ्ग जिल्लामा आचारसंहिता उल्लङ्घनका जम्मा दुई वटा उजुरीहरू परेकोमा एउटा विद्युतीय अपराधसँग सम्बन्धित भएकोले निर्वाचन आयोगमा नै पठाएको र अर्को सामान्य प्रकृतिको भएकोले छानबिन गरी आपसी सहमतिमा टुङ्ग्याएको भन्ने प्रमुख जिल्ला अधिकारी र मुख्य निर्वाचन अधिकृतबाट जानकारी पाइयो ।

- सोलुखुम्बु जिल्लामा आचार-संहिता उल्लङ्घनसम्बन्धी तीन वटा लिखित उजुरी मुख्य निर्वाचन अधिकृतको कार्यालयमा दर्ता भएकोमा दुई उजुरी स्थानीय तहका पदाधिकारीहरू (थुलुङ दुधकोशी गापा र माप्य दुधकोशी गापा अध्यक्षहरू) ले चुनावी प्रचार-प्रसार गरेको र एक उजुरी खुम्बु पासाङ ल्हामु गापाका अध्यक्षले आचार-संहिताा लागू भएपछि नयाँ कार्यक्रमको सर्भे गरेको भनी सम्बन्धित व्यक्तिहरूसँग स्पष्टीकरण लिएको पाइयो ।

- धनकुटा जिल्लामा निर्वाचन विरोधी गतिविधि गरेको भनी विप्लवको कार्यकर्तालाई पक्राउ गरी सोधपुछ पश्चात् कुनै गतिविधि नगर्ने सर्तमा छोडिएको भन्ने प्रमुख जिल्ला अधिकारीको भनाइ रहेको पाइयो ।

- ओखलढुङ्गामा नौ वटा लिखित उजुरी दर्ता भएकोमा सबै उजुरीहरू स्थानीय तहका पदाधिकारीहरूले चुनावी प्रचार-प्रसार गरेको विषयसँग सम्बन्धित रहेकोले स्पष्टीकरण सोधिएको जानकारी पाइयो ।

## ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका अन्य सेवाहरूको अवस्था

- धनकुटा जिल्ला प्रशासन कार्यालयले दिने सेवामध्ये मङ्सिर १ र २ गते अत्यावश्यक बाहेकका अन्य सबै सेवा बन्द गरिने जिल्लाभर मङ्सिर १ देखि ५ गतेसम्म मदिराजन्य वस्तुको बिक्रीवितरणमा रोक लगाएको भन्ने प्रमुख जिल्ला अधिकारीको भनाइ रहेको पाइयो ।

- सुनसरी जिल्लाका १६६ मध्ये १५७ वटा र उदयपुर जिल्लाका १०१ मध्ये ९५ वटा मतदान केन्द्रहरू शैक्षिक संस्था (विद्यालय, मदरसा र कलेज) रहेको पाइयो

**मधेश प्रदेश**




## १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान

- रौतहट जिल्लामा ०७९/०८/०४ गते मतदानको दिन बिहानको बाक्लो हुस्सु र शितको कारण कतिपय मतदान स्थलमा मतपत्रहरू भिजेको कारण समयमा मतदान सुरु गर्न कठिनाई भएको ।

- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्विरसहित No not Again को अभियान सञ्चालन भएको देखियो ।

- अनुगमन गरिएका केही मतदान केन्द्रहरूमा निर्वाचन आयोगले तोकिए बमोजिमको प्रक्रियमा निर्वाचन भएको पाइएन । जस्तैः मतदाताले मतपत्रमा छाप लगाउने स्थान गोप्य तथा सुरक्षित नहुँदा आयोगको टोलीले तत्काल सो व्यवस्था मिलाउन गरेको आग्रह कार्यान्वयन भएको थियो । चार वटा मतपेटिकामा खसाउनुपर्दा व्यवस्थानको कमजोरीका कारण मतदाता अलमलमा परेको पाइयो ।

- सप्तरी जिल्ला राजगढ गाउँपालिका वडा नं. ४ बेल्ही चपेनमा धानुक जाति (मण्डल थर) का ३८ सहित ४० घरपरिवारका २०० भन्दा बढी मतदाताहरूले पुस्तौदेखी भोगचलन गर्दै आएको चार फिटको सडक जना जग्गाधनीले कानुन विपरीत जबरजस्ती अवरुद्ध बनाएको घटनाप्रति कुनै पनि राजनैतिक दल तथा नेताले चासो नलिएकोले मतदानमा भाग नलिने भनी लिखित निर्णय गरिसकेको भनी सञ्चार माध्यमबाट जानकारी पाइयो । तत्पश्चात् आयोगको अनुगमन टोलीले स्थलगत अनुगमन गरी पीडित समुदाय तथा सम्बन्धित सबै निकायसँग परामर्श गरेपछि उनीहरू सहमत भई निर्वाचनमा भाग लिएको पाइयो ।

- रामवती जगदेव जनता प्राविधिक नमुना मावि, बगडा लोहारपट्टि मतदान केन्द्रमा निर्माण सामग्रीहरू थुपारिएको पाइयो । ती सामग्री नहटाइ मतदान हुन नसक्ने मतदान अधिकृतको भनाइपछि आयोगका मा.

सदस्यबाट सम्बन्धित निकायमा जानकारी गराएपछि सुरक्षाकर्मी, स्थानीय निकायको सहयोगमा निर्माण सामग्री हटाइएको पाइयो ।

- सिराहमा ११३ कैदीबन्दीले मतदान गरेको पाइयो ।

## २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- सिरहाको कर्जन्हा नगरपालीका वडा नं. ६ स्थित एक मतदान केन्द्रमा मतपेटिका राख्ने विषयमा राजनैतिक दलका प्रतिनिधिहरूबीच विवाद हुँदा सुरक्षाको लागि तीन राउण्ड हवाई फायर भए पश्चात् स्थिति सामान्य भई निर्वाध रूपमा मतदाको कार्य सुचारु भएको पाइयो ।
- राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन पुर्वनै सुरक्षा निकाय र निर्वाचन आयोगको कार्यालयसँग समन्वयात्मक भूमिका निर्वाह गरेका कारण जिल्लामा अति संवेदनशील क्षेत्रहरूमा आयोगको उपस्थितिका लागि अनुरोध भई आएकोमा अनुगमन टोलीहरू सो स्थानमा पुग्दा मतदान प्रक्रियामा सहज भएको जानकारी प्राप्त भएको पाइयो ।
- डर र भयरहित मतदान गर्ने क्रममा मतपेटिका नजिकै हतियारसहित सुरक्षाकर्मीको उपस्थितका कारण सर्वसाधारणमा केही डर उत्पन्न हुने हुँदा सोको विकल्प खोज्नुपर्ने अवस्था रहेको पाइयो ।

## ३) स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- नेपाल भारत खुला सीमानाकामा चेकजाँच र आवतजावतमा कुकुर समेतको प्रयोग गरी कडाइ गरिएता पनि कतिपय छोटी भन्सार नाकाबाट भारतमा खुला र नेपालमा प्रतिबन्धित औषधी लगायतका सामान ओसारपसार हुने गरेको जानकारी पाइयो ।
- समग्रतामा मधेश प्रदेशमा स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकारमा हस्तक्षेप भएको पाइएन ।

## ४) शान्ति–सुरक्षाको अवस्था

- मधेश प्रदेशमा निर्वाचनको अवधि भरि शान्ति-सुरक्षाको अवस्था अत्यधिक राम्रो रहेको तथा कुनै अप्रिय घटना नघटेको अनुगमन टोलीको प्रतिवेदनमा रहेको पाइयो ।
- मधेश प्रदेशको आठ जिल्लाका ३६७ किलोमिटर सीमा भारतसँग जोडिएको र करिब १२ सय मतदानस्थल अतिसंवेदनशील रहेको भनाइ पाइयो ।
- मधेश प्रदेशमा २१५६ मतदान केन्द्रमध्ये १ हजार २ सय २९ केन्द्र अतिसंवेदनशील, ९० संवेदनशील र ४७ सामान्य रहेको तथा १३ .हजार नेपाल प्रहरीसहित ४० हजार सुरक्षाकर्मी परिचालन रहेको मधेश प्रदेश प्रहरी कार्यालयबाट जानकारी पाइयो ।
- सप्तरीको हात्तिगंडा भन्ने स्थान कोशी टप्पु बीचमा रहेकोले मतदान सम्पन्न भएपछि मतपेटिका ढुवानी

गर्न चुनौती रहेकाले हेलिकप्टरको व्यवस्था हुनुपर्ने भनी सम्बन्धित पक्षले आयोगसमक्ष अनुरोध गरेकोमा आयोगबाट तत्काल हेलिकप्टर व्यवस्था गर्न सम्बन्धित पक्षलाई अनुरोध गरिएको थियो ।

- सप्तरी जिल्लामा मौन अवधिको समयमा समेत उम्मेदवार कार्यकर्तासहित घरदैलो गरिरहेको पाइयो ।
- रौटहटको गजुरा न.पा २ र गरुडा न.पा.को कनकपुर माविमा गोली चलेको र गरुडा प्रावि भवन अमरपट्टि मतदान केन्द्रमा दुई राउण्ड गोली चलेको स्थिती नियन्त्रणमा रहि मतदान सुचारु रूपमा भएका जानकारी पाइयो ।
- धनुषाका धनौजी नगरपालिका वडा नं.५ को वासुदेव उच्च मावि बहुअर्वामा मतदान केन्द्रमा मतदान गरी सकेका मतदाता चौरमा बस्दा सङ्ख्या बढदै गएमा कुनै अप्रिय घटना घटन सक्ने भन्दै आयोगको अनुगमन टोलीले त्यसलाई व्यवस्थित गर्ने सुझाव दिएको थियो ।
- सुरक्षाको दृष्टिकोणले संवेदनशील भनी तोकिएका केही मतदान केन्द्रहरूमा सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीलाई मतदान बाहिरी स्थलमा तैनाथ गरिएको पाइयो ।
- पर्सा जिल्लामा भारतबाट नक्कली मतपत्र नेपाल भित्र भित्र्याइएको सम्बन्धमा विभिन्न सञ्चार माध्यममा आएको घटना बारेमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्तासँग सोधपुछ तथा जानकारी लिदा घटनामा संलग्न रहेका व्यक्तिहरूलाई नियन्त्रणमा लिई अनुसन्धान पश्चात् छोडिएको जानकारी पाइयो
- खुला सिमानाका कारण अपराधिक गतिविधिलाई निगरानी गर्नको लागि नेपाल र भारतीय सुरक्षाकर्मी बीच समन्यवय र सहकार्य भए पनि भारतीय नम्बर पम्लेटका सवारी साधनहरू निर्वाचन प्रचार-प्रसारमा प्रयोग भएको पाइयो ।
- जिल्ला निर्वाचन कार्यालय, सप्तरी राजविराजको मुख्य गेट नजिकै निर्वाचन प्रसार-प्रसारका सामग्री देखिएको तथा मौन अवधिमा राजविराजको बजार क्षेत्रमै प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार डा. चन्द्रकान्त राउत घरदैलो गरिरहेको पाइयो ।
- सिरहाको कर्जन्हा नगरपालिका वडा नं. ६ स्थित एक मतदान केन्द्रमा मतपेटिका राख्ने विषयमा राजनैतिक दलका प्रतिनिधिहरूबीच विवाद हुँदा सुरक्षाको लागि तीन राउण्ड हवाई फायर भएपश्चात् स्थिति सामान्य भई निर्वाध रूपमा मतदाको कार्य सुचारु रहेको पाइयो ।
- सर्लाही गोडैटा नपा ६ स्थित गाउँमा मिति २०७९/८/३ गते स्थानयि दुई समूह विच झडप हुँदा ६५ वर्षीय रामकेवल रायको मृत्यु भएको र केही घाइते हुन गएका, घटनाको सम्बन्धमा छानविन भइ विवाद समाधान हुँदा मतदान सुचारु रूपले सञ्चालनमा रहेको पाइयो
- सिराहा सप्तरीमा मंसिर ३ गते गोली चलेको भए पनि मतदानको दिन शान्तिपूर्ण रहेको, कर्जन्हा नपा स्थित वडहरमालको मतदान केन्द्रमा झगडा भै हवाई फायर भए पनि पछि निर्वाचन शान्तिपूर्ण रूपमा सञ्चालन भएको पाइयो ।

- प्रतिनिधिसभाको बाकसमा हाल्नुपर्ने ३९ मत प्रदेशसभाको बाकसमा पर्न गएको भनी विवाद भएकामा तुरुन्त मुचुल्का उठाइ मतदातालाई बोलाएर पुनः मतदान गर्न लगाएको भन्ने जानकारी पपाइयो ।
- सप्तरीको अधिकांश स्थानमा बुथ वरिपरिको प्रचार-प्रसार सामग्री नहटाइएको पाइयो ।

## ५) सूचना (मतदाता शिक्षा) को अधिकार

- मधेश प्रदेशमा निर्वाचन र मानव अधिकारको अवस्थाबारे आयोगबाट पत्रकार सम्मेलन गरी शान्तिपूर्ण मतदान भएको मतदान केन्द्रमा खटिएका अनुगमन टोलीहरूको निष्कर्ष रहेको जानकारी पाइयो ।
- निर्वाचन आयोगले तय गरेको टोल फ्री नं ११०२ को बारेमा सर्वसाधारणलाई यथेष्ट जानकारी नभएको पाइयो । ( स्रोत :आयेगको मधेश प्रदेश कार्यालयको प्रेस-नोट)
- महोत्तरीको बर्दिबास न.पा मा नक्कली मतपत्र फेला परेको यस सम्बन्धमा बुझ्दा मतदाता शिक्षाको लागि प्रयोग गर्ने हेतुले ल्याइएको भन्ने पाइयो ।
- भोट हाल्ने प्रक्रिया तथा चुनाव चिन्हबारे अन्यौल सिर्जना देखिएको, मतदाता शिक्षाका लागि एक वडामा एक स्वयंसेविका (विशेष गरी पार्टीका कार्यकता हुने) खटाएकोले प्रर्याप्त र प्रभावकारी नभएको पाइयो ।
- प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९, मा निर्वाचन आयोगले एक वडामा एक जना स्वयंमसेविकालाई मतदाता शिक्षाको लागि खटाए पनि घरघरमा गएर सिकाउने कार्य नगरेको पाइयो ।
- मतदाता शिक्षाको लागि निर्वाचन आयोगले स्थानीय तहमार्फत खटाउने भनिएका महिला स्वयंसेविकाहरूको तर्फबाट मतदाता शिक्षाको लागि सन्तोषजनक रूपमा कार्य हुन सकेको पाइएन ।
- आयोगले स्थानीय तहको श्रोत परिचालन गर्ने भनी परिपत्र गरे पनि अधिकांश स्थानीय तहमा यस किसिमको श्रोत र कार्यक्रम नहुँदा पनि यस्तो कार्यक्रम सञ्चालन हुन नसकेको पाइयो ।
- बारा पर्सा जिल्लाका ठुला दलहरूले निर्वाचन आयोगले निश्चित खर्च गर्न पाउने सिलिङ तोकिदिएको हुदाँ खर्च कम देखाउन प्रसार सामाग्रीहरू भारतबाट छपाइ गरेर ल्याउने गरेको भन्ने पाइयो ।
- टेलीफोन, मोबाइल तथा रेडियोमा जिङ्गल बजाउने कार्यबाट केही निर्वाचनसम्बन्धी चेतनामूलक कार्यक्रम प्रवाह भएको पाइयो

## ६) समावेशी ⁄ सहभागिताको अवस्था

| कुल उम्मेदवार सङ्ख्या | | आदिवासी ⁄ जनजाति | | | खसआर्य | | थारु | | दलित | | मधेसी | | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १००७ | | ६८ | | | ४७ | | २९ | | ६३ | | ७१३ | | | ८७ | |
| पुरुष | महिला | अन्य | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | अन्य | पुरुष | महिला |
| ९३२ | ७४ | १ | ६२ | ६ | ४१ | ६ | २६ | ३ | ४९ | १४ | ६७२ | ४० | १ | ८२ | ५ |
| **प्रतिशतमा** | | | | | | | | | | | | | | | |
| ९२.५५ % | ७.३५% | ०.१% | ६.७५ % | | ४.६७ % | | २.८८ % | | ६.२६ % | | ७०.८०% | ०.१ % | | ८.६४ % | |

मधेश प्रदेशमा निर्वाचन आयोगका अनुसार प्रदेशसभा उम्मेदवारीमा समावेशिताको अवस्था निम्नबमोजिम रहेको पाइयोः

नेपालको संविधानको मर्म, भावना र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको देखिँदैन ।

- दलित तथा महिलाहरूलाई संविधानले अनिर्वाय निर्धारिण गरेको पदमा बाहेक अन्यमा अत्यन्तै न्यून उम्मेदवारी रहेको पाइयो ।
- मधेश प्रदेशमा मा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा कुल विजयी उम्मेदवार-मध्ये महिला ७.८१% र पुरुष ९२.१९% रहेको पाइयो ।

## ७) विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामीर सुत्केरी)

- सबै मतदान केन्द्रहरूमा महिलाको लागि छुट्टै लाइन एवम् शौचालयको व्यवस्था पनि रहे पनि स्तनपानकक्षको व्यवस्था भएको पाइएन ।
- मतदाताहरूको लागि खानेपानी तथा शौचालयको पर्याप्त व्यवस्थाका साथै प्राथमिक उपचारको प्रर्याप्त व्यवस्था भएको पाइएन ।
- नागरिता नभएका कारण धेरै जसो विशेष गरी महिलाहरू भोट दिनबाट वञ्चित भएको पाइयो ।
- चुनावी प्रसारको लागि गाउँगाउँमा तेश्रो लिङ्गी प्रयोग गरी अश्लिल नृत्य गर्ने गरेको पाइयो ।
- मुस्लिम समुदायमा बुर्का लगाएर मत हाल्न आउँदा Proxy भोट हुने संभावना रहेको पाइयो ।

## ८) प्राप्त उजुरी ⁄ सूचना (निर्वाचनसँग सम्बन्धित)

- सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं. ४ बेल्ही चपेना बस्ने मधेशी समुदायको ४० घरका २०० भन्दा अधिक मतदाताहरू आवतजावत गर्ने सडकमा जग्गाधनीले अवरोध गरेपछि मतदात नगर्ने निर्णय गरेको पाइयो । आयोगले सहजीकरण गरेपछि मतदान प्रक्रियामा सहभागी भएको पाइयो ।

- सिराहको धनगढीमाई नपा क्षेत्रको मतदान केन्द्रमा खटेको एक जना कर्मचारीले राजनैतिक दलको जुलुसमा झण्डा बोकेरै हिँडेको तस्बिर सहितको लिखित उजुरी आएपछि आवश्यक कारबाहीको लागि पठाइएको बाहेक कुनै पनि उजुरी नआएको भनी मुख्य निर्वाचन अधिकृतको कार्यालय, सिरहाबाट जानकारी पाइयो ।

- धनुषा, महोत्तरी, सर्लाही तथा रौतहट जिल्लामा आयोगको टोलीले अनुगमन गर्दा निर्वाचन पर्यवेक्षण गर्ने पर्यवेक्षकहरूको मतदान केन्द्रहरूमा उपस्थिति पाइएन केही जिल्लाका सदरमुकाम र पूर्वपश्चिम राजमार्गसँग जोडिएकामा मतदान केन्द्रहरूमा मात्र केन्द्रित भएको देखियो ।

## ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका अन्य सेवाहरूको अवस्था

- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा तोकिएको र पाँच दिनसम्म विद्यालयहरू बन्द रहेको कारण बालबालिकाहरू तथा अन्य विद्यार्थीहरूको पठनपाठनमा बाधाअवरोध भएको पाइयो ।

- स्वास्थ्य सेवाका कर्मचारीहरू पनि निर्वाचन कार्यमा खटाइएका कारण नागरिकहरूको स्वास्थ्यको सेवा प्राप्त गर्ने अधिकारमा प्रत्यक्ष असर परेको पाइयो ।

- धानबाली काट्ने, सुकाउने, थन्काउने बेलामा निर्वाचन भएकोको किसान परिवार निरुत्साहित देखिएको पाइयो ।

- निर्वाचनको प्रचार-प्रसार सुरु भएकोले बजार मूल्य बढ्ने सङ्केत देखापरेको छ ।

वाग्मती प्रदेश




१) **विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान**

- ललितपुरको जनकल्याण उमावि महाकालचौर, क, ख र ग (३ मतदान केन्द्र) मा सात/आठ जना मतदाताहरू मतदाता परिचयपत्र भए पनि मतदाता नामावलीमा र निर्वाचन आयोगको वेबसाइटमा उनीहरूको नाम नभएपछि मतदान गर्नबाट वञ्चित भएको पाइयो ।
- निर्वाचन आचार-संहिताा विपरित बजार लाइन, गाउँघर र ग्रामीण क्षेत्रका सार्वजनिक चोकहरूमा छिटपुटरूपमा तुल, झण्डाहरू राखिएको पाइयो ।
- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीरसहित No not Again को अभियान सञ्चालन भएको देखियो ।
- ७० जना क्षमता भएको नुवाकोट कारागारमा १६८ जना कैदीवन्दी रहेको र तीमध्ये २४ जनाको मात्र मतदाता नामावली भएकाले मतदान गरेको भन्ने जानकारी मतदान अधिकृतबाट पाइयो ।
- काभ्रे जिल्लामा २५-३० प्रतिशत मतदाताहरूसँग मतदाता परिचयपत्र नरहेका पाइयो ।
- भरतपुर महानगरपालिका स्थित नयाँ किरण कमल कुसुम माध्यमिक विद्यालयका मतदान स्थलमा सात र खैरहनी नगरपालिका रहेको राष्ट्रिय आधारभूत विद्यालय, मगनीका चार वटा मतदान केन्द्र अति नै साँघुरो रहेको पाइयो ।

- ललितपुर जिल्ला क्षेत्र नं १ अन्तर्गत सिद्धश्वर आधारभूत विद्यालय गोदावरी नगरपालिका ३ किटिनी मतदान केन्द्र साँघुरो रहेको र विद्यालयको प्राङ्गण नभएकोले गोपनियता कायम नभएको पाइयो ।

- सिन्धुली जिल्ला सुनकोशी गाउँपालिकाको लिट्टेभञ्ज्याङ र मरिण गापाको साखौरीको मतदानस्थल अति साँगुरो ठाँउ भएको कारण व्यवस्थित नरहेको पाइयो ।

- जिल्ला कारागार चितवनमा ७ सय ५० जना कैदीवन्दीमध्ये १०२ जना कैदीवन्दीको मात्र अस्थायी मतदाता सूचीमा नाम समावेश भएको पाइयो ।

- सिन्धुली जिल्लाको कारागारमा मिति २०७९।७।१९ गतेको तथ्याङ्क अनुसार जम्मा थुनुवा/कैदी सङ्ख्या ७३० रहेको तर थुनुवा/कैदी मतदाता सङ्ख्या ११३ जना पुरुष र महिला नरहेको पाइयो ।

- रामेछाप जिल्लाको कारागारमा २०७९।७।२१ गतेको तथ्याङ्क अनुसार जम्मा कैदी सङ्ख्या ३२७ (महिला १७ र पुरुष ३१०) भएकोमा मतदाता कैदी सङ्ख्या ५८ (महिला २ र पुरुष ५६) जना रहेको पाइयो ।

- मकवानपुर कारागार कार्यालय भिमफेदीमा रहेका ८८९ जना नेपाली कैदीवन्दीहरूमध्ये २८ जनाको मात्र मतदाता नामावलीमा नाम रहेको पाइयो

- रसुवा जिल्ला कारागारमा १४ कैदीवन्दीहरूले समानुपातिकमा मतदान गरेको पाएको पाइयो ।

- चितवनमा निर्वाचनमा खटिएका १५ सय ४४ जना अस्थायी मतदाताको सूची प्रकाशन भएको पाइयो । अस्थायी मतदातामध्ये मतदान केन्द्रमा खटिएका सेना, प्रहरी र मतदानमा खटिएका अन्य कर्मचारीले नाम समावेश गरी मतदान गर्न पाउने व्यवस्था गरिएको भए पनि सोही केन्द्रमा खटिएका शिक्षकहरूले मतदान गर्न नपाउने व्यवस्था रहेको पाइयो ।

### २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- राष्ट्रिय प्रजातन्त्र पार्टी काठमाडौं क्षेत्र नं ५ को कार्यालयमा २०७९ मङ्सिर १ गते राती अज्ञात समूहले तोडफोड गरेकोले स्वतन्त्र र भयरहित अवस्थामा नागरिकलाई निर्वाचनमा सहभागी हुन पाउने अधिकार सुनिश्चितताका लागि आयोगको अनुगमन टोलीलाई लाई आग्रह गरेको थियो ।

- केही छिटफुट घटना बाहेक वाग्मती प्रदेशमा शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार उपभोगमा समस्या भएको पाइएन ।

### ३) स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- नाट्येश्वरी आधारभूत विद्यालयको मतदान केन्द्रसम्म जाने बाटो राम्रो नभएको, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त सुत्केरी तथा बिरामीलाइ मतदान गर्न आउन गाह्रो भएको पाइयो । व्हीलचेयर जानै नसक्ने अवस्था देखियो । विद्यालय १० वर्षदेखि बन्द अवस्थामा रहेको हुँदा शौचालय र खानेपानीको समेत राम्रो व्यवस्था नभएको जानकारी पाइयो ।

- रामेछापमा सवारी पास भएका सवारी साधनबाहेक अन्यमा रोक लगाएको पाइयो । निर्वाचनमा सवारी साधन नचलेका कारण बाटोको सुविधा भएका स्थानमा अशक्त र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई असहज भएको पाइयो ।

- मतदानको दिनमा नुवाकोटको विदुर नपा र रसुवाको उत्तरगया र कालिका गापामा राजमार्गसँग जोडिएका कालिकास्थान लगायतका मतदान स्थलमा अत्यधिक सवारी साधन र मानिसको भीड हुँदा आवागमनमा केही कठिनाइ भएको पाइयो ।

## ४) शान्ति–सुरक्षाको अवस्था

- चितवनमा मिति २०७९ कातिक २७ गते राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रवि लामीछानेको घरदैलो कार्यक्रममा प्रयोग भएको गाडी मुग्लिन नजिकै कुरिनटारमा तोडफोड भएको पाइयो ।

- मकवानपुर प्रतिनिधिसभा सदस्यका उम्मेदवार विरोध खतिवडा माथि २०७९ कातिक २२ गते मनहरी गाउँपालिका ४ मसिनेमा चुनावी सभामा जाने क्रममा हेटौडा उपमहानगरपालिका २ निवासी ५५ वर्षिय पुरुषेत्तम खड्काले हातपात दुर्व्यवहार गरेको पाइयो । निज खडकाले मादक पदार्थ सेवन गरी उम्मेदवार माथी दुर्व्यवहार गरेको प्रहरीले जनाएको तथा खड्कालाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान भइरहेको जानकारी पाइयो ।

- ललितपुर जिल्ला जावलाखेलको स्टाफकलेज नजिकै २०७९ मङ्सिर २ गते लोकतान्त्रिक बाम गठबन्धनकको क्षेत्र नं ३ को सर्म्पक कार्यालय नजिकै निर्वाचन अवज्ञा गरौ भन्ने लेखेर कुकर बम राखेको र उक्त शङ्कास्पद वस्तुलाई नेपाली सेनाको डिस्पोजल टोलीले निष्कृय गराइएको पाइयो ।

- चितवन भरतपुर महानगरपालिका वडा नं. १६ मा मिति गते ग्याँस सिलिण्डरमा आगो लगाइ खेतमा फालिएको अवस्थामा भेट्टिएको र भरतपुर महानगरपालिका वडा नं. १० र १२ मा शङ्कास्पद वस्तु फेला पारी नेपाली सेनाको टोलीले डिस्पोज गरेको भन्ने जानकारी जिल्ला प्रहरी कार्यालय, भरतपुर चितवनका सूचना अधिकारीबाट जानकारी प्राप्त भएको थियो ।

- मिति २०७९/८/४ गते चितवन जिल्लाको निर्वाचन क्षेत्र नं. १ राप्ती नगरपालिका वडा नं. ८ स्थित ब्रहम्स्थानी विद्यालय मतदानस्थलमा विप्लव नेतृत्वको नेकपा कार्यकर्ताहरूले मतपेटीका जलाउने प्रयास गरेको पाइयो । मतदान विथोल्न खोजेपछि तीन राउन्ड गोली चलाइएको साथै उक्त स्थलमा दुई घण्टापछि पुनः मतदान सञ्चालन भएको जानकारी वागमती प्रहरी प्रदेश प्रमुखले दिनुभएको पाइयो ।

## ५) सूचना (मतदाता शिक्षा) को अधिकार

- रसुवा र नुवाकोट जिल्लाका दुर्गम वस्ती र आर्थिक, समाजिक रूपमा कमजोर समुदाय मतदाता शिक्षाबाट वञ्चित रहेको पाइयो ।

- चितवन जिल्लामा स्थानीय तहका शिक्षा शाखासँग समन्वय गरी विद्यालयमार्फत मतदान सचेतना कार्यक्रम सञ्चालनको प्रबन्ध मिलाएको पाइयो ।

- चितवन जिल्लामा मतदाता शिक्षा सञ्चालनका लागि महिला स्वास्थ्य स्वयसेविकामार्फत प्रत्येक वडामा २०७९ कातिक १७ देखि मङ्सिर १ सम्म व्यवस्था मिलाइए पनि सञ्चालनन्यूनतम पारिश्रमिक स्थानीय तहबाटै गरिएको पाइयो ।

- जिल्ला निर्वाचन कार्यालय, दोलखाले मिति २०७९ कार्तिक २५ गते गौरीशंकर बहुमुखी क्याम्पस, चरिकोटमा नमुना मतदान कार्यक्रम सञ्चालन गरेको पाइयो

- महिला स्वास्थ्य स्वयंसेविका मार्फत मतदाता शिक्षा सञ्चालन गर्ने निर्वाचन आयोगको योजना अनुरूप भौगोलिक विकटताका कारण सवै ठाँउमा उक्त कार्यक्रम सञ्चालन भएको पाइएन ।

- सुरक्षाकर्मीले सञ्चारकर्मी, पर्यवेक्षक र अनुगमनकर्तालाई मतदान केन्द्रभित्र क्यामेरा, मोबाइल लैजान नदिएको र सञ्चारकर्मीले फोटो खिच्न नपाएको कारण कतिपय मतदान केन्द्रमा सामान्य विवाद भएको पाइयो ।

- सिन्धुपाल्चोक जिल्लाका सबै स्थानीय तह (पालिका) का १/१ जना प्रतिनिधिलाई निर्वाचन शिक्षा अभिमुखीकरण तालिम सम्पन्न गरेको पाइयो । प्रत्येक पालिकाका वडावडामा स्वास्थ्य स्वयंसेविकामार्फत घरदैलो कार्यक्रम छुटै समुदायस्तरमा मतदाता शिक्षा प्रर्वधन गरेको पाइयो ।

- निर्वाचन आयोगबाट प्रत्यक्ष एवं घरदैलोमार्फत मतदाता शिक्षा दिन स्वास्थ्य स्वयमसेविकालाई तोकिए पनि निजहरूको शौक्षिक योग्यताको सीमा तथा निजहरूलाई प्रदान गरिने सुविधा स्पष्ट नभएको कारण परिचालनमा समस्या आउदा मतदाता शिक्षा प्रभावकारी हुन नसकेको पाइयो ।

- चितवन जिल्लाको क्षेत्र नं. ३ स्थित माडी नगरपालिका वडा न.. १,२,३ मा अनुगमन गर्दा केहीले मात्र मतदाता शिक्षा पाएको भन्ने पाइयो । मतदाता शिक्षाको सम्बन्धमा गृहणी महिलाहरू बिहान बेलुका मात्र घरमा बस्ने दिउँसो खेतमा काम गर्न जाने भएकोले स्वयंसेवीकाहरू घरमा आएता पनि भेट नभएको हुन सक्ने जानकारी पाइयो ।

- काभ्रेपालञ्चोक जिल्लाको भुम्लु गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये ९५.०५ प्रतिशत साक्षर रहेकावडा नं १० स्थित नौले गाउँका अधिकांश महिलाहरूलाई मतदान गर्ने मितिबाहेक निर्वाचनबारे अरू जानकारी नै नरहेको तथ्य सञ्चारमाध्यमको अनुगमनबाटपाइयो ।

- टेलिफोन, मोबाइल तथा रेडियोमा जिङ्गल बजाउने कार्यबाट केही निर्वाचनसम्बन्धी चेतनामूलक कार्यक्रम प्रवाह भएको पाइयो ।

## ६ सहभागिता र समावेशिताको अवस्था

**वाग्मतीमा प्रदेशसभा सदस्य पदमा पहिलो हुने निर्वाचन प्रणालीमा उम्मेवारी र सहभागिताको अवस्था श्रोत निर्वाचन आयोग**

| कुल उम्मेदवार सङ्ख्या | | आदिवासी/ जनजाति | | खसआर्य | | थारु | | दलित | | मधेसी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६६८ | | ३५८ | | २९८ | | ० | | १२ | | ० | | ० | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ५८८ | ८० | ३१७ | ४१ | २६१ | ३७ | ० | ० | १० | २ | ० | ० | ० | ० |
| **प्रतिशतमा** | | | | | | | | | | | | | |
| ८८% | १२% | ५३.५९% | | ४४.६१% | | ० | | १.८०% | | ० | | ० | |

नेपालको संविधान र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐनको मर्म भावना र प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको देखिँदैन ।

**वाग्मती प्रदेशका विभिन्न जिल्लामा उम्मेदवारी र सहभागिताको अवस्था**

- वाग्मती प्रदेशमा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा कुल विजयी उम्मेदवार मध्ये महिला ७.५७% र पुरुष ९२.४२% विजयी रहेको पाइयो

- रसुवा जिल्लामा प्रदेशसभा सदस्य पदमा १५ जनाको उम्मेदवारी रहेकोमा महिला उम्मेदवारी दुई रहेको पनि निर्वाचित हुन नसकेको पाइयो । प्रतिनिधिसभा सदस्य पदमा ९ जनाको उम्मेदवारी परेकोमा ८ पुरुष र एक महिला (११.११ प्रतिशत) रहेको तर चुनाव जित्न नसेको पाइयो । नुवाकोट जिल्लामा जम्मा मतदाताहरूको सङ्ख्या २२११६१ रहेकोमा पुरुष ११३०६६ र महिलाको सङ्ख्या १०८०९२ रहेकोमा महिला ४६.८५ र पुरुष ५३.१५ को प्रतिशत मत खसेको पाइयो । प्रदेशसभा सदस्यमा ३४ जना उम्मेदवारमा महिला तीन (८.८२ प्रतिशत) र प्रतिनिधिसभा उम्मेदवार २७ जनामा छ जना (२२.२२ प्रतिशत) भएको र महिला उम्मेदवार निर्वाचित भएको पाइएन ।

- मतदान-पूर्व अनुगमनका क्रममा अनुगमन टोलीले सर्म्पक गरेका अधिकांश क्षेत्रमा महिला तथा सिमान्तकृत समुदायका व्यक्तिहरूले निर्वाचन प्रक्रियामा समावेशी सहभागिताको हिसाबले महिलाको सहभागिता विगतको तुलनामा कमी भएको र राजनैतिक दलहरूले पुरुषहरूलाई प्राथमिकता दिएको पाइयो ।

- प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनमा राजीतिक दलहरूले दलीय गठबन्धन गरेका कारण समावेशी सहभागिताको आधारमा उम्मेदवार छनौट न्यून रूपमा रहेको पाइयो ।

७) **विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामीर सुत्केरी)**

- नुवाकोटको विदुर नगरपालिकाको त्रिसुली मावि सुलोचना मावि, त्रिभुवन मावि किस्पाङ, कालिकाको स्वास्थ्यचौकी, त्रिसुलीको आधारभूत विद्यालय, नुवाकोटको त्रिभुवन मावि स्थल, रसुवाको गोसाइकुण्डको भन्सार नाकाको मतदानस्थल अत्यन्त साँघुरो रहेको र भीडले गर्दा मतदान गर्न सकस भइरहेको पाइयो ।

- मतदान केन्द्रहरूको पूर्व-तयारी हेर्दा रसुवा र नुवाकोट जिल्लाका अधिकांश धेरै स्थानमा लैङ्गिकमैत्री र जेष्ठ नागरिक/अपाङ्गमैत्री नरहेको पाइयो ।

**निर्वाचन अनुगमनको क्रममा पाइएका अपाङ्गमैत्री नरहेका मतदानस्थलहरू**

- श्री जनकल्याण माध्यमिक विद्यालय, नमोबुद्ध मतदानस्थल, काभ्रेपलाञ्चोक,
- श्री सञ्जिवनी नमुना माध्यमिक विद्यालय धुलिखेलमा रहेको मतदानस्थल, काभ्रेपलाञ्चोक,
- श्री अम्बिका बाल विकास आधारभूत विद्यालय, पनौती नगरपालिका वडा नं. ४ शङ्खेल, टौखाल मतदानस्थल, काभ्रेपलाञ्चोक,
- मेलम्ची नगरपालिकाको वडा नं. १० मा रहेको शितलादेवी माध्यमिक विद्यालयमा रहेको मतदानस्थल, सिन्धुपाल्चोक,

- हेलम्बु गाउँपालिकामा रहेको मानेभञ्ज्याङ मतदानस्थल, तालामाराङ, सिन्धुपाल्चोक मतदानस्थल अपाङ्गमैत्री नभएका कारण मतदानस्थलमा पुग्न अपाङ्ग, अशक्त र गर्भवती महिलालाई अप्ठ्यारो रहेको भने मतपेटीका समेत अग्लो स्थानमा हुँदा अपाङ्गता भएकाले सहज रूपमा मतदान गर्न नपाएको पाइयो ।

- स्थानीय क्षेत्रमा अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको नाममा प्रायः युवाहरूले पछि मतदान गर्ने परिपाटीमा सचेतनामार्फत सुधार गर्न प्रयत्न गरिएको जानकारी पाइयो ।

- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला, सुत्केरी, दृष्टिविहीनहरूलाई मतदान गर्नको लागि विशेष व्यवस्था गरिएको पाइयो ।

- चितवन जिल्लामा वृद्धाश्रममा रहेका व्यक्तिहरूको मतदाता नामावली सङ्कलन गर्न मानव सेवा आश्रम लगायतका केन्द्रहरूमा गए पनि सामग्रीहरूको अभावमा नामावली सङ्कलन हुन नसकेको जानकारी पाइयो

- मकवानपुर जिल्लामा जनता माध्यमिक विद्यालयको फापरबारी र वनदेवी निमावि तल्लो भवानी र ६ नं. वडा कार्यालय मतदान स्थलका दुई/दुई मतदान केन्द्र अपाङ्गमैत्री नभएको पाइयो ।

## ८) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

➢ धादिङमा जिल्लामा निर्वाचन आचार-संहिताा उल्लङ्घन गरेको विषयमा ८ वटा उजुरी दर्ता भएकोमा प्रमाणको अभावमा थप कारबाही गरिरहन नपर्ने भनी मुख्य निर्वाचन अधिकृतबाट जानकारी पाइयो ।

- आचारसंहिता उल्लङ्घन भएको भनी सिन्धुली र रामेछाप जिल्लामा क्रमशः चार र तीन वटा उजुरी परेकोमा स्पष्टीकरण सोधिएको जानकारी पाइयो ।

- भक्तपुर सार्वजनिक स्थलमा राजनीतिक दलको झण्डा राखेको भनी क्षेत्र नं. २ मा नेपाली काङ्ग्रेसका उम्मेदवार दुर्लभ थापा उपर आचार-संहिता उल्लङ्घन भएको भनी उजुरी दर्ता भएको जानकारी पाइयो ।

- निर्वाचन आचारसंहिता लागू भइसकेपश्चात् वाग्मती प्रदेश सरकारले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गरेको विषयमा निर्वाचन आयोगल २०७९ कातिक २२ मा मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे र प्रमुख सचिव मुकुन्द प्रसाद निरौलालाइ २४ घण्टे स्पष्टिकरण पेस गर्न निर्देश दिएको जानकारी पाइयो ।

## ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्यलगायतका अन्य सेवाहरूको अवस्था

- चितवन जिल्ला भरतपुर महानगरपालिकाको नयाँ किरण कमल कुसुम मावि भोजाड मतदान स्थलमा सात वटा मतदान केन्द राख्न उपयुक्त भएको पाइएन

- राप्ती नगरपालिका वडा नं. ८ भण्डारा अस्पतालमा मतदानस्थल उपयुक्त स्थान रहेको पाइएन । अस्पताल परिशरमा मतदान केन्द्र नराख्न निर्वाचन कार्यालयलाई लिखित पत्राचार गरिए पनि कार्यान्वयन गर्न नसकिएको जानकारी मतदान अधिकृत कुलदीप न्यौपानेबाट पाइयो ।

- करिब ९८ प्रतिशत मतदान केन्द्रहरू विद्यालयमा र केही स्वास्थ्य चौंकिहरूमा रहेको पाइयो ।

- ललितपुर जिल्लाको` क्षेत्र नं १ अन्तर्गत गोदावरी नगरपालिका वडा न. १ दमाईटारस्थित गोदावरीमा रहेको स्वास्थ्य चौकीलाई समेत मतदान केन्द्र बनाउदा सेवाग्राहीहरू स्वास्थ्य सेवा लिनबाट वञ्चित भएको पाइयो ।

- निर्वाचनको समयमा स्थानीय निकायहरूले स्वास्थ्यकर्मीहरूलाई निर्वाचनमा खटाउदा स्वास्थ्य चौकीहरू बन्द हुनुको साथै सेवा प्रभावित भएको पाइयो ।

- नुवाकोटको लिखु, शिवपुरी, पञ्चकन्या, गोसाईकुण्डमा समेत स्वास्थ्य चौकीहरूका बर्थिंग सेन्टरमा कार्यालय समयमा ताला लागेको पाइयो ।

- औसतमा प्रायः मतदान स्थलमा खानेपानी वा शौचालयको तथा प्राथमिक उपचारको प्रयाप्त व्यवस्था नभएको पाइयो ।

- तामाकोशी गाउँपालिका वडा नं. ३, जफेमा मतदान केन्द्र जफे स्वास्थ्य चौकीमा राखेको पाइयो ।

## गण्डकी प्रदेश



### १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदानको अधिकार

- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीर सहित No not Again को अभियान सञ्चालन भएको देखियो। जस्मा सर्वोच्च अदालतबाट विचार अभिव्यक्तिमा प्रतिबन्ध लगाउन नपाइने भनी आदेश जारी भएको पाइयो।

- गण्डकी प्रदेशमा समाजिक सञ्जालमा चुनावी प्रचार-प्रसारका गतिविधिहरू एक अर्कालाई हानी हुने खालको रहेको, फेक आइडीबाट समाजिक सञ्जालको दुरुपयोग भएको भन्ने जानकारी पाइयो।

- जिल्ला समन्वय समिति गोरखाका १७५ कर्मचारीको नाम समानुपातिक मतदानको लागि दर्ता भएकोमा ६२ जनाले मात्रै मत हालेका पाएको पाइयो।

- कास्की १३ नं वडा महेन्द्रपुलमा १४ मतदातालाई समानुपातिक तर्फको मतपत्र फरक परेकोले विषयमा विवाद भई सर्वदलीय बैठक बसी पुनः मतदान सुचारु गरिएको पाइयो।

- स्याङ्जाको चापाकोट २ नं क्षेत्रको गल्याङ नपाको मनोहरी खर्कस्थल, चापाकोट नपाको आँधीघाटस्थल र कालिगण्डकी गा.पा ३ स्थित अमरदीप विद्यालयमा रहेको मतदान स्थलका केन्द्रमा विवाद भई सर्वदलीय वैठक बसी पुनः मतदान सुचारु भएको पाइयो।

- मतदानको दिन चापकोट नपा ३ स्थित दिसिङकोट आधारभूत विद्यालय कमेरे, चापाकोट नपा ४ स्थित राममन्दिर मावि दार्सिङ नरसेवा, वडा नं. ५ स्थित जनसक्रिय आधारभूत विद्यालय, चितिपोखरी र सोही

ठाउँको दिनदयालु आधारभूत विद्यालय, साठीमुरेमा बुथ कब्जा गरी मतदान गरिएको भनी उम्मेदवारबाट निर्वाचन अधिकृतलाई दिउँसो करिव ४:०० बजे फोन मार्फत जानकारी गराइएको पाइयो । सो विषयमा तहाँ रहेका मतदान अधिकृत र सुरक्षाकर्मीसँग बुझ्दा अवस्था सामान्य छ, मतदान जारी रहेको र मतदान केन्द्रमा केही विवाद उत्पन्न भएमा मतदान अधिकृत नै जिम्मेवार र अधिकार सम्पन्न रहेको हुँदा निर्वाचन अधिकृतको कार्यालयबाट थप निर्देशन नदिइएको भन्ने निर्वाचन अधिकृतको भनाई रहेको पाइयो ।

## २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- गोरखा २ मा २७ गते साँझ एमाले उम्मेदवार अब्दुस मियाँको निर्वाचन प्रचार टोलीका सदस्य हरि काफ्लेमाथि आक्रमण भएको भनिएकोमा आयोगबाट जिल्ला प्रहरी कार्यालयमा बुझ्दा उनीहरू साँझ खानेबस्ने गरेको र एउटै समूहको रहेको भनाइ पाइयो ।

## ३) स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- कास्की पोखरा २४ को महेन्द्र माविमा रहेको मतदान केन्द्रमा व्यक्तिगत सवारी साधन निर्वाध मतदाताहरू ओसार-पसारको लागि प्रयोग गरिएको पाइयो ।

- गोरखा जिल्ला पालुङटार नगरपालिका **वडा न ४ का** वडाध्यक्ष मानबहादुर पौडेलले सरकारी मोटर साइकलको प्रयोग गरी मतदाता ओसारेको पाइयो ।

## ४) शान्ति-सुरक्षाको अवस्था

- वाग्लुङ जिल्लाको विभिन्न स्थानबाट निर्वाचन विरोधी गतिविधि सञ्चालन गरेको आरोपमा २०७९ कार्तिक २९ गते नेकपा मशालका १३ जना कार्यकर्तालाई जिल्ला प्रहरी कार्यालय बागलुङले पक्राउ गरी सोही दिन साँझ आफन्तको जिम्मामा तारेखमा छाडेको पाइयो ।

- कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ को तारेवराह आधारभूत विद्यालय लुम्रे मतदानस्थलमा स्थानीय सूर्य परियारले मतदान गरिसकेपछि करिब ११:०० बजेको समयमा मतपेटिका फुटाएकोले मतदान रोकिएको र केही बेरमा नै मतदान पुनः सुरु भएको । निज नेकपा बहुमतका कार्यकर्ता रहेको बुझिएको हुँदा प्रहरीले नियन्त्रणमा लिएको पाइयो ।

- कास्कीमा निर्वाचन आचारसंहिता विपरित राष्ट्रिय स्वतन्त्र पार्टीले मोटरसाइकल र्‍याली निकालेको पाइयो । त्यसै गरी नेकपा एमाले र गठबन्धन दलका उम्मेदवारले सवारी साधनहरूमा ब्यानर, फ्लेक्स बोर्ड, चर्को साउन्ड सिष्टम सहित घरदैलो कार्यक्रम गरिरहेको पाइयो ।

- पालङटार नगरपालिकामा नेकपा माओवादी पार्टीका उम्मेदवारहरूको पोस्टर सार्वजनिक स्थलमा टाँसेको पाइयो

## ५) सूचना (मतदाता शिक्षा) को अधिकार

- मतदाता शिक्षाको लागि गाउँपालिकाबाट एक वडाको लगि एक जना स्वास्थ्य स्यवमसेवीका खटिएको र निजहरूले घरदैलो, स्थानीय आमा समूह, टोल समूह लगायतको सहयोगबाट समूहगत भेला गराइ मतदाता शिक्षा दिएको भए पनि मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।
- टेलिफोन, मोबाइल तथा रेडियोमा जिङ्गल बजाउने जस्ता कार्यबाट केही हदसम्म निर्वाचनसम्बन्धी चेतनामूलक कार्यक्रम प्रवाह भएको पाइयो ।
- प्रभावकारी मतदाता शिक्षा नहुँदा धेरै मतहरू बदर हुन पुगेको पाइयो ।

## ६) समावेशी/सहभागिताको अवस्था

**गण्डकी प्रदेशमा पहिलो हुने निर्वाचन प्रणालीअन्तर्गत प्रदेशसभा उम्मेवारीको अवस्था श्रोत निर्वाचन आयोग**

| कुल उम्मेदवार सङ्ख्या | | आदिवासी/जनजाति | | खसआर्य | | थारु | | दलित | | मधेसी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३५ | | १०० | | ११५ | | १ | | १४ | | ० | | ५ | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| २०६ | २९ | ८३ | १७ | १०५ | १० | १ | ० | १३ | १ | ० | ० | ४ | १ |
| प्रतिशतमा | | | | | | | | | | | | | |
| ८७.६६% | १२.३४% | ४२.५५% | | ४८.९४% | | ०.४३% | | ५.९६% | | | | २.१३% | |

नेपालको संविधानको मर्म भावना र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ का प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको देखिँदैन ।

- ➢ प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेद्वारी दिएका गण्डकी प्रदेशका १९६ जना उम्मेद्वारमध्ये २३ महिला र १७३ जना पुरुष रहेका छन् । यसै गरी प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेद्वारी दिएका २३५ मध्ये २९ जना महिला र २०६ जना पुरुष छन् । .
- ➢ कास्कीमा १८ जना महिला र ६६ जना पुरुष तथा स्याङ्जामा आठ जना महिला र ४१ जना पुरुषले प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यमा उम्मेदेवारी दिएको पाइयो ।
- ➢ गोरखा, लमजुङ र तनहुँ महिला मतदाता ५१.१४ प्रतिशत रहेको निर्वाचनमा २०.१३ प्रतिशत महिला सुरक्षाकर्मी परिचालन गरिएको पाइयो ।
- ➢ दलहरूले आ-उम्मेदवार चयन गर्दा समावेशिताको मर्मभन्दा पनि हारजीतको सम्भावनालाई विश्लेषण पाइयो ।

➢ गण्डकी प्रदेशमा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा कुल विजयी उम्मेदवार-मध्ये महिला २.७७% र पुरुष ९७.२२% विजयी रहेको पाइयो ।

## ७) विशेष वर्ग वा समूहको अधिकार(अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामी र सुत्केरी)

- राजनीतिमा महिलाको सहभागिता कम भइरहेको अवस्थामा दलहरूबीचको गठबन्धनले थप असर गरेको पाइयो । गोरखा नगरपालिकाको श्री चन्द्र ज्योती आधारभूत विद्यालयमा रहेको मतदानस्थलमा वर्ष ८६ का भ्फयप्रसाद पोखरेललाई वडाध्यक्षले सरकारी मोटर साइकल प्रयोग गरी मतदान स्थलमा ल्याएपछि निजको भोट कसले हाल्ने भन्ने विषयमा विवाद हुँदा एकाघरका छोरीले मतदान गरेपछि विवाद समाधान भएको पाइयो ।

- पर्वतको नारायण मावि र युवा वर्ष आधारभूत विद्यालय गोदाममा रहेका मतदान केन्द्र साँघुरो हुँदा व्यवस्थापन र मतदाता (खास गरी अपाङ्गता भएका व्यक्ति, गर्भवती, असक्त र ज्येष्ठ नागरिक) लाई आवतजावतमा समस्या भएको पाइयो ।

- पर्वत जिल्लाको हिमालय मावि खुर्कोट बगैंचामा मतदान गर्न सक्षम व्यक्तिहरूको नाउँमा प्रतिनिधि बनेर मतदान गरेको पाइयो ।

- पोखरामा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिले विभेदकारी कानुनी व्यवस्थाका कारण मताधिकार र उम्मेदवारबाट वञ्चित भएको भन्दै अन्य व्यक्तिसरह मत दिने वातावरणका लागि प्रदेश निर्वाचन कार्यालयको ध्यानाकर्षण गराइएको पाइयो ।

- गुल्मी जिल्ला मदाने गाउँपालिका वडा नं.२ भेडिखोरस्थित बालविकास आधारभूत विद्यालय भेडिखोरमा रहेको मतदानस्थल अपाङ्गमैत्री नरहेको, मूल ढोका प्रवेश गरी मतदानस्थल सम्म जानका लागि पक्की सिँढी चढेर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो ।

## ८) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

- कास्कीमा १५ वटा साइबर कानुन जोडिएका विषयसँग सम्बन्धत उजुरी परेको जानकारी पाइयो ।

- निर्वाचन आचारसंहिताको सम्बन्धमा तनहुँमा दुई,स्याङ्जामा तीन र कास्कीमा १० ओटा उजुरी परेको त्यसमा कारबाही चलिरहेको (अधिकांश निवेदन साइबर अपराधसँग सम्बन्धित) रहेको जानकारी मुख्य निर्वाचन अधिकृतहरूबाट पाइयो ।

- गोरखा जिल्लामा आचार-संहिताा उल्लङ्घनको विषयमा परेका तीन वटा उजुरीहरू मध्ये दुईको समाधान भइसकेको र एकमा थप अुनसन्धान भइरहेको जानकारी निर्वाचन अधिकृतबाट पाइयो ।

- लमजुङका पाँच जना शिक्षले आचार-संहिताको उल्लङ्घन गर्दै सामाजिक सञ्जालमा राजनीतिक दल तथा उम्मेदवारहरूको पोष्ट मन पराएको, प्रतिक्रिया व्यक्त गरेको भनी उजुरी परेकोमा अब उप्रान्त यस्ता कार्य नगर्ने भनी स्पष्टीकरण दिएपछि सो विषय समाधान भएको पाइयो ।

- तनहु जिल्लामा आचारसंहिता उल्लङ्घनको विषयमा दुई उजुरीहरू परेकोमा समाधान भइसकेको जानकारी निर्वाचन अधिकृतहरूबाट पाइयो ।

- मुख्य निर्वाचन अधिकृतको कार्यालय बागलुङका अनुसार क्षेत्र नं. २ मा आचारसंहिता पालना नगरेको भनी छ, क्षेत्र नं. १ मा तीन र पर्वत जिल्लामा एक उजुरी परेको पाइयो ।

- नेपाली काङ्ग्रेसबाट मनाङका प्रतिनिधिसभा सदस्य उम्मेदवारको विषयमा "हेलिकप्टरमा दलबल सहित गएका टेकबहादुर गुरुङले मतदातालाई धम्क्याएपछि स्थानीयद्वारा प्रतिकार" भन्ने समाचार प्रकाशन भएपछि निर्वाचन आयोगले २४ घण्टे स्पष्टीकरण सोधेको पाइयो ।

- नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार हरिकृष्ण श्रेष्ठ र प्रदेशसभा सदस्य यामबहादुर गर्बुजाले चामल बाँडेको र युवा क्लबलाई चन्दा दिएर निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी परेको उजुरीमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, म्याग्दीले सोमबार २४ घण्टे स्पष्टीकरण सोधेको पाइयो

- पर्वतको कुश्मा नपा वडा नं. ९ का वडाध्यक्ष राम शर्मा लामिछाने, जलजला गापा प्रमुख राजु आचार्य, प्रतिनिधिसभाका उम्मेदवार अर्जुनप्रसाद जोशी र राष्ट्रिय भूमि आयोग पर्वतका अध्यक्ष उदय सुवेदीलाई आचारसंहिता उल्लङ्घन गरेको विषयमा आयोगद्वारा स्पष्टीकरण सोधिएको पाइयो ।

### ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका अन्य सेवाहरूको अवस्था

- स्याङ्जा जिल्लाको निर्वाचन क्षेत्र नं. २ को मतपेटिकाहरू वालिङ नगर कार्यपालिकाको कार्यालयमा राखिएको र बुथ कब्जा भएको भनी विरोध प्रर्दशन हुँदा सर्वसाधारण नागरिकहरू पालिकाबाट प्रवाह हुने सेवा लिनबाट वञ्चित हुन पुगेको साथै कर्मचारीहरू बचत तथा ऋण सहकारी संस्थामा हाजिर रजिष्टर राखी हाजिर गरेर फर्कने गरेको पाइयो ।

- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा तोकिएकाले पाँच दिनसम्म विद्यार्थीहरूको पठनपाठनमा बाधा अवरोध भएको पाइयो ।

- स्वास्थ्य सेवाका कर्मचारीहरू पनि निर्वाचन कार्यमा खटाइएका कारण नागरिकहरूको स्वास्थ्यको अधिकारमा प्रत्यक्ष असर परेको पाइयो ।

## लुम्बिनी प्रदेश




### १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान

- मतदान गर्ने दिनमा बाँके र बर्दिया जिल्लामा मतदानस्थलहरूमा मतदाताहरू कम सङ्ख्यामा उपस्थित भएको साथै उत्साहपूर्ण माहौल भएको पाइएन ।
- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीरसहित No not Again को अभियान सञ्चालन भएको पाइयो ।
- दल वा उम्मेदवारबाट कुनै प्रकारको डर, धाक, धम्की दिने तथा धर्म भकाउने जस्ता कार्य नभए पनि मौन स्थिर अवधिमा प्युठानमा राष्ट्रिय जनमोर्चा र नेकपा एमालेका कार्यकर्ताहरूबाट झिम्रुक गाउँपालिकाका विभिन्न वडा र प्युठान नगरपालिका वडा नं. १० पातिहाल्ना क्षेत्रमा मतदातालाई प्रलोभनमा पार्ने प्रयास गरेको भन्ने जानकारी पाइयो ।

### २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- दाङको घोराही नगरापालिकाका प्रमुख नरुलाल चौधरीले मौन अवधिमा प्रयोग गरेको रा १ भ १४५ नम्बरको गााडी स्थानीयले टायरको हावा खुस्काइ दिएपश्चात् स्थानीय प्रशासनले नियन्त्रणमा लिएको भन्ने सञ्चार माध्यममा प्रकाशित भएको पाइयो ।

### ३) स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- गुल्मी जिल्लाको इश्मा गापा वडा नं. २ पालुखा माध्यमिक विद्यालय, पालुखामा रहेको मतदानस्थल खोला पारी रहेको र खोलामा पुल नहुँदा विशेषतः अपागङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अशक्त, बिरामी, गर्भवती महिला बढी प्रभावित भएको पाइयो ।

- रोल्पा जिल्लाको रुन्टिगढी गापा वडा नं. ८ मतदाताहरूले करिब ५ घण्टा, थवाङको सिउटी, सेरम लगायतका स्थानबाट तीन घण्टा र प्युठान जिल्लाको ऐरावती, नौबहिनी, स्वर्गद्वारी र गौमुखी गापाका कतिपय केन्द्रहरूमा तीन घण्टासम्मको पैदल यात्रा गरी मतदान गर्नुर्पे अवस्था रहेको पाइयो ।

## ४) शान्ति–सुरक्षाको अवस्था

- बाँके जिल्ला नेपालगञ्ज उप महानगरपालिका १० स्थित भृकुटीनगरका श्रीकला मल्लको घरमा विप्लव माओवादीका कार्यकर्ता डेरा गरी बसेको कोठामा बम बनाउने क्रममा विस्फोटन भई घाइते भएका दुई जनाको नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार भइरहेको र घटनामा संलग्नलाई नियन्त्रणमा लिएको पाइयो ।

- बर्दिया जिल्लाको गुलरिया नपा खैरापुरस्थित ने.रा.शम्भुशरण माविमा मतदान भइरहेको अवस्थामा पर्खाल बाहिर बम बिस्फोटन भएको र दुई घण्टापछि पुनः मतदान कार्य सुचारु भएको पाइयो ।

- गुल्मी जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ कालीगण्डकी गापा वडा नं. २ भगवती माध्यमिक विद्यालयमा रहेका दुई वटा मतदान केन्द्रमध्ये (क) मा मतदान रद्द गरिएको पाइयो ।

- समानुपातिक मतदाता सूचीमा सुचीकृत कर्मचारीले मतदान गर्दा मतपत्र फरक मतपेटिकामा खसाएको विषयमा दलीय सहमति नहुँदा सो मतदान केन्द्रको मतदान कार्य रद्द गर्नुपरेको मतदान अधिकृत होमनाथ पौडेलको भनाइ थियो ।

| **कुल उम्मेदवार सङ्ख्या** | | **आदिवासी/जनजाति** | | **खसआर्य** | | **थारु** | | **दलित** | | **मधेसी** | | **मुस्लिम** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४९५ | | ९९ | | १८५ | | ३६ | | २२ | | ११४ | | ३९ | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ४६६ | २९ | ९० | ९ | १७७ | ८ | ३१ | ५ | २० | २ | १०९ | ५ | ३९ | ० |
| **प्रतिशतमा** | | | | | | | | | | | | | |
| ९४.१४% | ५.८६% | २० % | | ३७.३७ % | | ७.२७ % | | ४.४४ % | | २३.०३ % | | ७.८८ % | |

- प्युठान जिल्लाको नौबहिनी गापाको वडा नं. ३ स्थित बराह मावि झिम्पको

- मतपेटिका फुटेको र ऐ. वडा नं. २ स्थित ज्ञानोदय आ.वि.डाँडाकटेरीको एउटा मतपेटिकाको सिल टुटेको अवस्थामा भेटिएको पाइयो ।

- नेकपा (माओवादी केन्द्र) का कार्यकर्ताहरू आशिष घर्ति, कुशल घर्ति, सागर घर्ति, अशोक घर्ति र निशान घर्तिले रोल्पा नपा वडा नं. ९ स्थित ह्वामामा नेकपा एमालेका कार्यकर्ताहरू इविराम वि.क. र दिपक वि.क. माथि हातपात गरेको लिखित जानकारी प्राप्त हुन आएको थियो ।

- प्युठान जिल्ला प्रहरी कार्यालयले मङ्सिर ३ गते राति दुई जनालाई नियन्त्रणमा लिई केही घण्टापछि रिहा गरेको पाइयो ।

## ५) सूचना(मतदाता शिक्षा) को अधिकार

- लुम्बिनी प्रदेशमा मतदाता शिक्षा प्रभावकारी रूपमा नभएको पाईयो ।
- मतदाता शिक्षामा खटिएका स्वयंसेविकाहरू पार्टीका कार्यकर्ता भएको साथै सबै टोल र घरमा मतदाता शिक्षा पुग्न नसकेको पाइयो ।
- पालिकाहरूमा रहेका स्वास्थ्य चौकी अन्तर्गतका महिला स्वास्थ्य स्वयम सेविकाहरू मध्ये एक जनालाई अन्तिम समयमा तोकिएको हुँदा प्रभावकारी हुन नसकेको भनाइ पाइयो ।

## ६) समावेशी/सहभागिताको अवस्था

- लुम्बिनी प्रदेश प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ जम्मा उम्मेदवार ४९५ रहेकोमा पुरुष ४६६ (९४.१४ प्रतिशत) र महिला २९ (महिला ५.८६ प्रतिशत) थिए ।
- समावेशी हिसाबले हेर्दा आदिवासी/जनजाति थारु ७.२७ दलित ४.४४ प्रतिशत र मुस्लिम ७.८८ प्रतिशत रहेको पाइयो । सङ्ख्यात्मक हिसाबमा आदिवासी/जनजाति ९९, खसआर्य १८५ जना, थारु ३६ जना, दलित २२ जना, मधेशी ११४ जना, मुस्लिम ३९ जना रहेको पाइयो ।
- अर्घाखाँची जिल्लामा प्रतिनिधिसभाको निर्वाचनमा भाग लिएका ११ राजनीतिक दलबाट एक महिला, खसआर्य ५५.४५, आदिवासी/जनजाति ३६.६६ र मुस्लिम ९.०९ प्रतिशत उम्मेदवार रहेको पाइयो ।
- लुम्विनी प्रदेशको दाङ जिल्लामा प्रतिनिधि सभाको लागि तीन निर्वाचन क्षेत्र रहेकोमा स्वतन्त्र सहित ४२ जना प्रतिनिधि सभाको र ४५ जना प्रदेशसभाको उम्मेदवार भएको पाइयो । निर्वाचन क्षेत्र नं १ मा विभिन्न दलहरूबाट जम्मा १२ जना उम्मेदवारहरूमा सात पुरुष, पाँच महिला रहेको तर मुस्लिम र दलित समुदायबाट कुनै उम्मेदवार रहेको पाइएन । निर्वाचन क्षेत्र नं २ मा विभिन्न दलहरूबाट जम्मा १५ जना उम्मेदवारहरू रहेकोमा १३ पुरुष, २ महिला रहेको तर मधेशी, मुस्लिम र दलित समुदायबाट कुनै उम्मेदवार रहेको पाइएन । निर्वाचन क्षेत्र नं ३ मा विभिन्न दलहरूबाट जम्मा १६ जना उम्मेदवारहरू रहेकोमा १५ पुरुष, एक महिला रहेको तर मधेशी र मुस्लिम समुदायबाट कुनै उम्मेदवार नरहेको पाइयो ।
- रोल्पा जिल्लामा प्रतिनिधि सभा सदस्यको लागि पाँचमध्ये एक जनामात्र महिला रप्रदेश सभाका नौ मध्ये महिला उम्मेदवार रहेको पाइएन ।
- लुम्बिनी प्रदेशमा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा कुल विजयी उम्मेदवार-मध्ये महिला १.९२% र पुरुष ९८.०७% विजयी भएको पाइयो ।

## ७) विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामी र सुत्केरी)

- गुल्मी जिल्ला मदाने गाउँपालिका वडा नं. २ भेडीखोरस्थित बालविकास आधारभूत विद्यालयमा रहेको साथै मतदानस्थलसम्म जानका लागि पक्की सिँढी चढेर जानुपर्ने अवस्था रहेको पाइयो ।

## ८) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

- जनता समाजवादी पार्टीको तर्फबाट बाँके क्षे नं.२ का उम्मेदवार मोहम्मद इस्तियाक राईलाई डडुवा गापा अध्यक्ष नरेन्द्र चौधरीको विरुद्धमा अपमानजनक अभिव्यक्ति दिएको उजुरीका आधारमा निर्वाचन आयोगले स्पष्टीकरण सोधेको पाइयो ।
- नेपालगञ्ज उपमहानपा वडा नं. २० वडाअध्यक्ष कौशल धोबीले मतदातालाई चामल बाँडेको उजुरीको विषयमा निर्वाचन आयोगले स्पष्टीकरण सोधेको पाइयो ।
- कुनै उम्मेदवार/दलका प्रतिनिधि वा कार्यकर्ताहरूले निर्वाचन प्रचार-प्रसारको लागि जबरजस्ती चन्दा माग्ने कार्य गरेको पाइएन । तर रोल्पा जिल्लाबाट प्रदेश सभाका उम्मेदवार जोखबहादुर महराबाट भने सार्वजनिक रूपमा आर्थिक सहयोगको लागि अनुरोध भएको भन्ने बुझिन आएको थियो ।

## ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका अन्य सेवाहरूको अवस्था

- निर्वाचन आयोगबाट प्राप्त सामाग्रीहरू कम गुणस्तरीय, बजेट समेत अप्रयाप्त सहायक स्तरको जनशक्तिको कमी रहेको प्रमुख निर्वाचन अधिकृतहरूको भनाइ रहेको पाइयो ।
- कपिलवस्तु जिल्लाको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र १ बाणगङ्गा नगरपालिका बुड्डी स्वास्थ्य चौकीका सि.अ.हे.ब. बोमलाल भण्डारी तथा निर्वाचन क्षेत्र नम्बर ३ कृष्णनगर नगरपालिका क्षेत्र अन्तर्गतका श्री भलवारी स्वास्थ्य चौकीका प्रमुखसँग आयोगको टोलीले छलफल गर्दा वर्थिङ सेन्टर बाहेकका अन्य स्वास्थ्य चौकीहरू २०७९ कार्तिक ३० गतेबाट बन्द भएको जानकारी पाइयो ।
- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा तोकिएको र ५ दिनसम्म विद्यालयहरू बन्द रहेको कारण विद्यार्थीहरूको पठनपाठनमा वाधाअवरोध भएको पाइयो ।

## कर्णाली प्रदेश




### १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान

- सुर्खेत जिल्लाको विरेन्द्र नगरपालिकामा बाम गठबन्धनको आमसभामा विपक्षी दलका नेताहरूलाई होच्याउने प्रकृतिको भाषण गरेको पाइयो ।
- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीर सहित No not Again को अभियान सञ्चालन भएको देखियो । जस्मा सर्वोच्च अदालतबाट विचार अभिव्यक्तिमा प्रतिबन्ध लगाउन नपाइने भनी आदेश जारी भएको पाइयो ।
- मतदानको दिन जेष्ठ नागरिक तथा अशक्त नागरिकहरूले मतदान केन्द्रहरूमा स्वतन्त्र रूपले मतदान गर्न नपाएका । ज्येष्ठता र अशक्तताको कारण देखाउँदै उनिहरूको सट्टामा विश्वास गरेका भनिएका सहयोगी परिवारका व्यक्तिहरूले आफूले चाहेको स्थानमा मतदान गरेको पाइयो ।
- सुर्खेतमा राजनीतिक दलका एजेण्टहरूको सहमतिमा जुनैसुकै व्यक्तिलाई पनि वारेस दिन लगाएको अनुगमनबाट पाइयो ।
- जिल्ला कारागार कार्यालय जुम्लामा १०९ जना कैदीवन्दीहरू मध्ये १८ जनाले मात्र समानुपातिक तर्फ मतदान गर्न पाएका थिए । निर्वाचन आयोगको कमजोरीले मतदाता नामावली अद्यावधिक नभएको, मतदान गर्न नपाएको गुनासो अनुगमन टोलीलाई आएपछि उक्त मतदान केन्द्रमा स्थलगत अनुगमन गर्दा आयोगको टोली पुगेपश्चात् मात्र दिनको ११:०० बजे मतदान कार्य सुरु भएको पाइयो ।

- हुम्ला कारागारमा रहेका २० मध्ये १५ जना कैदीवन्दीलाई हतकडी सहित मतदानमा सहभागीता गराएको विषयमा कारागार व्यवस्था विभाग तथा गृह मन्त्रालयका प्रवक्तासँग जानकारी लिँदा हुम्ला जिल्लामा कारागार नरहेको र प्रहरी हिरासतमा कैदीवन्दी राख्नुपर्ने हुँदा सुरक्षाको कारण मतदानस्थल सम्म हतकडीमा लगाइ लग्नुपर्ने बाध्यताका कारण त्यसो हुन गएको भन्ने भनाइ रहेको पाइयो ।

## २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- पश्चिम रुकुम जिल्लाका चौरजहारी नगरपालिका र जाजरकोट जिल्लाको भेरी नगरपालिका, नलगाड नगरपालिकाका निजी घर, पसल, कम्पाउण्ड, पर्खाल, सार्वजनिक धारा, विद्यालयका भित्ताहरूमा निर्वाचनमा भाग लिएका उम्मेदवार तथा दलहरूले आफ्नो प्रचार सामाग्री पम्पलेट टाँस्नुका साथै झण्डासमेत राखेको पाइयो । निर्वाचनको स्थिर अवधि, मतदानका दिन र मतदान-पूर्व समेत सामाग्री यथावतै रहेको पाइयो ।

## ३) शान्ति-सुरक्षाको अवस्था

- पश्चिम रुकुम जिल्ला, आठविसकोट नपा-११ को नेपाल राष्ट्रिय मावि गत्सैनामा रहेको मतदानस्थलमा नेकपा माओवादी विप्लव समूहका भनिने एक जना व्यक्तिबाट मतदान गर्ने क्रममा मतपेटिकामा लात्तीले हानी तोडफोड गर्ने प्रयास गर्दा तत्काल निजलाई नियन्त्रणमा लिएको र एक घण्टा मतदान प्रक्रिया रोकेर मुचुल्का उठाएपछि पुनः मतदान सुरु भएको पाइयो ।

- पश्चिम रुकुम जिल्ला आठविसकोट नपा ५ र १३ मा समेत माओवादी विप्लवका कार्यकर्ताले मतदान गर्ने क्रममा मतपेटिका तोडफोड गर्ने प्रयास गरेतापनि सुरक्षा नियन्त्रणमा लिई मतदान सुचारु भएको पाइयो ।

- सुर्खेत जिल्लाको सिम्ता गाउपालिका वडा नं. ६ स्थित सिम्ता बहुमुखी क्याम्पस मतदान स्थलको (ख) मतदान केन्दमा प्रदेशसभाको प्रत्यक्षतर्फको मतपत्रको सट्टा प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १०० थान मतपत्र पर्न गएको कारण विवाद भई सो दिनको मतदान कार्य नै स्थगित भएको पाइयो ।

- मुगु जिल्लाको कर्णाली मावि टोप्ला मतदान केन्द्रमा भएको झडपका कारण नेकपा समाजवादीका कार्यकर्ता ऐनबहादुर बम, नेकपा एमालेका कार्यकर्ता बिष्णबहादुर मल्ल, रतनबहादुर शाही र सविना मल्लसमेत ४ जना घाईत भएकोमा रतनबहादुर शाही, ऐनबहादुर बम र सविना मल्ललाई उपचारका लागि हेलिकप्टार मार्फत सुर्खेत लगिएको भने विष्णबहादुर मल्ल समान्य घाइते भएका कारण घर फर्किएको पाइयो ।

## ४) सूचना(मतदाता शिक्षा) को अधिकार

- मतदाता शिक्षा निर्वाचन आयोगले सामाजिक सञ्जाल र मोवाईल तथा टेलिफोन सेवामार्फत समेत प्रचार-प्रसार गरेको भए पनि स्थानीय स्तरमा मतदाताहरूमा मतदाता शिक्षाको अभाव रहेको पाइयो ।

- पश्चिम रुकुम जिल्ला र जाजरकोट जिल्ला लगायत कर्णाली प्रदेशमा नेपाल टेलिकमको मोबाइल टोन सन्देश "बालबालिका प्रयोग नगरौं" भन्ने सन्देशमूलक प्रचार प्रभावकारी भएको पाइयो ।

- कर्णाली प्रदेशमा मुख्य निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारीबाट मतदाता शिक्षा सम्भव भएसम्म दिइएको भन्ने भनाइ रहेको तर टोलटोलमा मतदाता शिक्षा प्रदान गरिएको पाइएन ।

- मतगणना स्थलको सुरक्षा व्यवस्थापन प्रर्याप्त रहेको भए पनि जुम्ला जिल्लामा सञ्चारकर्मीहरूलाई मत गणनास्थलमा जान नदिएको, गणनासम्बन्धी सूचना दिन ढिलाई भएको भनी पत्रकारहरूबाट ज्ञापनपत्र तथा नाराबाजी गरे पश्चात् गणनास्थलमा जान र दुईदुई घण्टामा सूचना उपलब्ध गराइएको पाइयो ।

- मुगु र कालिकोटमा सहजरूपमा जान दिएको जानकारी प्राप्त भएको पाइयो

## ६) समावेशी/सहभागिताको अवस्था

कर्णाली प्रदेशमा निर्वाचन आयोगका अनुसार प्रदेशसभा उम्मेदवारीमा समावेशिताको अवस्था निम्नबमोजिम रहेको छः

| कुल उम्मेदवार सङ्ख्या | | आदिवासी/जनजाति | | खसआर्य | | थारु | | दलित | | मधेसी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११६ | | १४ | | ९७ | | ० | | ५ | | ० | | ० | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ११३ | ३ | १३ | १ | ९५ | २ | ० | ० | ५ | ० | | ० | ० | ० |
| **प्रतिशतमा** | | | | | | | | | | | | | |
| ९७.४१% | २.५९% | १२.०७% | | ८३.६२% | | ० | | ४.३१% | | ० | | ० | |

नेपालको संविधान र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐनको मर्म भावना र प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको देखिँदैन ।

- प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य, २०७९ को लागि सुर्खेत, रुकुम पश्चिम तथा जाजरकोट जिल्लाका २९ जना उम्मेदवार मध्ये तीन जनामात्र महिला उम्मेदवार भएको पाइयो भने प्रदेश सभाका ४२ जना उम्मेदवार मध्ये दुई जना महिला उम्मेदवारको सङ्ख्या रहेको पाइयो । २९ जना उम्मेदवार मध्ये प्रतिनिधिसभा निर्वाचनमा आदिवासी/जनजातिको सङ्ख्या तीन र प्रदेशसभाका ४२ जना उम्मेदवारमध्ये **तीन** जना रहेको पाइयो ।

- मुगु,जुम्ला र कालिकोट जिल्लामा राजनीतिक दलहरूले कानुनमा अनिवार्य व्यवस्था भए बमोजिम समावेशिताको आधारमा उम्मेदवार नामाङ्कंनलाई प्राथमिकता दिएको पाइएन ।

- जुम्ला जिल्लामा प्रतिनिधि सभाका उम्मेदवारहरू मध्ये गठबन्धनका साझा उम्मेदवार नेकपा माओवादी केन्द्रबाट गोमा गौतम कुवँर बाहेक सबै पुरुष रहेको पाइयो ।

- मुगु र कालिकोट जिल्लामा पनि प्रतिनिधिसभा तर्फ पुरुष रहेको पाइयो । साथै प्रदेश सभामा तीन वटै जिल्लामा उम्मेदवार रहेको सबै पुरुष र खसआर्यबाट मात्र रहेको हुँदा महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व शून्य रहेको पाइयो ।

- मुगु तथा जुम्ला जिल्लाका प्रतिनिधि सभाका पाँच/पाँच जना र कालिकोट जिल्लाका सात जना समेत गरी जम्मा १७ जना उम्मेदवारहरूमध्ये सबै उम्मेदवार खस आर्यबाट रहेको पाइयो। मुगु,कालिकोट र जुम्ला गरी तीन जिल्लाका प्रदेश कतर्फका जम्मा १२ जना उम्मेदवार र प्रदेशसभा (ख) तर्फ १४ जना उम्मेदवारहरू सबै खसआर्यबाट उम्म्मेदवार रहेको भए पनि अन्य सूचीबाट उम्मेदवारको समावेशिता शून्य रहेको पाइयो।

- जुम्ला ,कालिकोट र मुगु जिल्लामा क्रमस ६५ प्रतिशत, ५७.४३ प्रतिशत र ७४.४९ प्रतिशत मत खसेकोमा जुम्ला जिल्लामा २३१०२ महिला र २१९९७ जना पुरुषले मतदान गरेको विवरणका आधारमा पुरुष मतदाताभन्दा बढी महिला मतदाताले मतदान गरेको पाइयो।

- कर्णाली प्रदेशमा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा कुल विजयी उम्मेदवार-मध्ये शतप्रतिशत पुरुषमात्र विजयी भएको पाइयो।

## ७) **विशेष वर्ग वा समूहको अधिकार** (**अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामीर सुत्केरी**)

- कर्णली प्रदेशका अधिकांश मतदान केन्द्रमा मतदानको दिन अधिकांश ज्येष्ठ नागरिकहरूले मतदान केन्द्रहरूमा स्वतन्त्र रूपले मतदान गर्न नपाएको, ज्येष्ठता र अशक्तताको कारण देखाउँदै उनीहरूको सट्टामो विश्वास गरेका भनिएका सहयोगी व्यक्तिहरूले चाहेको स्थानमा मतदान गरेका पाइयो।

- सबै मतदान केन्द्रहरूमा महिलाको लागि छुट्टै लाइनको व्यवस्था गरिएको थियो भने अधिकांश मतदान केन्द्रहरूमा शौचालयको व्यवस्था पनि रहेको थियो तर स्तनपान कक्षको व्यवस्था भएको पाइएन।

- जाजरकोट जिल्ला, भेरी न.पा वडा नं १ को वागेश्वरी आ.वि.मा मतदान केन्द्रमा ज्येष्ठ नागरिक, बच्चा बोकेका महिला, गर्भवती र अभिभावकसँग आएका बालबालिकाहरू यातायातको असुविधाले तीनचार घण्टा पैदल हिँड्नुपर्ने गुनासो गरेका पाइयो। उनीहरूलाई मतदानस्थलमा ल्याउने काममा राजनैतिक दलका कार्यकर्ताले गरेका र फर्काउने व्यवस्था नगरेका कारण अलपत्र परेको भन्ने गुनासो रहेको पाइयो।

- जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं. ८ स्थित श्री ज्ञानकुञ्ज गाविस बुरुङे र ऐ ऐ वडा नं. ४ खलङ्गास्थित कस्तुरी सहकारी मावि मतदानस्थल अति साँगुरो रहेको। बाटोबाट ५/७ मिनेट ओरालो हिँडेर पुग्नुपर्ने। ह्वील चेयर वा अन्य कुनै सवारी साधन जान सक्ने सम्भावना नरहेको पाइयो।

- कालिकोट जिल्लाको खाडाचक्र नगरपालिका अन्तर्गत श्री जनजीवन मावि ताडी, श्री कालीका मावि सिमकोट पिली, कालिका मावि राचुलीको मतदान केन्द्रका ग्राउण्ड फराकिलो रहे पनि अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक ,गर्भवतीहरूलाई मतदान स्थलसम्म जानका लागि सहज पहुचँ नरहेको, ओरालो भाग सहितको भौगोलिक बिकटता रहेको, खानेपानीको धारो रहेको भए पनि ट्वाइलेटको समस्या रहेको पाइयो।

## ८) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

- जुम्ला जिल्लाको तातोपानी गाउँपालिकाको वडा नं ८ स्थित कालिका मावि टोप्लामा राप्रपाको प्रतिनिधिलाई मतदान केन्द्रमा एजेण्टको रूपमा नेकपा एमालेका नेता सुरत शाहीले बस्न नदिएको गुनासो राप्रपाका उम्मेदवार ज्ञानेन्द्र शाहीले आयोगको अनुगमन टोलीलाई गराउनुभएको अनुगमन टोलीले सहायक प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, मतदान अधिकृत तथा सुरक्षाकर्मीसँग समन्वय गरी एजेण्ट बस्ने वाताबरण बनेको थियो ।

- नेपाल पत्रकार महासङ्घ शाखा जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले आयोगको अनुगमन टोलीलाई जिल्ला कारागार कार्यालय जुम्लाका कैदीवन्दीहरूले मतदान गर्न नपाएको भनी बिहान करिब १०:१२ मिनेटमा जानकारी गराएकोमा आयोगको अनुगमन टोली तत्काल अस्थायी मतदान केन्द्र राखिएको जिल्ला कारागार कार्यालय जुम्लामा पुगी बुझ्दा बिहान ११ :०० बजेसम्म निर्वाचन सुरु नभएको पाइयो । १०९ जना कैदीबन्दी रहेको जुम्ला कारागारका कैदीवन्दीको नामावली जिल्ला निर्वाचन कार्यालयमा पठाउदा सबै कैदीबन्दीको नामावली अद्यावधि हुन नसकेको, १०९ जना कैदीहरू मध्ये १४ जना कैदीहरूको मात्र अन्तिम नामावली आएको पाइयो । अन्तिम नामावली भएका कैदीबन्दीहरूले बिहान ११:०८ मिनेटमा आयोगको अनुगमन टोलीको उपस्थितिमा मतदान सुरु भएको थियो ।

- जुम्ला जिल्लाको चन्दननाथ मावि. खलंगा र तातोपानी गाउँपालिकाको दुर्गा मावि. मतदान केन्द्रमा प्रत्यक्ष तर्फ दिएको मतपत्रलाई समानुपातिक मत पेटिकामा खसालेको र कर्मचारीहरूले नसिकाएको भनी चन्दनाथ नगरपालिका बोहोरागाउँ घर भएका किशोर न्यौपानेले आयोगको टोलीलाई गुनासो गरेपश्चात अनुगमन टोली सम्बन्धित मतदान केन्द्रको अनुगमन गरी मतदान अधिकृतसँग छलफल गरी अवस्थामा सुधार भएको थियो ।

## ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका अन्य सेवाहरूको अवस्था

- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा तोकिएको र पाँच दिनसम्म विद्यालयहरू बन्द रहेको कारण बालबालिकाहरू तथा अन्य विद्यार्थीहरूको पठनपाठनमा वाधाअवरोध भएको पाइयो ।

- स्वास्थ्य सेवाका कर्मचारीहरू पनि निर्वाचन कार्यमा खटाइएका कारण नागरिकहरूको स्वास्थ्यको अधिकारमा प्रत्यक्ष असर परेको पाइएको ।

## सुदुरपश्चिम प्रदेश




### १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान

- बाजुरा जिल्ला बुढीगंगा नपा वडा नं. ९ स्थित त्रिशक्ती मा.वि. मतदान स्थलमा एमाले समर्थक राजनीतिक दलले बुथ कब्जा गरी एकतर्फी रूपमा मतदान गरेको पाइयो ।
- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीरसहित No not Again को अभियान सञ्चालन भएको देखियो । जस्मा सर्वोच्च अदालतबाट विचार अभिव्यक्तिमा प्रतिबन्ध लगाउन नपाइने भनी आदेश जारी भएको पाइयो
- बाजुराको बुढीगंगा नपा वडा नं. ९ स्थित त्रीशक्ती मा. वि. मतदान स्थलमा एमाले समर्थक राजनीतिक दलका कार्यकर्ताबाट अपमानजनक व्यवहार गरेको पाइयो । ती स्थानमा नेकपा एमाले कार्यकर्ताबाट नेपाली कांङ्ग्रेसका मतदान प्रतिनिधि लाई कुटपिट गर्ने सम्मका कार्य भएको पाइयो ।
- कैलालीको दक्षिणीपूर्व भजनी, जोशीपुर, लालबोझी, वसन्ता जानकी गाउँपालिका लगायतको ग्राणिम स्थानहरूका बजार लाइन र सार्वजनिक चोकहरूमा दलहरूबाट तुल, ब्यानर, झण्डाहरू राखिएको पाइयो ।

### २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- दलका उम्मेदवारहरूले निर्वाचनको समयावधिमा स्वतन्त्र र निर्भिकताका साथ प्रचार-प्रसार गर्न पाए-नपाएको सवालमा जिल्लाका प्रमुख दलका चार जना उम्मेदवारहरूलाई फोनमार्फत सम्पर्क गरी प्रश्न गर्दा ती उम्मेदवार हरूले स्वतन्त्र र भयरहित तवरले निर्वाचनको प्रचार-प्रसार गरी भोट मागिएको भनी जवाफ आयोगको टोलीलाई प्राप्त भएको तर एक जना उम्मेदवार गौरीकुमारी वलीका अनुसार डोटी जिल्लाको शिखर नगरपालिकाको वडा नं ८ मा निर्वाचनको प्रचार-प्रसारको क्रममा एमालेका कार्यकर्ताबाट आक्रमण गरी सवारी साधनलाई क्षति पुऱ्याएको, यदपि उम्मेदवार लगायतका टोलीलाई कुनै चोट पटक नलागेको भन्ने भनाइ रहेको पाइयो ।

- डडेल्धुराबाट स्वतन्त्र उम्मेदवार सागर ढकालको सवारी साधनलाई चुनावी प्रचारप्रसारमा रोक नलगाइएको बरु निर्वाचनमा प्रयोग हुने सवारी साधनको नम्बंरसहित मुख्य निर्वाचन कार्यालयबाट अनुमति लिनुपर्ने नलिएको र कार्यक्रम गर्ने सम्बधमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने सो नगरिएकोले प्रशासन कार्यालयबाट सचेत मात्र गराएका भन्ने बुझियो । सागर ढकाललाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले छलफलका लागि बोलाएको तर नआएको बुझियो ।

### ३) स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- निर्वाचनमा सवारी साधन नचलेका कारण बाटोको सुविधा भएका स्थानमा अशक्त र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई केही मात्रामा असहज भएको पाइएको थियो ।
- आयोगको अनुगमन टोलीलाइ अनुगमनको क्रममा कंचनपुरको महेन्द्रनगरमा रहेको भृकुटी माध्यमिक विद्यालयमा अनुगमन गर्न जादाँ भित्र जान नदिएको अवस्था रह्यो ।

### ४) शान्ति–सुरक्षाको अवस्था

- मतदानको दिन डोटी जिल्लामा रहेको केआई सिह गाउँपालिका वडा नं ५ मा रहेको मतदान स्थल नजिकै बाटोमा प्रेसर कुकर बम राखिएको र नेपाली सेनाको बम डिस्पोजल टोलीले बम डिस्पोज गरेपछि त्यहाँ शान्तिपूर्ण तरिकाले मतदान भएको भन्ने डोटी जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जानकारी पाइयो ।
- मतदानको मतदान सामग्रीहरू बोकी डोटीको बडिकेदार गाउँपालिकातर्फ जाँदै गरेको सवारी साधन अत्तरकाँढा भन्ने स्थानमा दुर्घटना भई मतदान अधिकृत दिनेश सिंह रैखोला घाइते भएको र निजलाई तत्कालै उद्धार गरी अर्का मतदान अधिकृत खटाइएको भन्ने जानकारी पाइयो ।
- अछाम जिल्लाको ढकेरी गा. पा. वडा नं. २, हिच्मामा रहेको कालिका मावि मतदान केन्द्रमा बम राखिएकोमा नेपाली सेनाको बम डिस्पोजल टोलीले बम डिस्पोज गरेपछि १:०० बजेबाट त्यहाँ शान्तिपूर्ण तरिकाले मतदान भएको भन्ने जानकारी प्राप्त भएको ।
- बाजुराको स्वामिकार्तिक खापर गापा १ को भगवती आधारभूत विद्यालय मतदान केन्द्रको प्रदेश सभा सदस्यको समानुपातिक तर्फको मतपेटिकामा आगजनी भएको भन्ने जानकारी प्राप्त भएकोमा मतदानकेन्द्रका मतदान अधिकृतसँग फोन मार्फत सम्पर्क गर्दा सो घटना सत्य भएको, कस्ले आगो लगायो भन्ने जानकारी नभएको र आगो निभाइ पुनः मतदान सुरु भएको र मतपत्रमा खासै क्षति नपुगेको भन्ने जानकारी पाइयो ।
- बाजुरा जिल्लाको बुढीनन्दा नपाको वडा नं. ७ मा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका कार्यकर्ताविच झडप हुँदा तीन जना घाइते भएका र उनीहरूको नेपालगञ्ज अस्पतालमा उपचार भइरहेको भन्ने जानकारी पाइयो ।
- बाजुरा जिल्लाको त्रिवेणी नपा वडा नं. ७ नाट्यश्वरी आ.वि., खिरपाटा मतदान स्थलमा एमाले र काग्रेस समर्थक कार्यकर्ताहरूबीच झडप भई मतदानस्थलमा ढुङ्गामुढा प्रहार भएको र सुरक्षाकर्मीहरूसँग समेत हतियार खोसाखोस भएको, मतपेटिकामा आक्रमण भएको हुँदा स्थिति नियन्त्रणमा लिनका लागि बल प्रयोग हुँदा सुरक्षाकर्मीको गोलीबाट सञ्जिब ऐडीको मृत्यु भएको । अन्य दुईतीन जना घाइते भएको भन्ने प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीबाट जानकारी पाइयो ।

- सोही स्थानमा मतदान सकेर घर फर्कने क्रममा बाटोमा पुनः विवाद हुँदा कुटपिटबाट अर्का एक जना चेतन ऐडी घाइते भएको र निजलाइ उपचारका लागि बयलपाटा अस्पताल अछाम लैजादै गर्दा बाटैमा मृत्यु भएको भन्ने प्रमुख जिल्ला अधिकारीबाट जानकारी पाइयो ।
- कैलाली र कंचनपुर निर्वाचनको अवधीभरमा मतदातालाई तर्साउन विभिन्न स्थानमा शङ्कास्पद वस्तुहरू राखेको पाइयो ।
- कैलालीको धनगढी स्थित शारदा माध्यामिक विद्यलायमा रहेको मतदान केन्द्र नजिक एउटा र गौरीगंगा नगरपालिकाको लिक्माको जनप्रिय माध्यमिक विद्यालयको मतदान केन्द्रको मुल गेटमा दुई वटा शङ्कास्पद वस्तु राखेको कारण केहीबेर मतदान रोकिएको थियो भने नेपाली सेनाको बम डिस्पोजल टोली आइ निष्क्रिय पारेपछि पुनः मतदान सुरु भएको थियो
- कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका वडा नं. ४ को विद्यालयमा रहेको मतदान केन्द्रमा समेत शङ्कास्पद वस्तु राखेको पाईएको थियो भने अन्य कहीँकतै अवरोध तथा अशान्तिका घटनाहरू भएको पाइएन ।

### ५) सूचना(मतदाता शिक्षा) को अधिकार

- टेलीफोन, मोबाइल तथा रेडियोमा जिङ्गल बजाउने जस्ता कार्यबाट केही निर्वाचन सम्बन्धी चेतनामूलक कार्यक्रम प्रवाह भएको पाइयो ।
- मतदाता शिक्षाको लागि गाउँपालिकाबाट एक वडाको लगि एक जना स्वास्थ्य स्यवंसेविका खटिएको र अधिकांशेले स्थानीय आमा समूह, टोल समूह लगायतको सहयोगबाट समूहगत भेला गराइ मतदाता शिक्षा दिइरहेको भए पनि मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।
- प्रभावकारी मतदाता शिक्षा नहुदा धेरै मतहरू बदर हुन पुगेको पाइयो
- बाजुरा जिल्लामा भने निर्वाचनप्रतिको बुझाइ नै सही देखिएन । खास गरी समुदायस्तरका नागरिकहरूले समेत निर्वाचन भनेको "जसको बाहुल्यताछ, उसले त अलिअलि क्याप्चर त गरिहान्छ नि" जस्ता अभिव्यक्ति दिनु, मतदाता शिक्षाको सवालमा "अहिलेसम्म मेरा छोरा भतिजाले भोट हाल्देका छन्, किन चाहियो हामीलाई मतदाता शिक्षा" भनी ज्येष्ठ नागरिकहरू पुरुष तथा महिला दुबैले नै भन्नु, "आफैँले भोट हाल्न त हुन्थ्यो तर के गर्नु आफैँले भोट हाल्दा त बदर हुइजान्छ, त्यही भएर घरका अरुले नै भोट हाल्दाहन्" लगायतका आम सर्वसाधारणहरूले आयोगको टोलीसमक्ष अभिव्यक्ति राख्नुले निर्वाचनको विधि र प्रक्रियाउपर बाजुराका नागरिकहरू अनविज्ञ नै रहेको पुष्टि हुन्छ ।

| **कुल उम्मेदवार सङ्ख्या** | | **आदिवासी/ जनजाति** | | **खसआर्य** | | **थारु** | | **दलित** | | **मधेसी** | | **मुस्लिम** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९३ | | २४ | | १४५ | | १५ | | ९ | | ० | | ० | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १८० | १३ | १९ | ५ | १३७ | ८ | १५ | ० | ९ | ० | ० | ० | ० | ० |
| **प्रतिशतमा** | | | | | | | | | | | | | |
| ९३.२६% | ६.७४% | १२.४४% | | ७५.१३ % | | ७.७७ % | | ४.६६ % | | ० | | ० | |

## ६) समावेशी ⁄ सहभागिताको अवस्था

सुदुरपश्चिम प्रदेशमा निर्वाचन आयोगका अनुसार प्रदेशसभा उम्मेदवारीमा समावेशिताको अवस्था निम्नबमोजिम रहेको छः

नेपालको संविधान र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐनको मर्म, भावना र प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको देखिँदैन ।

**सुदुरपश्चिमका विभिन्न जिल्लामा उम्मेदवारीको अवस्था**

- डोटी, अछाम र बाजुरा जिल्लामा राजनितिक दलहरूले कानुनमा व्यवस्था भए बमोजिम समावेशिताको आधारमा उम्मदेवार नामाङ्कंनलाई प्राथमिकता दिएको पाइएन ।
- प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य, २०७९ को लागि डोटी, अछाम र बाजुरा जिल्लामा प्रतिनिधिसभा सदस्यको उम्मेदवारी पदका लागि डोटी जिल्लामा छ जना उम्मेदवार-मध्ये एक जनामात्र महिला उम्मेदवार भएको पाइयो भने प्रदेशसभाका सातजना उम्मेदवार-मध्ये एक जना पनि महिला उम्मेदवार नभएको पाइयो । त्यस्तै आदिवासी, दलितको उम्मेदवारी सङ्ख्या आदिवासी जनजातितर्फ शून्य रहेको पाइयो भने बाजुरा जिल्लामा प्रदेशसभातर्फ एक जना दलित उम्मेदवार भएको पाइयो ।
- मतदान-पूर्व अनुगमनका क्रममा अनुगमन टोलीले सम्पर्क गरेका अधिकांश महिला तथा दलित समुदायका व्यक्तिहरूले निर्वाचन प्रक्रियामा समावेशी सहभागिताको हिसाबले महिलाको सहभागिता विगतको तुलनामा कमी भएको र राजनैतिक दलहरूले पुरुषहरूलाई प्राथमिकता दिएको, राम्रा भन्दापनि आफ्नालाई बढी प्राथमिकता दिएको गुनासोहरू कुनै एक स्थानमा मात्र नभई सबै स्थानमा पाइयो ।
- बैतडी जिल्लामा प्रतिनिधि सभातर्फका उम्मेदवारहरूको समावेशिताको अवस्था हेर्दा कुनै पनि राजनीतिक दलले प्रत्यक्षतर्फ महिला उम्मेदवार नबनाएको एक पार्टीले दलित उम्मेदवार बनाएको भए पनि कुनै पनि दलले आदिवासी/जनजातिका प्रतिनिधहरूलाई उम्मेदवार बनाएको पाइएन ।
- डडेल्धुरा जिल्लामा प्रतिनिधिसभातर्फका उम्मेदवारहरूको समावेशिताको अवस्था हेर्दा कुनै पनि राजनीतिक दलले प्रत्यक्षतर्फ महिला दलित र आदिवासी/जनजातिका प्रतिनिधहरूलाई उम्मेदवार बनाएको छैन ।
- कैलाली जिल्लामा प्रतिनिधि सभाका प्रत्यक्षतर्फका उम्मेदवारको समावेशिताको अवस्था हेर्दा नेमकिपाले दुई र नागरिक उन्मुक्ति पार्टीले एक जना गरी तीन जना महिला उम्मेदवार प्रतिस्पर्धाका लागि चयन गरेको पाइयो । आदिवासी/जनजाति तर्फ १० र दलिततर्फ चार जनामात्र उम्मेदवार रहेको पाइयो ।
- सुदुरपश्चिम प्रदेशमा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेश सभामा कुल विजयी उम्मेदवार-मध्ये शत प्रतिशत पुरुष मात्र विजयी भएको पाइयो

## ७) विशेष वर्ग वा समूहको अधिकार(अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामी र सुत्केरी)

- कैलालीको धनगढी उप महानगरपालिका वडा न ५ स्थित पंञ्चोदय माध्यमिक विद्यलायमा अपाङ्ग मैत्री भनी मतदान केन्द्र निर्माण गरिएतापनि एक जना अपाङ्ग ह्विल चियरमा आउदा भित्रसम्म जानको लागि ह्विल चियर भित्र नछिर्दा आयोगको अनुगमन टोलीले मतदान अधिकृतलाई जानकारी गराएपछि निर्माण गरिएको रस्सीको बार खोलेर भित्र गएर मतादन गरेको पाइएको थियो

- कैलाली र कंचनपुर जिल्लाका अधिकांश मतदान केन्द्रहरूको पूर्व-तयारी हेर्दा धेरै स्थानमा लैङ्गिकमैत्री र जेष्ठ नागरिक/अपाङ्गमैत्री नरहेको पाइयो। किनभने विगत देखि तोकिएको विद्यालय मतदान स्थलहरू अहिले पनि सोही मतदान स्थल कायम भएकोले पुराना संरचना भएको कारण अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री नभएको पाइयो।
- बाजुरा जिल्लाको बडीमालिका नगरपालिकामा रहेका श्री मालिका नमुना माविका मतदान केन्द्रहरूको बुढीगंगा नगरपालिका ५ को भानुदय मावि वडा नं. ९ को त्रिशक्ती मावि र अछाम जिल्लाको साफेबगर नगरपालिका वडा नं २ श्री त्रिपुरा सुन्दरी मा.वि कतिपय मतदास्थलमा पुग्न देखी २.३० घण्ट सम्म लाग्ने अवस्था रहेको जानकारी पाइयो।
- डोटी जिल्लामा १७७ स्थायी र एक अस्थायी मतदान केन्द्र रहेको, मध्ये **दुई** ओटा महिला नमुना मतदान केन्द्रहरू ( डोटी बहुमुखी क्याम्पस सिलगढी केन्द्र र पद्म पब्लिक मुक्तिनारायण मावि केन्द्र) रहेको पाईयो।

## ८) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

- बाजुरा जिल्ला त्रिवेणी नगरपालिका वडा न.. ७ मा मतदानको दिन भएको घटनामा प्रहरीको गोली लागी मृत्यु भएका सञ्जिव अयडी र काङ्ग्रेसका कार्यकर्ताबाट हत्या गरिएका भनिएका चेतनदीप अयडीको विषयमा आयोगबाट अनुसन्धान जारी रहेको पाइयो।
- कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ का सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको मिलोमतोमा जिल्ला निर्वाचन कार्यालयमा छानीछानी आफू समर्थक कर्मचारीको मात्र नामावली पठाइ तिनीहरूको नाममात्र अस्थायी नामावलीमा राखी अन्य मतदानमा खटिएका कर्मचारीलाई मतदान गर्नबाट वञ्चित गरेको भनी आयोगसमक्ष प्राप्त लिखित उजुरीमा अनुसन्धान कार्य सुरु भएको छ।
- दार्चुला जिल्ला नौगाड गापामा भएको झडपमा एक जना घाइते भएको र स्थिती तनाबपूर्ण भएको समाचार र एमाले जिल्ला सचिव प्रेम बढुले गठबन्धन दलका कार्यकर्ताले आफूहरूलाई प्रचारप्रसार गर्न नदिएको तथा आफूहरूलाई आवत जावतमा समेत अप्ठयारो भएका हुँदा आयोगले यो विषयमा अनुगमन गरिदिनुपर्यो भनेर अनुरोध भएअनुसार सो विषयमा सहजीकरण गरेको। नौगाड गापाका अध्यक्ष बलजीत धामी र नौगाड गापा वडा न.२ का अध्यक्ष राजेन्द्र बोहरालाइ निर्वाचनका क्रममा विपक्षी दलका नेता तथा कार्यकर्तालाई कुनै अवरोध नगर्न र निर्वाचन शान्तिपूर्ण सम्पन्न गर्नका लागि सहयोग गरिदिन आग्रह गरेको र आयोगको उक्त आग्रहलाई मान्ने र त्यस्ता गतिविधि नगर्ने भनी प्रतिबद्धता जनाएका जसका कारण निर्वाचन शान्तिपूर्ण सम्पन्न भएको थियो।
- दार्चुला जिल्लाको गोकुलेश्वरमा प्रेसरकुकर बम राखेको भन्ने सूचना पाउनासाथ माओवादी विप्लवका जिल्ला सचिव भरत मल्ललाई फोन गरी मानवीय तथा अन्य क्षति हुने तथा निर्वाचन बिथोल्ने कार्य नगरिदिन गरेको आग्रहलाई स्वीकार गर्दै मानवीय क्षति हुने कार्य नगर्ने तर निर्वाचन बहिस्कार गर्ने पार्टीको नीति अनुरूप शान्तिपूर्ण गतिविधि गर्ने भन्ने जानकारी पाइयो।

## ९) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्यलगायतका अन्य सेवाहरूको अवस्था

- डोटी जिल्लाको पूर्वीचौकी र सायल गाउँपालिकामा भुकम्पबाट बढी क्षति भई मानिसहरू पाल टाँगेर बस्न बाध्य भएको, त्यसमा पनि आधारभूत आवश्यकताको परिपूर्तिबाट वञ्चित भएको भनी आयोगको टोली समक्ष जानकारी प्राप्त भएको थियो । चिसो मौसममा महिला, बालकालिका तथा ज्येष्ठ नागरिकहरूले पालसमेत प्राप्त गर्न कठिन भएको अवस्थामा पनि राज्यका सबै निकायहरूको ध्यान निर्वाचन सम्पन्न गराउनेतर्फ केन्द्रित भई भूकम्प प्रभावितहरूको समस्या छायाँमा परेको पाइयो ।
- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा तोकिएको र पाँच दिनसम्म विद्यालयहरू बन्द रहेको कारण बालबालिकाहरू तथा अन्य विद्यार्थीहरूको पठनपाठनमा बाधाअवरोध भएको पाइयो ।
- बैतडीको दशरथ चन्द नपा वडा न. ८ मा रहेको त्रिपुरा स्वास्थ चौकी भवनमा मतदान केन्द्र रहेको पाइयो ।
- स्वास्थ्य सेवाका कर्मचारीहरू पनि निर्वाचन कार्यमा खटाइएका कारण नागरिकहरूको स्वास्थ्यको अधिकारमा प्रत्यक्ष असर परेको पाइएको ।

**निर्वाचनमा समावेशी र सहभागिताको समग्र अवस्था**

**२०७४ सालको निर्वाचन मा राष्ट्रिय दलको मान्यता प्राप्त राजनैतिक दलहरू (ले २०७९ मा प्रतिनिधिसभामा उम्मेदवार बनाएका महिलाको विवरण निम्नबमोजिम रहेको छः**

| क्र.सं. | राजनीतिक दलको नाम | जम्मा उम्मेद्वार संख्या | संख्यात्मक सहभागिता | | प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष |
| १. | नेकपा एमाले | १४१ | ११ | १३० | | |
| २. | नेपाली कांग्रेस | ९१ | ५ | ८६ | | |
| ३. | नेकपा माओवादी केन्द्र | ४७ | ८ | ३८ | | |
| ४. | जनता समाजबादी पार्टि | ५१ | ७ | ७२ | | |
| ५. | लोकतान्त्रीक समाजबादी पार्टि | १९ | ३ | ४८ | | |
| ६. | नेकपा (एस) | १९ | १ | १८ | | |

स्रोत : निर्वाचन आयोगको वेबसाइट



प्रमुख राजनैतिक दलहरूले समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला सहभागी नगराएकोमा निर्वाचन आयोग मौन बसेर महिलाको हक हनन भइरहेको अवस्था स्पष्ट देख्न सकिन्छ। राजनैतिक दलहरू आफैं पनि महिला हक अधिकारको सवालमा के कति संवेदनशील छन तथा संविधान कार्यान्वयन प्रतिको प्रतिबद्धता कस्तो छ भनी हेर्न ति दलहरूको आन्तरिक संरचनाबाट पनि सहजै अनुमान गर्न सकिन्छ। ती प्रमुख दलहरूको सबैभन्दा माथिल्लो समितिको बनावटमा महिला सहभागिता निम्नबमोजिम देखिन्छः

**राजनीतिक दलका मुख्य समितिमा रहेको समावेशी सङ्ख्या विवरण**

| राजनीतिक दलको मुख्य समिति | समावेशीसमूह | | | | | | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खसआर्य | आदिवासी जनजाति | थारु | मधेसी | मुस्लीम | दलित | | | | |
| नेकपा एमाले स्थायी कमिटि | ३० | १० | | ३ | | १ | ६ | ३८ | | ४४ |
| नेकपा एमाले पोलिटव्यूरो सदस्य | ४७ | १६ | | ३ | | २ | १६ | ५६ | | ७२ |
| नेकपा माओवादी केन्द्र केन्द्रीय कमिटि | १२४ | ३८ | १२ | १५ | | ७ | ४५ | १५१ | | १९६ |
| नेपाली कांग्रेस केन्द्रीय समिति | ८४ | ३० | ७ | १५ | ४ | ७ | ४३ | १०४ | | १४७ |
| जसपा | १० | ६५ | | ४५ | ४ | ६ | १२ | १२७ | | १३९ |
| नेकपा (एस) स्थायी कमिटि | २२ | ३ | | ८ | | १ | ३ | ३१ | | ३४ |

स्रोतः राजनीतिदलहरूको वेबसाइट



राजनैतिक दल भित्रको निर्वाचन वा मनोनयन वा नियूक्ति गर्दा प्रत्येक समितिमा एक/तीन महिला सदस्य हुनुपर्छ भन्ने कानुनी व्यवस्था छ। माथिको तालिकाबाट यो प्रावधान उल्लङ्घन भइरहेको देखिदा पनि राजनैतिक दललाई नियमन र अनुगमन गर्ने कानुनी जिम्मेवारी पाएको निर्वाचन आयोग मौन रहेको पाइयो।

०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा निर्वाचन आयोगले घोषणा गरेको अन्तिम परिणामअनुसार समावेशी सिद्धान्तको दृष्टिकोणबाट प्रतिनिधिसभाको संरचना निम्नअनुसार भएको पाइन्छः

| राजनीतिक दलको नाम | प्रत्यक्षतर्फका सभासद | | | | | | | | | समानुपातिकतर्फ सभासद | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लैंगिकताको आधारमा | | | समावेशिताको आधारमा | | | | | | लैंगिकताको आधारमा | | | समावेशिताको आधारमा | | | | | | |
| | म. | पु. | जम्मा | ख.आ. | आ.ज. | मधेसी | दलित | थारु | मुस्लिम | म. | पु. | जम्मा | ख.आ. | आ.ज. | मधेसी | दलित | थारु | मुस्लिम | |
| ने.का. | १ | ५६ | ५७ | ४३ | ८ | ४ | | २ | | २९ | ३ | ३२ | १० | ९ | ५ | ५ | २ | १ | ८९ |
| ने.एमाले | ४ | ४० | ४४ | २४ | ११ | ७ | १ | १ | | २२ | १२ | ३४ | ११ | १० | ५ | ५ | २ | १ | ७८ |
| ने. माओवादी | १ | १७ | १८ | ९ | ६ | १ | | १ | | १२ | २ | १४ | ४ | ४ | २ | २ | १ | १ | ४२ |
| रास्वपा | २ | ५ | ७ | ६ | १ | | | | | ६ | ७ | १३ | ४ | ३ | २ | २ | १ | १ | २० |
| राप्रपा | | ७ | ७ | ५ | २ | | | | | ५ | २ | ७ | ३ | २ | १ | १ | | | १४ |
| जसपा | | ७ | ७ | | | | | | | ४ | १ | ५ | २ | १ | १ | | | १ | १२ |
| जनमत | | १ | १ | | | | | | | ४ | १ | ५ | १ | २ | १ | | | १ | ६ |
| नेकपा एस. | | १० | १० | ६ | ३ | | | १ | | | | | | | | | | | १० |
| लोसपा | | ४ | ४ | | | ३ | | | १ | | | | | | | | | | ४ |
| नागरिक उन्मुक्ति | १ | २ | ३ | | १ | | | २ | | | | | | | | | | | ३ |
| रा. जनमोर्चा | | १ | १ | | | | | | | | | | | | | | | | १ |
| नेमकिपा | | १ | १ | १ | | | | | | | | | | | | | | | १ |
| स्वतन्त्र | | ५ | ५ | | ४ | | | १ | | | | | | | | | | | ५ |

*स्रोत : निर्वाचन आयोगको वेबसाइट*


प्रत्यक्ष तर्फका सभासद लैंगिकताको आधारमा म
प्रत्यक्ष तर्फका सभासद लैंगिकताको आधारमा पु.
प्रत्यक्ष तर्फका सभासद लैंगिकताको आधारमा जम्मा


प्रत्यक्ष तर्फका सभासद समावेशीताको आधारमा ख.आ.
प्रत्यक्ष तर्फका सभासद समावेशीताको आधारमा आ.ज
प्रत्यक्ष तर्फका सभासद समावेशीताको आधारमा मधेसी
प्रत्यक्ष तर्फका सभासद समावेशीताको आधारमा दलित
प्रत्यक्ष तर्फका सभासद समावेशीताको आधारमा थारु
प्रत्यक्ष तर्फका सभासद समावेशीताको आधारमा मुस्लिम







## ३.१०) निर्वाचनमा बाल अधिकारको प्रयोग

- ✓ नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक बाम गठबन्धन, ज.स.पा.एमाले गठबन्धन, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल सुशासन पार्टी, रा.प्र.पा. लौरो चिन्ह लिएका स्वतन्त्र उम्मेदवार, प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरेको, प्रचारको लागि निर्मित भिडियोमा बालबालिकालाई नृत्य गराउने/गीत गाउन लगाउने र टिकटकजस्ता सामाजिक

सञ्चालमा प्रकाशन गर्ने, प्रचार प्रयोजनको लागि विद्यालय परिसर नै प्रयोग गर्ने जस्ता कार्यहरू भएको आयोग तथा सिजपबाट गरिएको अनुगमनमा देखिएको छ । हालसम्म प्राप्त तथ्यांङ्कअनुसार यस्तो ११३ क्रियाकलाप कुल ७२ जिल्लामा देखापरेको छ ।

- ✓ बालबालिकाको प्रयोगमा ने.क.पा एमालेले सबैभन्दा बढी बालबालिकाको प्रयोग गरेको (३२.२८%), दोस्रोमा प्रयोग गर्नेमा नेपाली काङ्ग्रेस (१८.११%) रहेको र बालबालिकका प्रयोगमा नेकपा माओवादीको तेस्रो बढी संलग्नता (११.८१%) रहेको देखिन्छ ।
- ✓ जाजरकोट जिल्लाको नलगाड नपा वडा नं. ७ मा रहेको त्रिभुवन मावि दल्ली मतदान स्थल नजिकै करीब १०/१२ जना बालबालिकाले “नेकपा एमाले जिन्दाबाद भोट केमा एमालेमा” भनी नारा लगाउँदै हिंडेको पाइयो । अनुगमन टोलीले सो बारेमा बुझ्दा ती बालबालिका कोहिबाट परिचालित नभएको र स्वस्फुर्तरूपमा सो कार्य गरेको भन्ने स्थानीयबाट जानकारी प्राप्त भएको थियो
- ✓ प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेकी कोमल वलीले विद्यार्थीलाई राखेर चुनावी भेला गरेको । एमालेकी उम्मेदवार वलीसहित दाङ ३ ‘ख’ का उम्मेदवार हुकुम बस्नेतले आफ्नो चुनावी अभियानका क्रममा केहीदिन अघि दाङको एक विद्यालयमा पुगेर विद्यार्थी र शिक्षकहरूलाई राखेर भेला गरेका थिए । सामाजिक सञ्जालमा भाइरल भएको उक्त तस्वीर दाङको बबई गाउँपालिका- १ गँगटेस्थित सरस्वती जनता माविको हो । तस्वीरमा उम्मेदवार वलीले स्कुलका विद्यार्थीलाई राखेर भेला गरेको पाइयो् ।
- ✓ निर्वाचन आचारसंहिता तथा बालबालिका सम्बन्धी ऐन को ६६(२)(छ) ले बालबालिकालाई राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने जस्ता कार्यलाई बाल हिंसा मानी दण्डनीय बनाएको अवस्था छ । कानुनले प्रष्ट रूपमा निषेध गरेको अवस्थामा पनि राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग हुनुले अनुगमन प्रभावकारी नभएको तथ्यमाथि प्रकाश पारेको छ ।

### ३.११ कैदीबन्दीहरूको निर्वाचनमा सहभागिताको विषय :

- निर्वाचन आयोगले यसपटकको निर्वाचनमा कारागारमा रहेका कैदीवन्दीलाई समानुपातिक तर्फ मतदानको अधिकार प्रदान गर्ने निर्णय गरेको थियो । सो क्रममा कार्तिक ८ देखि २६ गते सम्म कारागारहरूबाट मतदाता नामावली सङ्कलन गरिएको । देशभरी २७,१९३ कैदीवन्दी रहेकोमा १५०० जति विदेशी नागरिक भए पनि बाँकी नेपाली रहेको सोमध्ये १५ देखि २० प्रतिशत कैदीवन्दीको नाम अन्तिम मतदाता नामावलीमा आएको हुँदा सो प्रतिशताम कैदीवन्दीले मतदानको अधिकार प्रयोग गरेको कारागार व्यवस्था विभागका निर्देशकबाट जानकारी प्राप्त भएको छ ।
- हुम्ला कारागारमा रहेका २० मध्ये १५ जना कैदीबन्दीलाई हतकडी सहित मतदानमा सहभागीता गराएको विषयमा कारागार व्यवस्था विभाग तथा गृह मन्त्रालयका प्रवक्तासँग जानकारी लिदा हुम्ला जिल्लामा कारागार नरहेको र प्रहरी हिरासतमा कैदीबन्दी राख्नुपर्ने हुँदा सुरक्षाको कारण मतदानस्थल सम्म हतकडीमा लगाइ लग्नुपर्ने बाध्यताका कारण त्यसो हुन गएको भन्ने भनाइ रहेको पाइयो ।
- आयोगको टोलीबाट स्थलगत रूपमा गरेको अनुगमनमा १० देखि १५ प्रतिशतले कैदीवन्दीले मतदान गरेको प्रारम्भीक प्रतिवेदन रहेको ।

## ३.१२ आप्रवासी कामदार र निर्वाचन

नेपालबाट कतार, मलेसिया, साउदी अरव, संयुक्त अरव ईमीरेट्स र अन्य देशहरूमा आप्रवासी नेपाली श्रमिकहरूको सङ्ख्या २२ लाख बढि रहेको तथ्याङ्क राष्ट्रिय योजना आयोगले कोभिड १९ महामारीको समयमा गरेको अध्ययनले देखाएको छ। त्यसै गरि भारतमा रहेको नेपाली श्रमिकहरूको सङ्ख्या नौ लाख ५० हजारभन्दा बढी रहेको देखिन्छ। यसरी हेर्दा कुल सङ्ख्या ३२ लाख १० हजार ८ सय ४८ को तथ्याङ्क रहेको पाइन्छ। अन्य प्रयोजनबाट विदेशमा गएका र हाल विदेशमा रहेकाहरूको हकमा विस्तृत तथ्याङ्कहरूको उपलव्धता भएको पाइँदैन।

आप्रवासी नेपाली श्रमिकहरू र विदेशमा बसेका नेपाली नागरिकहरूलाई पनि मतदानको अधिकारका विषयमा सरोकारवालाहरू बीच गहन छलफलहरू हुदै आएको छ। सुरक्षित आप्रवासन राष्ट्रिय सञ्जालबाट विभिन्न राजनैतिक दलका नेतृत्वहरूलाई आप्रवासी नेपाली श्रमिकहरूलाई मतदानको अधिकार प्रदान गर्नको लागि लिखित ध्यानाकर्षण, वकालत तथा बहस पैरवी गर्दै आइरहेको छ। राजनीतीक दलहरूबाट पनि यस विषयमा सकारात्मक धारणाहरू राख्दै आइरहेका छन्। यदपी यस विषयमा अर्थपूर्णरूपमा अपेक्षित प्रगती भनेको हुन सकेको देखिँदैन। राष्ट्रिय मानव अधिकार आयोगबाट पनि आप्रवासी नेपाली श्रमिकहरूको मतदानको अधिकार सुनिश्चीत गर्न नेपाल सरकारलाई सिफारिस गरिसकेको छ। विश्वका ११५ वटा मुलुकहरूले विदेशमा रहेका आफ्ना नागरिकहरूलाई मतदानको अधिकार सुनिर्श्चित गरि मतदान गर्ने प्रबन्ध मिलाएको छ। सम्मानित सर्वोच्च अदालतबाट समेत कानुन, नीति तथा नियम मञ्चको रिट निवेदन (Writ No. 073/WO/1149; order date: 16 March, 2018 (2074/12/02) मा नेपाल सरकारको नाममा परमादेश जारी गरिसकेको छ। उक्त आदेशमा रोजगारीमा रहेका र अन्य प्रयोजनमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चीत् गर्न आवश्यक प्रबन्ध, मतदानका लागि कानुन बमोजिम उमेर पुगेका विदेशमा रहेका नागरिकहरूको सम्बन्धमा कुटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तीहरूलाई वाह्य मतदान (External Voting) को लागि योग्य मानी सोही अनुसारको व्यवस्था गर्नु, मतदानका विधिको तयारीका सम्बन्धमा स्वच्छ, निष्पक्ष, धाँधलीरहित, गोपनियता, आर्थिक तथा व्यवस्थापकीय भार आदि विषयमा राजनीतिक दल, नागरिक समाज र निवेदकसँग समेत परामर्श गरि आवश्यकता अनुसार परीक्षण गरी उपर्युक्त व्यवस्था मिलाउनु, विभिन्न देशहरूका सरकार, र रोजगारदाता कम्पनीहरूसँग आवश्यक कुटनीतिक पहल गर्नु भन्ने आदेश जारी भएको छ। यसै गरी उक्त आदेशले कानुन निर्माणको लागि अविलम्ब संसदमा विधेयक प्रस्तुत गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदका नाउँमा आदेश जारी गरेको छ र आगामी निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकहरू सहभागी हुन पाउने गरी आवश्यक र उपर्युक्त पहल गर्नुभन्ने रहेको छ। यसको साथै विदेशमा रहेको नागरकहरूको वास्तविक लगत सङ्कलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरु गरि आउदो निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकहरूले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनु भनी स्पष्ट आदेश जारी गरिएको छ। सम्मानित सर्वोच्च अदालतबाट आदेश जारी भएको छ वर्ष बितिसकेको छ। चार वटा निर्वाचन समेत सम्पन्न भईसकेको अवस्था छ तर अहिलेसम्म पनि आदेश कार्यान्वयनले सार्थकता पाउन सकेको छैन।

नेपाल सरकारले विदेशमा रहेका श्रमिकहरू र नागरिकहरूले पठाएको विप्रेषण योगदानलाई सहर्ष स्वीकार गरेको छ भने अधिकार सुनिश्चितता तर्फ हेर्दा सो योगदानको कदर स्वरूप मानव अधिकार संरक्षणका प्रयासहरू पर्याप्त भएको पाइँदैन आप्रवासी नेपाली श्रीमकहरू र विदेशमा रहेका नेपाली नागरिकहरूको मतदानको अधिकार सुनिश्चत गर्नको लागि मतदानमा सहभागी गराउने व्यवस्था गर्नको लागि आवश्यक प्रबन्ध गर्नको लागि सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश र आयोगको सिफारिस कार्यान्वयन अविलम्ब गर्नुपर्ने देखिएको छ।

परिच्छेद-५

# विश्लेषण, निष्कर्ष, सिफारिश तथा सुझावहरू

## ५.१ विश्लेषण तथा निष्कर्ष

आयोगबाट तयार गरेको निर्वाचन रुजूसूची (Elcection Monitoring check list) ले मूलतः निर्वाचन प्रक्रियामा विभिन्न वर्ग, समुदायको समावेशी, समानुपातीक, सहभागिताको अधिकार उपभोगको अवस्था ,शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, स्वतन्त्रपूर्वक राजनीतिक दलहरू तथा उम्मेदवारले आफ्ना गतिविधि सञ्चालन गर्न पाउने अधिकार, स्वतन्त्ररूपमा निर्वाचनमा सहभागी हुन पाउने अधिकार, उम्मेदवारी दिन पाउने तथा निर्वाचित हुन पाउने, सूचनाको अधिकार, गोप्य मतदानको अधिकार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, सुत्केरी, गर्भवती, किरियपुत्री, अल्पसङ्ख्यक, दलितलगायत समुदायका मतदान गर्न पाउने योग्य नागरिकले मतदान कार्यमा सहज र सुरक्षितरूपमा भाग लिन पाए वा नपाएको, शिक्षा, स्वास्थय तथा अन्य अत्यावश्यक सेवा-सुविधाबाट नागरिकहरू वञ्चित भए नभएको, निर्वाचनको अवधीमा सुरक्षा, उपयुक्त मतदानस्थल तथा शौचालय र खानेपानीको अवस्था, मतदाता शिक्षा, राजनीतिक गतिविधिमा बालबालिकाहरूको प्रयोग र निर्वाचन आचारसंहिताको पालना जस्ता पक्षहरूमा केन्द्रित रही मानव अधिकारका दृष्टिकोणबाट (मतदान-पूर्व, मतदानको क्रममा र मतदान-पश्चात् ) गरी तिन चरणमा गर्ने अनुगमन गरेको अवस्थामा अनुगमन टोलीको प्रतिवेदन, निर्वाचनसँग सम्बन्धीत निकायहरूसँग भएका छलफल अन्तर्क्रिया, तथा सञ्चार माध्यममा प्रकाशित एवं प्रशारित समाचार समेतका आधारमा निर्वाचनमा मानव अधिकारको अवस्थाको विश्लेष्ण गर्दा निम्न अनुसारका सकारात्मक तथा सुधार गर्नुपर्ने पक्ष रहेको देखिन्छ।

**सकारात्मक पक्ष :-**

- कारागारमा रहेका कैदीवन्दीहरूले प्रथम पटक समानुपातिक निर्वाचन प्रणलीमा भाग लिन पाएका।
- निर्वाचनमा खर्चको सिमा तोकिदा आर्थिक कारणले निर्वाचन कम प्रभावित भएको।
- चुनावी प्रचारप्रसारमा प्रत्यक्ष रूपमा बालबालिकाको प्रयोगमा कमी आएको।
- प्रचार-प्रसारका क्रममा हुने भोजभतेर धेरै कम मात्रामा भएको।
- निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको धेरै मात्रामा पालना भएको।
- राजनीतिक दलहरूले प्रचारप्रसारका लागि प्रयोग गरिने पप्लेट, पोष्टर लगायतक सामाग्रीहरूमा कमी आएको।
- दलहरू बीच विगतको तुलनामा स्वस्थय प्रतिस्पर्धा भएको र आरोप प्रत्यारोपमा कमी पाइएको।
- सुरक्षा संयन्त्रले सिमा सुरक्षा तथा निर्वाचन वहिष्कार समूहहरू माथि सुरक्षा नियन्त्रण गरेको पाइएको।
- निर्वाचन पूर्व सुरक्षाको ध्यान राखी अवैध घरेलु मदिरा नियन्त्रण र मदिरा बेच्न रोक लगाएको।
- पुरुषको तुलनामा महिलाको मतदाताको अधिक सहभागिता रहेको .

**सुधार गर्नुपर्ने पक्ष :**

- आमनिर्वाचनमा प्रत्यक्षतर्फ महिला तथा अन्य सूचीबाट उम्मेदवारहरूको सङ्ख्या अत्यन्त न्यून रहेकोमा यसमा वृद्धि गर्नुपर्ने ।
- मतदाताको अधिकार सुनिश्चित गर्न मतदाता नामावली सङ्कलन नियमित कार्यक्रम अन्तर्गत गरिनुपर्ने ।
- मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्ने ।
- नागरिकता नभएका कारण धेरै नागरिक विशेष गरी महिलाहरू मतदान गर्नबाट वञ्चित भएको ।
- मतदान केन्द्रहरूमा अस्थाई स्वास्थ्य क्याम्पहरू राख्न पहल नभएको ।
- अपाङ्ग तथा अशक्त मतदातहरूका लागि अपाङ्गता मैत्री मतदान केन्द्र बनाउने सन्दर्भमा निर्वाचन आयोगबाट तत्काल निर्देशन हुँदा पनि कार्यान्वयनमा समस्या रहेको ।
- स्वास्थ्य सेवाका कर्मचारीहरू निर्वाचनमा खटाइदा स्वास्थ्य सेवा सुचारु गर्न समस्या रहेको ।
- निर्वाचनमा खटिएका सबै सुरक्षाकर्मी र कर्मचारीहरूले समानुपातिकतर्फ मतदान गर्न नपाएको ।
- व}देशिक रोजागारीमा रहेका व्यक्तिलाई निर्वाचन प्रक्रियामा समटेन नसकिएको ।
- निर्वाचनमा सवारी साधन चलाउन सीमितताले गर्दा जोखिममा रहेका वर्गको मताधिकार पूर्णरूपमा सुरक्षित हन नसकेको ।
- अप्रत्यक्ष र परोक्षरूपमा (समाजिक सञ्जाल, म्युजिक भिडियो आदि) चुनावी प्रचार-प्रसारमा बालबालिकाहरूको प्रयोग प्रमुख राजनीतिक दलहरूबाट भएको ।
- सबै कैदीवन्दीहरूको विवरण समयमै सङ्कलन नहुँदा निर्वाचन प्रक्रियामा सहभागी हुन नसकेको ।

## निर्वाचनमा उम्मेदवारी र परिणामको विश्लेषण

नेपालको संविधानको मर्म र भावनालाई प्रस्तावना देखि विभिन्न धाराहरूमा अध्यनन गर्दा राज्यको चरित्र समानुपातिक तथा समावेशी रहने भन्ने रहेको छ । मूलतः राज्यको शासन प्रणालीमा लैङ्गिक समावेशीका साथै सबै वर्ग, जाति, क्षेत्रको समानुपातिक प्रतिनिधित्वको विषय रहेको छ । निर्वाचन आयोगमा प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गतको उम्मेदवारको सूची हेर्दा प्रतिनिधिसभा सदस्य निर्वाचन पदमा ६१ क्षेत्रमा महिला उम्मेदवारी नै दर्ता हुन सकेको देखिँदैन। सङ्घीय निर्वाचनमा २,२६९ पुरुष उम्मेदवार हुँदा महिला उम्मेदवार २३३ मात्रै रहेको । मङ्सिर ४ गते हुने सङ्घीय निर्वाचनका लागिदेशभरबाट कुल दुई हजार पाँच सय दुईजनाको उम्मेदवारी परेकोमा पुरुष उम्मेदवारको सङ्ख्या दुई हजार २ सय ६९ रहेको तथा महिला उम्मेदवारको सङ्ख्या दुई सय ३३ रहेको । त्यस्तै, प्रदेशसभा सदस्यका लागि कुल तीन हजार चार सय ३६ जनाको उम्मेदवारी परेकोमा तीन हजार एक सय ३९ जना पुरुष उम्मेदवार रहेको भने महिला उम्मेदवारको सङ्ख्या दुई सय ९६ मात्र रहेको तथा अन्यमा एकजनाको मात्र उम्मेदवारी परेको पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा हेर्दा प्रदेश नं १ मा कुल विजयी उम्मेदवार-मध्ये ६.५१ प्रतिशत मात्र महिला विजयी भएको छन भने ९३.४९ पुरुष विजयी उम्मेदवार रहेको पाइयो । मधेश प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला ७.८१% र पुरुष ९२.१९% विजयी रहेको पाइयो । वाग्मती प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला ७.५७% र पुरुष ९२.४२% विजयी रहेको पाइयो । गण्डकी कुल विजयी उम्मेदवार-मध्ये महिला २.७७% र पुरुष ९७.२२% विजयी

रहेको पाइयो। लुम्बिनी प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला १.९२% र पुरुष ९८.०७% विजयी रहेको पाइयो। कर्णाली प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये शत प्रतिशत पुरुष मात्र विजयी भएको पाइयो। सुदुर पश्चिम प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये शत प्रतिशत पुरुष मात्र विजयी भएको पाइयो। प्रतिनिधिसभामा विजयी उम्मेदवारहरू मध्ये महिला ४.८४% र पुरुष ९५.१६% रहेको पाइयो। अतः पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मत परिणामको सङ्ख्या तुलना गर्दा प्रतिनिधि र प्रदेशसभा दुवैमा महिला उम्मेदवारहरूको निकै कम विजयी सङ्ख्या रहेको पाइयो। पिछडिएका वर्गको पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतको उम्मेदवारीलाई हेर्दा प्रदेश नं ३ मा थारुको जनसङ्ख्या १.६६ प्रतिशत रहेकोमा उम्मेदवारी न्यून छ भने प्रदेश नं ५ र ७ मा १५.१८ र १७.२१ प्रतिशतले थारुको जनसङ्ख्या रहेको यद्यपि उम्मेदवारी भने ७.२७ र ७.७७ प्रतिशत मात्र प्रदान गरिएको छ। त्यसैगरी दलितलाई भने सात वटै प्रदेशमा जनसङ्ख्याको तुलनामा निकै कम सङ्ख्यामा उम्मेदवारी प्रदान गरिएको पाइयो। उल्लेखित तालिकाहरूको तथ्याङ्कलाई विश्लेषण गर्दा प्रदेश नं २ बाहेक पुरुषको तुलनामा महिलाको जनसङ्ख्या बढी रहे पनि जनसङ्ख्यालाई आधार मान्दा महिला उम्मेदवारी र विजयी सङ्ख्या निकै कम छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मत परिणामको सङ्ख्या तुलना गर्दा प्रदेशसभा अन्तर्गत प्रत्येक प्रदेशमा महिला उम्मेदवारहरूको निकै कम विजयी प्रतिशत एवं ८ प्रतिशतभन्दा कम रहेको छ। त्यसैगरी प्रदेश नं ६ र ७ मा भने महिला उम्मेदवार विजयी सङ्ख्या न्यून नै रहेको पाइएको परिप्रेक्षमा संविधानको धारा ३८(४) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा महिलाको पूर्ण सहभागिता नहुने देखियो। यस तथ्याङ्कले राजनीतिक दलहरूबाट महिलालाई पार्टीगत उम्मेदवारी प्रदान गर्नमा उदासिनता देखाएको तथ्यमाथि प्रकाश पारेको छ जातियता/वर्गको आधारमा गरिएको २०७८ जनगणनाको परिणाम सार्वजनिक भइनसकेको हुँदा २०६८ सालको जनगणनालाइ हेर्दा निम्नबमोजिम दलित, आदिवासी/जनजाति लगायतका पिछडिएको वर्गहरूको जनसङ्ख्या प्रतिशत यस्तो देखिन्छ।

| प्रदेश | जात/जातिको आधारमा जनसङ्ख्याको प्रतिशत | | | | | |
|---|---|---|---|---|---|---|
| | आ/ज | खसआर्य | दलित | मधेशी | मुस्लिम | थारु |
| १ | ४६.७९ | २७.८४ | १०.०६ | ५.५७ | ० | - |
| २ | ६.६१ | - | १७.२९ | ५४.३६ | ११.५८ | - |
| ३ | ५३.१७ | ३७.०९ | ५.८४ | - | - | १.६६ |
| ४ | ४२.३७ | ३७.२४ | १७.४४ | - | - | १.७२ |
| ५ | १९.५८ | २८.८४ | १५.११ | - | - | १५.१८ |
| ६ | १३.६३ | ६२.२० | २३.२५ | - | - | ०.५० |
| ७ | ३.६१ | ६०.०२ | १७.२९ | - | - | १७.२१ |

## नागरिक तथा राजनीतिक अधिकार उपभोगको विश्लेषण

शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, राजनीतिक दलहरूले स्वतन्त्रपूर्वक आफ्ना गतिविधि सञ्चालन गर्न पाउने अधिकार, स्वतन्त्र रूपमा निर्वाचनमा सहभागी हुन पाउने अधिकार, उम्मेदवारी दिन पाउने तथा निर्वाचित हुन पाउने, सूचनाको अधिकार, गोप्य मतदानको सन्दर्भमा विश्लेषण गर्दा यस पटकको निर्वाचनमा

दुइटा ठूला गठबन्धनहरू एक आपसमा प्रतिस्पर्धामा रहेको अवस्थामा केही अप्रिय घटनाहरू हुनुको साथै कहीँकतै अस्वस्थ प्रतिस्पर्धा समेत देखिएको छ । निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीर सहित No not Again को अभियान सञ्चालन भएको विषय, प्रमुख दलहरूबाट चुनावी सभामा तथा समाजिक सञ्जालहरूमा Hate speech विषय देखियो । दार्चुलाको व्यास गाउँपालिका १ छाङरु र तिङकर क्षेत्रका मतदाताले पाँच दिनको बाटो हिँडेर मतदानको लागि आउनुपर्ने बाध्यता, बाजुरा जिल्ला त्रिवेणी नगरपालिका वडा न.. ७ मा मतदानको दिन भएको घटनामा प्रहरीको गोली लागी मृत्यु भएका संजिव अयडी र काग्रेसका कार्यकर्ताबाट चेतनीदप अयडीका हत्या गरिएको भनिएको विषय झापा, सुनसरी पाँचथर, सुर्खेत, कैलाली लगायतका जिल्लाहरूमा बम विष्फोटका केही घटनाहरू भएको । कैलाली, कञ्चनपुर, मोरङ्ग, दैलेख, डोटी, अछाम लगायतका जिल्ला स्थित केही मतदानस्थल नजिकै विष्फोटक पदार्थ भेटिएको । हुम्ला, दार्चुला, बाजुरा, दोलखा, रौतहट, सिराहा, चितवन लगायतका जिल्लाहरूमा राजनीतिक दलका कार्यकता बीच झडप हुँदा केही व्यक्ति घाइते भएको घटना, स्याङ्जाको निर्वाचन क्षेत्र नं २ चापकोट, बाजुराको बुढिनन्दामा बुथ कब्जा गरिएका भनिएको घटनाका, पर्सा जिल्लामा भारतबाट नक्कली मतपत्र नेपालभित्र भित्र्याइएको विषय, डडेल्धुरामा स्वतन्त्र उम्मेदवार सागर ढकालको सवारी साधनलाई सभासम्मेलन गर्न रोक भन्ने विषय, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रवि लामीछानेको घरदैलो कार्यक्रममा प्रयोग भएको गाडी तोडफोड भएको घटनाले प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन ०७९ सम्पूर्णरूपमा शान्तिपूर्ण भयरहित निष्पक्ष निर्वाचनको लागि समस्या बनेको देखिन्छ । एकै चरणमा प्रदशे तथा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरिँदा यस्ता प्रकारका केही घटना हुनुलाई अस्वभाविक मान्न सकिँदैन ।

निर्वाचनमा आफ्नो अमूल्य मत जाहेर गर्न मतदाताले मतपत्रमा छाप लगाउने र मतपेटिकामा खसाल्ने गर्नुपर्दछ । यो प्रक्रिया विगतका धेरै आवधिक निर्वाचनदेखी चलिआएको विधि हो । आधुनिक समयमा यो विधि र प्रक्रियाले मतदान र मतगणना लगायतका कार्यहरू सुस्त र खर्चिलो बनाउने देखिँदा समग्र निर्वाचन प्रक्रियालाई चुस्तदुरुस्त र पारदर्शी बनाउनका लागि हाल धेरै मुलुकमा प्रचलनमा आइसकेको विद्युतीय मतदान प्रणालीको अवलम्बन गर्नु उपयुक्त देखिन्छ ।

राजनीतिक दलहरूले निर्वाचनका बेला आफ्नो प्रचार-प्रसारका लागि विभिन्न स्थानहरूमा सभा, सम्मेलन र जुलुसहरूको आयोजना गर्ने र मतदातासमक्ष आफ्ना चुनावी प्रतिबद्धताहरू सञ्चार गर्ने गर्दछन । राजनीतिक दलहरूबीच निर्वाचनको समयमा सभा,सम्मेलन गर्ने प्रतिस्पर्धा नै चल्ने गरेको देखिएको छ । यस किसिमको प्रतिस्पर्धाले सर्वसाधारण नागरिकलाई विभिन्न किसिमका शास्ती भोग्नुपर्ने अवस्थाको सिर्जना भएको देखिन्छ । जस्तैः बाटो जाम हुने सवारी साधनको आवागमनमा अवरोध सिर्जना हुने, विद्यालयको पठनपाठनसमेत प्रभावित हुने, सभासम्मेलन आयोजना गर्न ठुलो आर्थिक स्रोत खर्च हुने जसका कारण राजनीतिक दलहरूमा चन्दा सहयोग माग्ने प्रवृत्ति अझ बढदै जाने । उल्लेखित समस्या र सास्तीहरूलाई न्यूनीकरण गर्न राजनीतिक दलहरूले निर्वाचन लक्षित अभियान सञ्चालन गर्दा विभिन्न सञ्चार माध्यामहरूको प्रयोग गर्ने , टेलिभिजनहरूमा खुला बहसका कार्यक्रम सञ्चालन गर्ने, स्थानीय एफ.एम रेडियोहरूमार्फत आफ्ना चुनावी प्रतिबद्धता र वाचाहरूलाई मतदातासमक्ष पुऱ्याउने गर्नु समय सान्दर्भिक हुने देखिन्छ ।

निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मत जाहेर गर्ने अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनु लोकतन्त्र र मानव अधिकारको आधारभूत सिद्धान्त विपरीत हो । यो तथ्यलाई ख्याल गर्दै आगामी निर्वाचनहरूमा वैदेशिक रोजगारीको सिलसिलामा ठुलो सङ्ख्यामा विभिन्न मुलुकमा रहेका नेपाली नागरिकहरूलाई समेत मतदानको अधिकार

प्रदान गर्नु आवश्यक र अपरिहार्य हुने देखिन्छ। त्यस्तै लामो समयदेखि विभिन्न अस्पतालहरूमा भर्ना भई उपचाररत दिर्घरोगी, अशक्तहरूलाई समेत मतदान गर्ने अधिकार उपभोग गर्ने अवसर प्रदान गर्नु मानव अधिकारका दृष्टिकोणले आवश्यक देखिन्छ। यसको साथै सम्मानित सर्वोच्च अदालतबाट NO Vote का सम्बन्धमा विगतमा भएको फैसलाको कार्यान्यवन गर्नु पनि उत्तिकै जरुरी देखिन्छ।

निर्वाचन सुरक्षालाई लक्षित गर्दै ठुलो सङ्ख्यामा म्यादी प्रहरी भर्ना गर्ने कार्यले निर्वाचन प्रक्रियालाई अत्याधिक खर्चिलो र सरकार पक्षबाट निर्वाचनमा प्रभाव पर्न जाने सम्भावना पनि रहने देखिन्छ। म्यादी प्रहरीको रूपमा ठुलो सङ्ख्यामा निर्वाचन सुरक्षामा खटिने तर मतदान प्रक्रियामा सहभागि हुन नपाउँदा उनिहरू मतदान गर्न पाउने अधिकारबाट वञ्चित भएको अवस्था छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी लगायतका सुरक्षा निकायहरूको समन्वयात्मक परिचालन मार्फत निर्वाचनलाई शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्दै म्यादी प्रहरी भर्ना गर्ने कार्यलाई आगामी दिनमा निरुत्साहित गर्नु उपयुक्त हुने देखिएको।

अधिकांश विद्यालय भवनहरूलाई नै मतदान केन्द्रको रूपमा तोकिदा मतदानको केही दिन अघिदेखिनै विद्यालयको पठनपाठन बन्द गर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ। निर्वाचनका कारण विद्यालयको पठनपाठन बन्द हुने, अस्पतालका सेवाहरूसमेत प्रभावित हुने देखिएको अवस्थामा आगामी दिनमा निर्वाचन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन प्रत्येक पालिका अन्तर्गतका वडाहरूमा बहुउपयोगी सामुदायिक भवनहरू निर्माण गरी तिनै भवनहरूलाई मतदानकेन्द्र, मतगणनास्थल लगायतका कार्यहरूमा उपयोग गर्नु सान्दर्भिक हुने देखिन्छ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन निर्वाचन आयोगले मौन अवधिमा विशेष अनुगमन र निगरानी गर्नुपर्ने देखिन्छ। यस अवधिमा मतदातालाई प्रभावित पार्ने साथै विभिन्न किसिमका प्रलोभनमा पार्ने कार्यहरू राजनीतिक दलका उम्मेदवार र कार्यकर्ताहरूबाट हुने गरेको देखिएकाले यसतर्फ निर्वाचन प्रक्रियासँग सम्बन्धित सरोकारवाला निकाय विशेष चनाखो हुनुपर्ने देखिन्छ।

संविधानले नै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको वर्तमान सन्दर्भमा निर्वाचन प्रक्रियामा कानुनद्धारा नै सुनिश्चित गरिएको महिला,दलित, पिछडिएको वर्गको लगायतका सिमान्तकृत समुदायको सार्थक सहभागिता र समावेशितालाई व्यवहारिक रूपमै सुनिश्चित गरिनु जरुरी देखिन्छ। निर्वाचनका समयमा राजनीतिक दलहरूवीचमा हुने गठबन्धनका कारण समावेशी प्रतिनिधित्वमा असर परेको देखिँदा यसतर्फ स्वयं राजनीतिक दलहरू जिम्मेवार भएर प्रस्तुत हुनु आवश्यक देखिन्छ।

## विशेष वर्ग समुदायको निर्वाचनमा सहभगिताको विश्लेषण

कैलालीको धनगढी उप महानगरपालिका वडा न ५ स्थित पञ्चोदय माध्यमिक विद्यालयलाइ अपाङ्गमैत्री भनी मतदान केन्द्र निर्माण गरिएतापनि एक जना अपाङ्ग ह्विल चियरमा आउदा समस्या देखिएको थियो। नुवाकोटको विदुर नगरपालिकाको त्रिशुली मावि सुलोचना, त्रिभुवन मावि किस्पाङ, कालिकाको स्वास्थ्य चौकीमा, त्रिसुली आधारभूत विद्यालय, नुवाकोट, किस्पाङको त्रिभुवन मावि मतदानस्थल, रसुवाको कालिका स्थानको स्वास्थ्य चौंकी, गोसाईकुण्डको भन्सार नाका भएको मतदानस्थल अत्यन्त साधुरो रहेको पाइएको थियो। हेलम्बु गाउँपालिकामा रहेको मानेभञ्ज्याङ मतदानस्थल, तालामाराङ, सिन्धुपाल्चोक मतदानस्थल अपाङ्गमैत्री नभएका कारण मतदानस्थलमा पुग्न

अपाङ्ग, अशक्त र गर्भवती महिलालाई अप्ठ्यारो रहेको पाइयो भने मतपेटीका समेत अग्लो स्थानमा हुँदा अपाङ्गता भएकाले सहजरूपमा मतदान गर्न नपाएको, जाजरकोट जिल्ला, भेरी नपा वडा नं १ को वागेश्वरी आ.वि.मा मत खसाल्न आएका ज्येष्ठ नागरिक, बच्चा बोकेका महिला, गर्भवती र अभिभावकसँग मतदान स्थलमा आएका बालबालिकाहरू यातायातको असुविधा, तीनचार घण्टा पैदल हिँड्नुपर्ने अवस्था रहेको लगायतका विषयलाई विश्लेषण गर्दा अधिकाशं मतदानस्थल विद्यालय परिसरमा भएकाले मतदान केन्द्रहरूमा प्रवेश गर्ने धेरैजसोमा प्रवेशद्वार एउटै भएको, एकैचोटी मतदाता आउदा भीड, हुल भएको अवस्थामा मतदानस्थल र अशक्तहरूलाई सुरक्षितरूपमा मतदान कसरी गराउने भन्ने विकल्प समेत भएको पाइएन । स्थलगत रूपमा हेर्दा अधिकांश मतदान केन्द्रहरूमा अपाङ्गता र अशक्तहरूको लागी ह्वील चेयर छिर्नसक्ने व्यवस्थापन गर्नुपर्नेमा सो समेत भएको देखिएन । मतदानस्थल छनौंट गर्दा अपाङ्गता र अशक्त भएका व्यक्तिहरूको समेत मतदान गर्न पाउने अधिकार हो भन्ने कुरालाई बेवास्ता गरेको प्रतीत हुन्छ । यसमा भौगोलिक रूपमा समेत समस्या देखिएको पाइयो । यसर्थ आगामि दिनमा निर्वाचन आयोगले मतदानस्थलको छनौंट, मतदाता शिक्षा, कर्मचारीलाई उचित तालिम र श्रोतसाधनको उचित प्रबन्ध, गर्न आवश्यक देखिन्छ ।

प्रमुख राजनैतिक दलहरूले अपाङ्गता भएको व्यक्तिहरूलाई उम्मेदवार बनाएको पाइएन । यिनीहरूलाई केवल मतदातामात्र बनाएको पाइयो । मतदान गर्न जाँदाको अवस्थामा यिनीहरूको अवस्था के-कस्तो रह्यो भनी विश्लेषण गर्दा सामान्यतया विद्यालयहरूलाई मतदान केन्द्र बनाइएको र विद्यालय आफैँ अपाङ्गमैत्री नभएको हुँदा व्हील चियर लिएर जाने अपाङ्गहरूलाई खासै सहज मतदान थिएन । दृष्टि विहिन र ज्येष्ठ नागरिकहरूलाई मतदानमा लाइन बस्नुनपर्ने सुविधा दिए पनि मतदान गर्दा मतदाता शिक्षाको कमी रहेको देखिन्थ्यो र त्यस्ता व्यक्तिहरूको मत अन्य व्यक्तिले दुरुपयोग गरेको अवस्था पनि देखियो । यस्ता समस्या समाधान गर्न विद्युतीय मतदान सहज हुन सक्दछ ।

मतदान केन्द्रहरूमा लाइनको व्यवस्थापन र मतदान गर्ने ठाउँहरू जस्तैः टेवुल,कुर्सी,उचाईको अवस्था समेत अपाङ्गता लगायत हरेक अवस्थाका मतदाताहरू समेत आउन सक्छन भनेर व्यवस्थापन (Design) गरिएको पाइएन । जसमा ह्वीलचेयर छिर्नसक्ने छुट्टै लाइनको प्रयाप्त स्थान व्यवस्थापन नहुदा अशक्तहरूले कसैको सहारा लिएर वा नलिएर समेत लाइनमा बसी सहजरूपमा मतदान गर्न सकिने अवस्था देखिएन । यसैगरि अर्को पाटो मतदान अधिकृतहरूलाई आफ्नो जिम्मेवारी भएको केन्द्रमा कति सङ्ख्यामा अपाङ्गता, शारिरीकरूपमा अशक्त, जेष्ठ नागरिक वा फरक क्षमता भएका व्यक्ति मतदाता छन् त्यसको तथ्याङ्क समेत नभएको र जानकारी समेत भएको देखिएन । मतदानस्थल अधिकांश विद्यालय भएकाले मतदान केन्द्रहरूमा प्रवेश गर्ने प्रवेशद्धार एउटै भएका, स्थलगतरूपमा हेर्दा अधिकांश मतदान केन्द्रहरूमा अपाङ्गता र अशक्तहरूको लागी ह्वील चेयर छिर्नसक्ने लाइनको व्यवस्थापन गर्नुपर्ने त्यो समेत देखिएन । यसबाट मतदानस्थल छनौंट गर्दा अपाङ्गता र अशक्त भएका व्यक्तिहरूको समेत मतदान गर्न पाउने अधिकार हो भन्ने कुरालाई बेवास्ता गरेको प्रतीत हुन्छ ।

निर्वाचन आयोगले यसपटकको निर्वाचनमा कारागारमा रहेका कैदीवन्दीहरूलाई समानुपातिक निर्वाचनमा मतदान गर्न दिने निर्णय सकारात्मक रहेको भए पनि देशभरी २७१९३ कैदीबन्दी रहेको १५ देखि २० प्रतिशत कैदीबन्दीको नाम अन्तिम मतदाता नामावलीमा आएको हुँदा सो प्रतिशताम कैदीबन्दीले मतदानको अधिकार प्रयोग गरेको छ । हुम्ला कारागारमा रहेका २० मध्ये १५ जना कैदीबन्दीलाई हतकडीसहित मतदानमा सहभागिता गराएको विषयलाई निष्पक्ष मताधिकारबाट वञ्चित गरेको भन्न सकिने अवस्था देखिन्छ ।

नेपालबाट अन्य देशहरूमा आप्रवासी नेपाली श्रमिकहरूको सङ्ख्याका २२ लाख र भारतमा रहेको नेपाली श्रमिकहरूको

सङ्ख्या ९ लाख पचास हजार भन्दा बढि रहेको देखिन्छ। यसरी हेर्दा कुल सङ्ख्या ३२ लाख १० हजार ८ सय ४८ को तथ्याङ्क रहेको पाइन्छ। राष्ट्रिय मानव अधिकार आयोगबाट पनि आप्रवासी नेपाली श्रमिकहरूको मतदानको अधिकार सुनिश्चित गर्न नेपाल सरकारलाई सिफारिस गरिसकेको छ। सम्मानित सर्वोच्च अदालतबाट समेत कानुन, नीति तथा नियम मञ्चको रिट निवेदन (Writ No. 073/WO/1149; order date: 16 March, 2018 (2074/12/02) मा नेपाल सरकारको नाममा परमादेश जारी गरिसकेको ६ वर्ष वितिसकेको र यस बीच चार वटा निर्वाचनसमेत सम्पन्न भइसकेको अवस्था छ तर अहिलेसम्म पनि आदेश कार्यान्वयनले सार्थकता पाउन सकेको छैन।

यस पटकको निर्वाचनमा दलहरूले बालबालिको प्रत्यक्ष प्रयोग नगरे पनि प्रचारको लागि निर्मित भिडियोमा बालबालिकालाई नृत्य गराउने/गीत गाउन लगाउने र टिकटकजस्ता समाजिक सञ्चालमा प्रकाशन गर्ने, प्रचार प्रयोजनको लागि विद्यालय परिसर नै प्रयोग गर्ने जस्ता कार्यहरू भएको आयोग र सिजपबाट गरिएको अनुगमनमा देखिएको छ। हालसम्म प्राप्त तथ्यांङ्कअनुसार यस्तो ११३ क्रियाकलाप कुल ७२ जिल्लामा देखापरेको छ। जसमा एमालेले सबैभन्दा बढी बालबालिकाको प्रयोग गरेको (३२.२८%), दोस्रोमा प्रयोग गर्नेमा नेपाली काङ्ग्रेस (१८.११%) रहेको र बालबालिकका प्रयोगमा नेकपा माओवादीको तेस्रो बढी संलग्नता (११.८१%) रहेको देखिन्छ। उक्त विषय बालअधिकारको हननको रूपमा हेर्नुपर्ने हुन्छ। निर्वाचन आचारसंहिता तथा बालबालिकासम्बन्धी ऐन को ६६ (२) (छ) ले बालबालिकालाई राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्नेजस्ता कार्यलाई बाल हिंसा मानी दण्डनीय बनाएको अवस्था छ। कानुनले प्रष्ट रूपमा निषेध गरेको अवस्थामा पनि राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग हुनुले अनुगमन प्रभावकारी नभएको तथ्यमाथि प्रकाश पारेको छ।

### कानुनी बिश्लेषणः

नेपालको संविधानको प्रस्तावनाको चौथो हरफले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा र पाचौ हरफमा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन लाई प्रत्याभूत गरिएको छ भने भाग ३ को मौलिक हकअन्तर्गत धारा १७ स्वतन्त्रताको हकमा उपधारा २ मा (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता धारा १८ समानताको हकको उपधारा १,२ र ३, त्यसैगरी धारा ३८ को उपधारा ४ ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको ग्यारेन्टी गरेको छ भने धारा ४० दलितको हकमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ साथै धारा ४२. सामाजिक न्यायको हकअन्तर्गतः सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी/जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सिमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ। संविधानको धारा ८४ मा प्रतिनिधिसभाको गठनसम्बन्धी व्यवस्था र धारा १७६ मा प्रदेशसभाको गठनसम्बन्धी व्यवस्था गरिएको छ।

संविधानको प्रभावकारी कार्यान्वयको लागि आवधिक निर्वाचन अनिवार्य रहन्छ। निष्पक्ष, स्वतन्त्र र भयरहित निर्वाचन बिना विधिको शासनको परिकल्पना गर्न सकिँदैन। मानव अधिकारको संरक्षण, सम्मान र परिपूर्तिका लागि लोकतन्त्र अपरिहार्य व्यवस्था हो। लोकतन्त्र बिना मानव अधिकारको परिकल्पना गर्न सकिँदैन। त्यसैले लोकतन्त्रलाई संस्थागत गर्न र प्रभावकारी कार्यान्वयन गर्न निष्पक्ष र स्वतन्त्र निर्वाचन मुख्य आधारस्तम्भ हो।

बिकास लकाई खड्का समेत विरुद्ध सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ने.का.प. २०७०, अंक १०, निं.नं. ९०६९

अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत व्यक्तिले आफूलाई लागेको कुरा व्यक्त गर्न पाउनुपर्दछ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्बाधरूपमा उपलब्ध पनि हुनुपर्दछ। आफूलाई मन लागेको कुरा व्यक्त गर्ने कुरा अन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ। आफ्नो चयन वा रोजाइ व्यक्त गर्ने कुनै प्रयोजनको लागि कुनै प्रक्रिया गरिन्छ भने सो स्वीकार वा इन्कार गर्ने अधिकार पनि व्यक्तिको हुन्छ। यही विचार अभिव्यक्तिको सार्वभौम मान्यता भित्र प्रजातन्त्रको पनि गुणस्तर र औचित्य अनुप्राणित भइरहेको हुने।

अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत जसरी बोल्ने अधिकार (Right to speak) हुन्छ चुप लाग्न पाउने अधिकार (Right to silence) पनि त्यसैमा नीहित हुन्छ। ठीक त्यसै प्रकारले मत दिन पाउने अधिकार (Right to Vote) अन्तर्गत मत नदिने वा उम्मेद्वारलाई आफ्नो मत दिन्न भन्ने अधिकार (Right not to vote) पनि पर्दैन भन्न नमिल्ने। कायम भएका उम्मेद्वारहरूप्रति असन्तुष्टि भएमा तिनलाई अस्वीकार गर्ने अधिकार जबसम्म जनतामा हुँदैन तबसम्म सरकारमा जनताको प्रतिनिधित्व भएको मान्न सकिँदैन र यस्तो सरकार साँचो अर्थमा वैधानिक सरकार (Legitimate Government) को रूपमा अस्तित्वमान् भएको नमानिने।

राजनीतिक दलले उठाएका उम्मेद्वारलाई छनौट गर्न पाउने अधिकार (Right to Select) नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार (Right to Reject) पनि त्यसमा नीहित हुने। मतदान गर्न नगएको विषयका सम्बन्धमा नागरिकको गोपनीयताको अधिकार (Right to secrecy) को रक्षार्थ उम्मेद्वारलाई मन नपराएको कारण मतदान गर्न नजाने अवस्था नै सिर्जना हुन नदिनका लागि पनि मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने व्यवस्था गर्नु आवश्यक हुने।

तसर्थ सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका आधारमा समेत बिचार र अभिव्यक्तिको बिषय संर्किण बनाउन सकिने अवस्था हुदैन

जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभावबिना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुने कुराको सुनिश्चता मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा २ गरिएको छ। घोषणा पत्र को धारा १९ मा प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुन, त्यस्तै प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र सङ्गठनको स्वतन्त्रताको अधिकार छ र कुनै पनि व्यक्तिलाई कुनै पनि सङ्गठनमा लाग्न वा नलाग्न बाध्य गराउन सकिने छैन भन्ने व्यवस्था घोषणा पत्रको धारा २० मा गरिएको छ। प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिमार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ। यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता बमोजिम नागरिकले प्रयोग गर्न पाउने व्यवस्था घोषणा पत्रको धारा २१ ले व्यवस्था गरेको छ।

नागरिक तथा राजनितिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ३५ ले प्रत्येक नागरिकलाई कुनै पनि भेदभावबिना तथा अनुचित प्रतिबन्धहरूबिना प्रत्यक्ष वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार तथा गोप्य मतदानबाट मतदाताहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने व्यवस्था गरेको छ

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १ ले सबै जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्ना राजनीतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन भन्ने कुराको व्यवस्था गरेकोछ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा २, ३ र ४ मा महिलालाई पुरुष सरह समान कानुनी संरक्षणको व्यवस्था गर्ने तथा कुनै पनि निकायहरूमा भेदभावको कुनै पनि कार्य विरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने, महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानुन, नियम, परम्परा र व्यवहारहरू परिवर्तन वा उन्मूलन गर्न कानुनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने, पुरुष सरह महिलाहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने, महिलाको पूर्ण विकास समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सब क्षेत्रमा कानुनी व्यवस्था लगायतका सम्पूण उपर्युक्त उपायहरू अवलम्बन गर्नुपर्ने, सकारात्मक विभेद लगायतका विशेष व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ।

जातीय भेदभावविरुद्धको महासन्धि, १९६५ को धारा २ मा पक्ष राष्ट्रहरूले परिस्थिति अनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण तथा समान उपभोगको प्रत्याभूति गर्ने प्रयोजनको लागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्याप्त विकास र संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउनुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै धारा ५ मा सवै निकायहरू समक्ष समान व्यवहार गरिनुपर्ने, निर्वाचनमा भाग लिन पाउने अधिकारको व्यवस्था गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ धारा २९ मा अन्य व्यक्ति सरह अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिक जीवनमा भाग लिन पाउने, अन्य व्यक्तिहरू मतदान गर्ने तथा निर्वाचित हुने अधिकार लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी र पूर्णरूपमा सहभागी हुन पाउने अधिकारको सुनिश्चितता गरेको छ। नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरूको परिपालना तथा कार्यान्वयन नेपाल कानुन सरह गर्नु पर्ने दायित्व पनि नेपाल सरकारको रहेको छ।

संविधानको धारा १७ ले, प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता तथा नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता प्रत्याभूत गरेको छ। त्यसै गरी धारा ३८ को उपधारा ४ ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको ग्यारेन्टी गरेको छ। त्यसैगरी धारा ४१ ले जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षणको हक हुने व्यवस्था गरेको देखिन्छ। यदयूपी सबै मतदानस्थलहरूमा जेष्ठ नागरिक, महिला र अपाङ्गता भएका नागरिकहरूको सहजरूपमा मतदान गर्ने अधिकारको संरक्षण गर्ने उचित प्रयास भएको देखिएन

यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले मिति २०७४।१२।०७ मा एउटा परमादेशको रिटमा (०७३-wo-११४९) नेपाल सरकारलाई निर्देशनात्मक आदेशमा निर्वाचन र नागरिकको मतदानको अधिकारको सम्बन्धमा विस्तृतरूपमा व्याख्या गरेको छ । जसमा भनिएको छ, "निर्वाचनमा नागरिकहरूको आफ्नो इच्छा अभिव्यक्त गर्ने माध्यम हो । लोकतन्त्रमा मतदानमार्फत नै नागरिकहरूले कसलाई प्रतिनिधि छान्ने तथा कस्तो कानुन तथा नीति निमार्ण गर्ने जस्ता आधारभूत प्रश्नहरूमा आफ्नो धारणा अभिव्यक्ति गर्ने भएकोले नागरिकको मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि अन्योन्याश्रित रूपमा जोडिएको छ। संविधानले दिएको मदानको अधिकार अन्तर्गत मतदान गर्न पाउने अवसरको अधिकार पनि अन्तरनिहीत रहेको हुन्छ। संविधानले मतदानको अधिकार प्रदान गर्ने तर राज्यले सहजरूपमा मतदान गर्ने अवसर सिर्जना नगर्ने हो भने संविधानले व्यवस्था गरेको उक्त अधिकार निरर्थक र प्रयोजनहिन हुनजाने हुन्छ।"

निर्वाचनसम्बन्धी मौजुदा घरेलु कानुनहरूको प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को परिच्छेद ६ को दफा ३५ मा मतदान केन्द्र तोक्ने सम्बन्धी व्यवस्था र मापदण्ड तोकिएको देखिन्छ। मतदान केन्द्र उपयुक्त छ वा छैन, त्यसमा थपघट गर्नुपर्ने वा सार्नुपर्ने अवस्था भएमा निर्वाचन अधिकृतले निर्वाचन आयोगलाई जानकारी गरि स्विकृत लिई त्यसको व्यवस्थापन गर्नसक्ने व्यवस्था गरिएको देखिन्छ। त्यस्तै प्रदेशसभा सदस्य निर्वाचन ऐन,२०७४ मा यो व्यवस्था गरिएको छ।

निर्वाचन (कसूर तथा सजाय ) ऐन, २०७३ को दफा ३३ मा माथि उल्लेखित कार्यसम्पादन गर्न निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा खटिने कर्मचारी वा सुरक्षाकर्मी वा निर्वाचन आयोगबाट खटाइएको अनुगमनकर्ता आफ्नो पदीय जिम्मेवारीबाट पन्छिन मिल्दैन । यदि आफ्नो जिम्मेवारीबाट पन्छिएमा निजको सेवा सर्त र सुविधा सम्बन्धी कानुनबमोजिम कारबाही गरिने व्यवस्था गरिएको देखिन्छ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रस्तावनामै सबै प्रकारको भेदभावको अन्त्य गरी उनीहरूको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्नुपर्ने उल्लेख भएको पाइन्छ। ऐ.को दफा ६ मा उनीहरूको स्थानीय तहले तथ्याङ्क सङ्कलन गरी मन्त्रालय तथा प्रदेश सामाजिक क्षेत्र हेर्ने मन्त्रालयलाई विवरण उपलब्ध गराउनुपर्ने र मन्त्रालयले एकिकृत विवरण बनाई उनीहरूको अधिकार संरक्षणका लागि आवश्यक व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको पाइन्छ। यसैगरि ऐ.ऐनको दफा ७ मा अन्य व्यक्तिसरह अपाङ्ग, अशक्त भएका नागरिकहरूलाई समान अधिकार पाउने र ऐ.दफा ११ मा निर्वाचनमा अन्य व्यक्तिसरह भयमूक्त वातावरणमा निर्वाचनमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ भनी कानुनी रूपमै संरक्षण गरेको देखिन्छ। यस प्रकार माथि उल्लेखित सवैधानिक र कानुनी व्यवस्थाहरूको अध्ययन गर्दा त्यसको पूर्णरूपमा परिपालना हुनुपर्ने देखिन्छ।

नेपालको संविधानले महिलाको हकको बारेमा व्यवस्था गर्दै धारा ३८ (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुनेछ भन्ने व्यवस्था गरेको छ भने उपधारा (५) मा सकारात्मक विभेदको सुविधा समेत दिइएको छ। राज्यका सबै क्षेत्रमा महिलाको समावेशी प्रतिनिधित्व हुने गरिने भन्ने संविधानको आधारभूत व्यवस्था भएको र धारा ३८(४)(५) समेतलाई दृष्टिगत गरि संविधानको धारा ८४(१)(क) मा " नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकुलता तथा विशिष्टताका आधारमा एकसया पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने

एक सय पैसठ्ठी सदस्य” निर्वाचित हुने व्यवस्था गरेको छ। उल्लेखित संवैधानि व्यवास्था बमोजिम १६५ निर्वाचन क्षेत्र निर्धारण गर्न प्रतिनिधिसभा निर्वाचन क्षेत्र निर्धारण ऐन २०७३ तर्जुमा भएको हो। उक्त ऐनको दफा ५ मा “यस ऐन बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मूख्य र भूगोललाई दोश्रो आधार मानी निर्धारण गरिने छ” भन्ने व्यवास्था रखिएबाट संविधानको धार ८४(१)(क) मा रहेको “विशिष्टता” भन्ने शब्द हुन गई संविधानको भावना विपरीत उक्त ऐन निर्माण भएको स्पष्ट देखिन्छ। उल्लेखित “विशिष्टता” भन्ने शब्दको संवैधानिक आधारलिई १६५ निर्वाचन क्षेत्रको १/३ अर्थात ५५ वटा निर्वाचन क्षेत्रमा सबै प्रदेश र निर्वाचन क्षेत्रमा चक्रीय प्रणालीबाट महिलालाई मात्र आरक्षण गरी धारा ३८(४) र (५) को सकारात्मक विभेदअन्तर्गत महिला मात्र उम्मेदवार हुन पाउने कानुनी व्यवस्था गर्न सकेमा सहभागीमुलक महिलाको उपस्थिति हुन सक्ने हुँदा त्यस्तो कानुनी व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ।

(नोट यस प्रकारको व्यवस्था भारतमा गर्न सन २००८ मा १०८ औं संविधान संशोधन मार्फत प्रयास गरिएकोमा राज्य सभाबाट पारित भइसकेको छ र लोकसभामा रोकिएको लामो समय भइसकेको छ।)

## ५.२ सिफारिस तथा सुझावहरू:-

अनुगमनबाट प्राप्त तथ्यमा आधारित विश्लेषण, संवैधानिक, प्रचलित कानुनी व्यवस्था र नेपाल पक्ष रहेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा सर्वोच्च अदालतबाट निर्वाचनका सन्र्दभमा प्रतिपादित नजीरहरूका आधारमा निम्नानुसारको सुझाव तथा सिफारिस सम्वन्धित निकायहरुलाइ पेश गर्नुपर्ने देखिन्छः

**(क) नेपाल सरकारलाई सुझाव/सिफारिस**

- आयोगबाट प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन २०७४ अन्तर्गत नेपाल सरकार समक्ष प्रदान गरिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने।

  (जस्तैः निर्वाचन आयोगलाई निर्वाचनको मिति तोक्ने अधिकार दिनुपर्ने। विद्यालयमा मतदानस्थल नराख्न वैकल्पिक मतदान केन्द्रको लागि आवश्यक पूर्वाधार तयार गर्ने कार्य थालनी गर्नपर्ने, अपाङ्गमैत्री निर्वाचन केन्द्र पहिचान गर्ने साथै साविकका सबै मतदान केन्द्रहरूलाई समयमै अपाङ्गमैत्री बनाउने, धार्मिक स्थलहरूमा मतदान केन्द्र नराख्ने आदि )
- नागरिकता नभएका व्यक्तिहरु (विशेष गरी महिलाहरू) मतदान प्रक्रियाबाट वञ्चित भएको पाइएकोले नागरिकताको समस्या समाधान गरी मताधिकार सुनिश्चित गरिनुपर्ने।
- मतदान प्रकृयमा हुने खर्चलाई मितव्ययी बनाउन, मतदान प्रक्रियामा सहज पहुँचको अभिवृद्धि गर्न तथा निर्वाचनलाई निष्पक्ष, धाँधली रहित एवं छिटो छरितो निर्वाचन परिणामका लागि विद्युतीय मतदान प्रणालीको व्यवस्था गरिनुपर्ने।
- सर्वोच्च अदालतको आदेश एवं आयोगबाट विगतमा गरिएको सिफारिश बमोजिम वैदेशिक रोजागारीमा रहेका व्यक्तिको मताधिकार सुनिश्चित गर्न आवश्यक कानुनी र संरचनात्मक व्यवस्था गरिनुपर्ने।
- निर्वाचन मिति तोक्दा कृषकहरुको व्यस्तता तथा मौसमी पक्षलाइ समेत ध्यान दिनुपर्ने।
- विविध किसिमका अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसारको उपयुर्क्त प्रविधि प्रयोग गरी मतदान शिक्षा, सूचना तथा सामाग्रीको उत्पादन र वितरणको व्यवस्था मिलाउनुपर्ने।

- तीन तहका (स्थानीय, प्रदेश र सङ्घीय) सरकारहरूले तथ्याङ्क अद्यावधिक गरी मतदानस्थलको उचित छनौंट गर्न समन्वय र सहकार्यमा गर्नुपर्ने ।
- निर्वाचनका कारण विद्यालयको पठनपाठन बन्द हुने, अस्पतालका सेवाहरू समेत प्रभावित भएको देखिएकोले आगमी निर्वाचनमा अति आवश्यक सेवाहरु, विद्यालयको पठन पाठन र अस्पतालनको सेवा लगायत बन्द नहुने सुनिश्चिात हुनु पर्ने
- निर्वाचनलाई व्यवस्थित र प्रभावकारी बनाउ तथा प्राकृतिक विपत्ती एवं समाजिक सेवा एकै स्थलबाट प्रवाह गर्नको लागि प्रत्येक पालिकाका वडाहरूमा बहुउपयोगी सामुदायिक भवनहरू निर्माण गरी तिनै भवनहरूलाई मतदानकेन्द्र, मतगणनास्थल लगायतका कार्यहरूमा उपयोग गर्नुपर्ने ।
- बदर मतको प्रतिशत कम गर्न मतदान शिक्षालाई प्रभावकारी बनाउन निर्वाचन आयोगसँग आवश्यक समन्वय गरि व्यवस्थापन गर्नुपर्ने ।
- मतदाताहरुको गोप्य मतदानको अधिकार सुनिश्चत हुने गरि मतदानकेन्द्रमा सुरक्षाकर्मी परिचालन गरिनुपर्ने ।

**(ख) निर्वाचन आयोगलाई सुझाव ⁄ सिफारिस**

१. मतदान प्रकृयमा हुने खर्चलाई मितव्ययी बनाउन, मतदान प्रक्रियामा सहज पहुचँको अभिवृद्धि गर्न तथा निर्वाचनलाई निष्पक्ष, धाधँली रहित एवं छिटो छरितो निर्वाचन परिणामका लागि विद्युतीय मतदान प्रणालीको व्यवस्था गरिनुपर्ने ।

२. स्थानिय तहमा समेत सहजरूपमा मतदाता नामावली सङ्कलन गर्ने कार्य नियमित गर्नुपर्ने ।

३. वैदेशिक रोजगारीमा रहेका नागरिकहरूको मताधिकार सुनिश्चित गर्न आवश्यक कानूनी लगायतका व्यवस्थापन गर्नुपर्ने ।

४. निर्वाचनमा खटिएका सबै कर्मचारी, अनुगमनकर्ता, तथा पर्यवेक्षकलाई समानुपातिकतर्फ मतदानको अधिकारको सुनिश्चत गरिनुपर्ने ।

५. मतदाता शिक्षालाई तालिका बनाएर नियमित सञ्चालन गर्नेुपर्ने ।

६. मतदानको दिन समेत सुरक्षाको आकल गरि सोही अनुरुप सार्वजनिक यातायता सुचारु हुन सकेमा अधिक नागरिकहरु मतदानमा सहभागि हुनसक्ने साथै अशक्त, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सहज हुने हुँदा सोही अनरुप प्रवन्ध गर्नुपर्ने ।

७. कारागारका कैदीबन्दी र लामो समय अस्पतालहरुमा उपचारार्थ भर्ना भएका मतदानको लागि योग्यता पुगेको व्यक्तिहरुको मताधिकार सुनिश्चितको लागि विवरण सङ्कलन गरिनुपर्ने ।

८. केही स्थानमा मतदाता सूचीमा नाम भएकाहरूको पनि मतदाता परिचयपत्र प्राप्त नभएको, केही परिचयपत्रहरूमा बाबु-आमाको नाम, वास्तविक ठेगाना, नामका अक्षरहरू नै गल्ती भेटिएकोले यस्ता त्रुटिहरूलाई दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउनुपर्ने ।

९. निर्वाचनसंग सम्बन्धित कानूनहरुमा सुधार गर्नु पर्ने बिषयहरु जस्तै मतदाता नामावली ऐन २०७३ मा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै मितिमा नगरी अलग-अलग मितिमा गर्नुपर्ने, राष्ट्रिय परिचयपत्र, नागरिकताको प्रमाणपत्र लिए पश्चात् स्वतः मतदाता नाममावलीमा समावेश हुने, मृत्यूदर्ता प्रमाणपत्र लिए

पश्चात् स्वतः मतादाता नामावलीमा नाम कट्टी हुने गरी विद्युतिय माध्यमा अद्यावधीक गरिनुपर्ने, त्यसै गरि राजनैतिक दलहरूलाई संविधानले तोकेको सामाजिक समावेशी सिद्धान्त अनुशरण गर्न सक्ने पारदर्शी र मानव अधिकारको सवालमा अझ जिम्मेवार बनाउन नियमन र सुपरिवेक्षण गर्ने सम्बन्धमा निर्वाचन आयोगलाई थप कानुनी अधिकारको व्यवस्था गर्नुपर्ने

१०. सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश बमोजिम राजनीतिक दलले उठाएका उम्मेद्धवारलाई अस्वीकार गर्न पाउने अधिकार मत पत्रमा No vote सम्वन्धी व्यवस्था तथा (Right to Reject) सम्वन्धी व्यवस्था हुनुपर्ने देखिन्छ।

११. अपाङ्गता तथा असक्त भएका व्यक्तिहरुको वारेश मार्फत मतदान गर्ने सिलसिलामा अधिकाँश ठाउँमा वादविवाद सृजना भएको पाइएकोले त्यस तर्फ थप संवेदनशिल भइ व्यवस्थापन गरिनुपर्ने।

(ग) **राजनैतिक दल तथा उम्मेदवारहरुलाई**

- राजनीतिक दलहरूले प्रत्यक्ष तर्फ उम्मेदवार चयन गर्दा संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाइ न्यून अवसर दिएको पाइदा राजनीतिक दलहरू जिम्मेवार हुनुपर्ने।

- निर्वाचन प्रचार-प्रसारमा ठूला राजनीतिक दलहरूबाट बालबालिकाको अप्रत्यक्ष र परोक्षरूपमा प्रयोग भएको देखिँदा बालबालिकाको प्रयोग रोक्न थप संवेदनशील बन्नुपर्ने।

- राजनीतिक दलका उच्चतहको नेतृत्व र प्रतिस्पर्धीबाट घृणात्मक अभिव्ययक्त प्रयोग भएको देखिँदा जिम्मेवार बन्नुपर्ने ,

- समाजिक सञ्जाल मार्फत प्रचार-प्रसार गर्दा मर्यादित रूपले निर्वाचन आचारसंहिताको उल्लङ्घन नहुने गरी गर्नुपर्ने।

- घोषणापत्रमा उल्लेखित मानव अधिकारको स्थापित मूल्य, मान्यतालाई आत्मसात गरी सो अनुरूप कार्य गरिनुपर्ने।

- चुनावी प्रचार-प्रसारमा हुने ठूलो खर्चलाई घटाउन विभिन्न सञ्चार माध्यमहरूको प्रयोग गर्ने, टेलिभिजनहरूमा खुला बहसका कार्यक्रम सञ्चालन गर्ने, स्थानीय एफ.एम रेडियोहरूमार्फत चुनावी प्रतिबद्धता र वाचाहरूलाई मतदाता समक्ष पुऱ्याउने आवश्यक व्यवस्थापन गरिनुपर्ने

- झापा, सुनसरी पाँचथर, सुर्खेत, स्याङ्गजा, रामेछाप, कैलाली, कञ्चनपुर, मोरङ्, दैलेख, डोटी, अछाम, बाजुरा, उदयपुर, मधेश प्रदेश जिल्लाहरुका केही स्थानहरुमा प्राय जसो सबै निर्वाचनमा राजनैतिक दलहरु बीच मनमुटाव, झैझगडा, झडप लगायतका घटना भएका र केही स्थानमा मानिसको मृत्यु समेत देखिएकोले सो स्थानहरुमा निर्वाचन अगावै राजनैतिक दलहरु बीच सदभाव कायम गर्ने गरी छलफल संवाद गर्न जरुरी रहेको देखिन्छ।

(घ) **सञ्चारकर्मीहरूलाई सुझाव**

१. मतदाता शिक्षालाई प्राथमिकता साथ प्रकाशन प्रसारण गर्न/गराउने।

२. निर्वाचन आचार-संहिता र सद्‌भावपूर्ण सन्देशलाई उच्च प्राथमिकता दिइ प्रकाशन एवं प्रशारण गर्ने।

३. मानव अधिकारमैत्री तथा विशेष वर्ग समुदायको मतदानको अधिकार र समावेशी प्रतिनिधित्वको सन्देश/समाचार सम्प्रेषण गर्न/गराउने।

४ कुनै उम्मेदवार वा दल विशेषको पक्षपोषण हुने खालका सामग्री सम्प्रेषण नगर्न/नगराउने।,

(ङ) **अनुगमनकर्ता, पर्यवेक्षक संस्था तथा मानव अधिकारकर्मीहरूलाई सुझाव**

१. काम कारबाहीमा निष्पक्षता, तटस्थता कार्यदक्षता, व्यवसायिकता, प्रभावकारिता, जवाफदेहिता बहन गर्न सक्ने व्यक्तिलाई पर्यवेक्षकको रूपमा खटाउने।

२. पर्यवेक्षकको छनौट गर्दा यथासम्भव स्थानीयभन्दा अन्य क्षेत्रलाई प्राथमिकतामा राख्ने।

३. निर्वाचनको क्रममा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका विषयहरूलाई सुक्ष्मतम रूपमा अनुगमन गरी सार्वजनिक गर्ने, गराउने

४. पर्यवेक्षक खटाउदा लैगिक एवं समावेशीतामा ध्यान दिइ दुर्गम क्षेत्रका स्थानिय तहसम्म पुग्ने गरि परिचालन गरिनु पर्ने।

अनुसूची-एक

# राष्ट्रिय मानव अधिकार आयोगबाट जारी गरिएको

**(मानव अधिकारको दृष्टिकोणबाट) निर्वाचनको अनुगमन गर्दा पालना गर्नुपर्ने आचारसंहिता**

मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन र निर्वाचन प्रक्रियाको अनुगमन गर्ने प्रत्येक अनुगमनकर्ताले निर्वाचन आयोगबाट जारी भएको अतिरिक्त निम्नबमोजिमको आचार-संहिताको पालना गर्नुपर्दछ।

**पालाना गर्नुपर्ने**

१. यो आचार-संहिताको पालना गर्नु प्रत्येक अनुगनकर्ताको कर्तव्य हुनेछ।

२. निर्वाचन अनुगमनमा खटिएका अनुगमनकर्ताले आफ्नो पहिचान खुल्ने परिचय-पत्र सहित सबैले देख्ने गरी पोशाक लगाउनुपर्दछ। अनुगमनको क्रममा प्रयोग गरिएको परिचयपत्र, पोशाक, प्रतीक चिन्ह र अन्य सामाग्रीको उचित सम्भार गर्नुपर्दछ।

३. अनुगमनकर्ताले निर्वाचनमा खटिएका कर्मचारीहरू र अन्य सम्बन्धित सरोकारवालाहरूलाई आफ्नो, आफूले प्रतिनिधित्व गरेको संस्था र अनुगमनको उद्देश्यको बारेमा स्पष्ट र सही जानकारी दिनुपर्दछ।

४. अनुगमनकर्ताले निर्वाचन अनुगमनका सबै प्रक्रियामा स्वतन्त्र, निष्पक्ष, तटस्थ र विश्वसनीयता कायम गर्नुपर्दछ।

५. निर्वाचन अनुगमनक्रममा विभिन्न जातजाति, भाषाभाषी, सम्प्रदाय, वर्ग, लिङ्ग, धर्म, क्षेत्र र संस्कृतिको सम्मान गर्दै लैङ्गिक संवेदनशीलता अपनाउनुपर्दछ।

६. अनुगमनकर्ताले नैतिकता र सदाचारको पालना गर्दै मर्यादित र शालीन भाषाको प्रयोग र सबैप्रति बिनापूर्वाग्रह र पक्षपातरहित व्यवहार गर्नुपर्दछ।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी मापदण्डको सम्मान गर्दै मानव अधिकारको पालना र सम्मानप्रति निष्ठावान रहनुपर्दछ।

८. निर्वाचनमा खटिएका सबै किसिमका कर्मचारीहरू र निर्वाचन पर्यवेक्षण वा अनुगमनमा खटिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग सम्मानपूर्वक व्यवहार गर्नुपर्दछ।

९. अनुगमनकर्ताले आयोगबाट निर्धारित रुजुसूचीको आधारमा अनुगमन र अवलोकन गरी सूचना तथा तथ्याङ्क सङ्कलन गर्नुपर्दछ।

१०. अनुगमनको क्रममा निर्वाचन आयोगबाट खटिएका अनुगमनकर्ता र अनुमति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग आवश्यकताअनुसार समन्वय गर्नुपर्दछ।

११. अनुगमनको क्रममा कुनै पक्षबाट कुनै पनि किसिमको बाधा, अवरोध सिर्जना भएमा वा सुरक्षा संवेदनशीलताको अवस्था उत्पन्न भई अनुगमनकर्ताबाट तत्काल निर्णय लिनसक्ने अवस्था नभएमा आफू सुरक्षित रही आयोग वा कार्यालय प्रमुख वा सुरक्षा अधिकृतसँग तत्काल समन्वय गरी थप निर्णय लिनुपर्दछ।

१२. अनुगमनकर्ताले आफ्ना अभिव्यक्ति र व्यवहारबाट कसैको भावनामा आघात नपुगोस् भन्ने विषयमा सचेत रही आफ्ना विषयहरू प्रस्तुत गर्दा उनीहरूलाई हुनसक्ने हानीतर्फ ध्यान दिनुपर्दछ।

१३. अनुगमनको क्रममा प्रत्यक्ष वा परोक्षरूपमा प्राप्त सूचना तथा जानकारीको गोपनीयता कायम राख्नुपर्दछ।

१४. स्थानीय बासिन्दाहरूको धर्म, संस्कृति, रहनसहन र परम्पराको सम्मान गर्नुपर्दछ।

१५. सबै राजनितिक दल र उम्मेदवारहरूबीच समदुरी कायम राख्दै आफूबाहेक अन्य निकायको कार्यादेशको सम्मान गर्नुपर्दछ।

१६. लैंगिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति वा समुदाय, सिमान्तकृत तथा अति सिमान्तकृत समुदाय र जोखिममा रहेका समुदायप्रति सधैँ संवेदनशील रहनुपर्दछ।

१७. अनुगमन अवधिमा तत्काल कुनै सूचना प्रवाह गर्नुपर्ने भएमा आयोगको प्रवक्तामार्फत त्यस्तो सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८. निर्वाचन अनुगमनबाट फर्किएको एक हप्ताभित्र अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालय प्रमुख वा आयोगको केन्द्रीय कार्यालयको सन्धि अनुगमन महाशाखा समक्ष पेस गरी त्यसको बोधार्थ सचिवलाई दिनुपर्दछ।

**अनुगमनको क्रममा गर्न नहुने कार्यहरू** कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार-प्रसारमा संलग्न हुन, सामाजिक सञ्जाल वा सञ्चारमाध्ययबाट सन्देश प्रवाह गर्न, टीका टिप्पणी गर्न वा इङ्गित गर्न पाइने छैन। आयोगले खटाएको अवस्थामा अनुगमन प्रयोजनको लागि राजनितिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलनजस्ता कार्यक्रममा भने भाग लिन सकिनेछ।

१. नागरिकको निर्वाचन/मतदान गर्न पाउने अधिकारमा कुनै पनि नकारात्मक प्रभाव पार्ने कार्य गर्न हुँदैन।

२. निर्वाचन/मतदान कार्यमा खटिएका प्रमुख निर्वाचन अधिकारी देखि मतदान अधिकृत तथा अन्य कर्मचारीहरूको कार्यमा बाधा पुऱ्याउनसाथै मतदानको गोपनीयता भङ्ग हुनेगरी तस्बीर खिच्न हुँदैन।

३. अनुगमनको क्रममा कसैलाई पनि हानि नपुऱ्याउने (Do no harm) सिद्धान्त विपरीतको कार्य गर्न हुँदैन।

४. अनुगमनसँग सम्बन्धित कुनै विषयमा आफ्नो नाता, सम्बन्ध, स्वार्थ वा हित गाँसिएको अवस्थामा अनुगमनकर्ता अनुगमन कार्यमा संलग्न हुनुहुँदैन।

५. आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनितिक, वैचारिकलगायतका आस्थाका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न र मानव मर्यादामा असर पर्ने कुनै पनि कार्यहरू गर्न हुँदैन।

६. अनुगमन कार्यमा खटिएको अवस्थामा कुनै पनि राजनितिक दल, उम्मेदवार, मतदाता वा खास समुदायको अनावश्यक र अप्रासङ्गिक टीकाटिप्पणी गर्न हुंदैन ।

७. अनुगमन अवधिमा अनुशासन र नैतिक आचरण विपरीत मादक पदार्थ एवम् धुम्रपानको सेवन गर्न तथा जुवा तास खेल्न हुँदैन ।

८. कसैलाई पनि अनावश्यक प्रलोभन देखाउने, उक्साउने, होच्याउने वा झिँझ्याउने र आफ्नो परिचय वा अन्य कुरा ढाँटेर वा छलेर सूचनाहरू सङ्कलन गर्न हुँदैन ।

९. आयोगले खटाएको काममा आफ्नो छुट्टै व्यक्तिगत राय बनाइ कुनै पनि सञ्चारमाध्यम वा सामाजिक सञ्जालमा सार्वजनिक गर्न हुंदैन ।

१०. अनुगमनमा प्रयोग भएका परिचयपत्र, लेटरप्याड, पोशाकलगायत आयोगसँग सम्बन्धित कुनै वस्तु, प्रतीक चिन्ह आदिको दुरूपयोग गर्न हुँदैन ।

११. अनुगमनको सिलसिलमा प्राप्त भएका तथ्याङ्क, सूचनाहरू, गोप्य सूचना, कर्तव्य पालन गर्दा जानकारीमा आएको वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागज पत्र आयोगको पूर्वस्वीकृति नलिई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यम वा सामाजिक सञ्जालमा सार्वजनिक गर्न, कसैलाई दिन वा प्रकाशन वा प्रसारण गर्न, गराउन हुंदैन ।

१२. आर्थिक अनियमितता गर्ने, कसैमाथि कुनै पनि प्रकारले अनुचित व्यवहार गर्ने तथा आयोगप्रति अनास्था उत्पन्न गर्ने, दुर्भावना फैल्याउने, मर्यादा तथा विश्वसनियतामा आँच आउने कुनै पनि कार्य गर्न हुंदैन ।

१३. राजनितिक दल र उम्मेदवारहरूबीच पक्षपातपूर्ण र भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।

१४. टोली सदस्यहरूबीच असमझदारी बढाउने गरी कुनै कार्य गर्न हुँदैन ।

*नोटः आचार-संहिताको पालना नभएमा कर्मचारीहरूको हकमा सचिव र सदस्यहरूको हकमा अध्यक्षले गुनासो सुनी प्रचलित कानुनबमोजिम कारबाही अगाडी बढाउन सक्नेछ । अन्य पर्यवेक्षक/अनुगमनकर्ताको हकमा सम्बन्धित संस्थाको निमयन सम्बन्धी व्यवस्था वा निर्वाचन आयोगबाट जारी आचार-संहिताबमोजिम हुनेछ ।*

अनुसूची-दुई

# निर्वाचन अनुगमन गरिएका जिल्ला र अनुगमन टोलीहरू

आयोगबाट प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ को मानव अधिकारका दृष्टिकोणबाट तीननै चरणमा अनुगमन गर्न ४२ वटा टोलीबाट ६६ वटा जिल्लाहरूको अनुगमन गरिएको थियो ।

**प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अनुगमनका लागि गठित उच्चस्तरीय टोली**

| क्र.सं. | नाम | अनुगमन गरिने जिल्ला | कैफियत |
|---|---|---|---|
| टोली नं. १ | मा. तपबहादुर मगर-अध्यक्ष रा.मा.अ. आयोग<br>मा. कमला पारजुली अध्यक्ष राष्ट्रिय महिला आयोग<br>मा. रामकृष्ण तिमिल्सेना अध्यक्ष राष्ट्रिय समावेशी आयोग<br>वीरबहादुर बुढामगर-उपसचिव | काठमाडौँ, ललितपुर, | मतदानको दिन अनुगमन |
| टोली नं. २ | मा.सुर्यप्रसाद शर्मा ढुङ्गेल सदस्य, रा.मा.अ.आ<br>किरण घिमिरे ना.सु | सप्तरी ,धनुषा, महोत्तरी, सर्लाही र रौतहट | निर्वाचनका तिनै चरणमा |
| टोली नं. ३ | मा मिहिर ठाकुर सदस्य रा.मा.अ.आ<br>दिपेन्द्रबहादुर सिंह मा.अ.अ. | डडेल्धुरा, गोरखा, रौतहट र झापा | मतदानपुर्व डडेल्धुरा, गोरखा, रौतहट अनुगमन |
| टोली नं. ४ | मा. मनोज दुवाडी - सदस्य रा.मा.अ.आ<br>रमेशकुमार थापा मा.अ.अ.<br>दिपक थापा- मा. अ. अ. | रूपन्देही, कपिलवस्तु, दाङ काभ्रे र भक्तपुर | मतदानपुर्व लुम्बिनी प्रदेशको अनुगमन |
| टोली नं. ५ | मा.लिली थापा-सदस्य रा.मा.अ.आ<br>सरिता ज्ञवाली-उपसचिव<br>मन्जु खतिवडा-उपसचिव | बारा, पर्सा, धनुषा र सप्तरी काठमाडौँ ६,७ र ८ | मतदानपुर्व मधेश प्रदेशको अनुगमन |
| टोली नं. ६ | गौरी प्रधान -पूर्व सदस्य रा.मा.अ.आ<br>कैलाशकुमार शिवाकोटी-मा.अ.अ. | काठमाडौँ र नुवाकोट | मतदानको दिन अनुगमन |
| टोली नं. ६ | सुशिल प्याकुरेल-पूर्व सदस्य रा.मा.अ.आ<br>जीवन न्यौपाने-मा.अ.अ. | रामेछाप, दोलखा | मतदानको दिन अनुगमन |
| टोली नं. ७ | यज्ञप्रसाद अधिकारी - सहसचिव रा.मा.अ.<br>लोकनाथ घिमिरे- ना.सु. | काठमाडौँ ४, ५ , ललितपुर १ | मतदानको दिन अनुगमन |

| क्र.सं. | नाम | अनुगमन गरिने जिल्ला | कैफियत |
|---|---|---|---|
| टोली नं. ८ | डा.टीकाराम पोखेल-सहसचिवरा.मा.अ. आ<br>कल्पना बस्याल - प्रशासकीय अधिकृत<br>माया गैरै -ना.सु. | भक्तपुर १ र २ | मतदानको दिन अनुगमन |
| टोली नं. ९ | सम्झना शर्मा -सहसचिव रा.मा.अ.आ<br>मणिराम थापा-ना.सु.<br>इन्दिरा पोखेल | काठमाडौं १ र २ | मतदानको दिन अनुगमन |
| टोली नं. १० | नितु गर्तौला - उपसचिव रा.मा.अ.आ<br>रञ्जिता शाह-मा.अ.अ.<br>सागर श्रेष्ठ-ना.सु | ललितपुर २ र ३ | मतदानको दिन अनुगमन |
| टोली नं. ११ | मुरारीप्रसाद खरेल -का.मु.सचिव रा.मा.अ.<br>मधु सुनाम -मा.अ.अ.<br>मुक्तिराम सुवेदी - ना.सु. | काठमाडौं ३ | मतदानको दिन अनुगमन |
| टोली नं १२ | सुदिप पाठक -पूर्व सदस्य रा.मा.अ.आ<br>कमल थापा क्षेत्री -मा.अ.अ. | काठमाडौं ६,७, ललितपुर | मतदानको दिन अनुगमन |
| टोली न. १३ | नवराज सापकोटा-सहसचिव रा.मा.अ. आ<br>अनिज परियार-ना.सु. | धादिङ | मतदानको दिन अनुगमन |

**अन्य आयोगबाट खटिनुभएका पदाधिकारीज्यूहरू** (मतदान-पूर्व, मतदानको दिन )

**राष्ट्रिय समावेशी आयोग**

| क्र.स. | पद | पदाधिकारीको नाम र थर | अनुगमन गरिएका जिल्लाहरू |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष | डा.रामकृष्ण तिमल्सेना | आवश्यकतानुसार |
| २. | माननीय सदस्य | विष्णुमाया ओझा | मकवानपुर र मधेश प्रदेशका जिल्लाहरू |
| ३. | माननीय सदस्य | हरिदत्त जोशी | वाग्मती प्रदेश (मकवानपुरबाहेक) |
| ४. | माननीय सदस्य | पुष्पराज तिमिल्सिना | गण्डकी प्रदेशका जिल्लाहरू |
| ५. | माननीय सदस्य | मनप्रसाद खत्री | सुदूरपश्चिम प्रदेशका जिल्लाहरू |

**थारु आयोग**

| क्र.स. | पद | पदाधिकारीको नाम, थर | अनुगमन गरिएका जिल्लाहरू |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष | विष्णुप्रसाद चौधरी | कैलाली, कञ्चनपुर |
| २. | माननीय सदस्य | सुवोध सिंह थारु | दाङ र वर्दिया |
| ३. | माननीय सदस्य | डा.उमाशंकरप्रसाद चौधरी | रूपन्देही, कपिलवस्तु, नवलपुर |
| ४. | माननीय सदस्य | भोलाराम चौधरी | झापा, मोरङ र सुनसरी |

**मुस्लिम आयोग**

| क्र.स. | पद | पदाधिकारीको नाम, थर | अनुगमन गरिएका जिल्लाहरू |
|---|---|---|---|
| १. | माननीय सदस्य | महमद अली | अर्घाखाँची, गुल्मी र पाल्पा |

**दलित आयोग**

| क्र.स. | पद | पदाधिकारीको नाम, थर | अनुगमन गरिएका जिल्लाहरू |
|---|---|---|---|
| १. | माननीय सदस्य | मीना सोव | कैलाली र कञ्चनपुर |
| २. | माननीय सदस्य | मेहल पार्की | काभ्रे र सिन्धुपाल्चोक |

**जनजाति आयोग**

| क्र.स. | पद | पदाधिकारीको नाम, थर | अनुगमनमा खटिनुहुने जिल्लाहरू |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष | रामबहादुर थापा | सिराहा सप्तरी |
| २. | माननीय सदस्य | डा.सूर्यबहादुर गुरुङ्ग | दोलखा, रामेछाप |
| ३. | माननीय सदस्य | रिना राना | पर्वत, वाग्लुङ्ग |

**मधेशी आयोग**

| क्र.स. | पद | पदाधिकारीको नाम, थर | अनुगमनमा खटिनुहुने जिल्लाहरू |
|---|---|---|---|
| १. | माननीय अध्यक्ष | डा. विजयकुमार दत्त | काठमाडौँसहित मधेश प्रदेशका जिल्लाहरू |
| २. | माननीय सदस्य | जीवछ साह | मधेश प्रदेशका जिल्लाहरू |
| ३. | माननीय सदस्य | रेणुदेवी साह | सुदूरपश्चिम, गण्डकी र प्रदेश १ का जिल्लाहरू |
| ४. | माननीय सदस्य | विजय कुमार गुप्ता | लुम्बिनी प्रदेशका जिल्लाहरू |
| ५. | माननीय सदस्य | आभा कुमारी | आवश्यकता अनुसार |

## राष्ट्रिय मानव अधिकार आयोगबाट

### प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को अवधिमा

### अनुगमनमा खटिने टोलीहरूको विवरण : ६७ जिल्ला

| क.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम |
|---|---|---|---|
| १. | प्रदेश नं १ | ताप्लेजुङ<br>पाँचथर<br>इलाम | पवनकुमार भट्ट र<br>चिरञ्जीवी कोइराला |
| | | झापा<br>मोरङ | गीता दाहाल र<br>खिला रेग्मी |
| | | सुनसरी<br>उदयपुर | घनश्याम भण्डारी र<br>जीतेन्द्र कार्की |
| | | खोटाङ<br>भोजपुर | मन्दिरा श्रेष्ठ र<br>पम्फादेवी मैनाली |
| | | ओखलढुङ्गा<br>सोलुखुम्बु | किरण वराम र<br>नेत्रप्रसाद गौतम |
| २ | मधेश प्रदेश | सिरहा<br>महोत्तरी | मन्जु खतिवडा,<br>मनमाया रानामगर र<br>राजिव कर्ण |
| | | वारा<br>पर्सा<br>रौतहट<br>सर्लाही | सरिता ज्ञवाली र<br>रेखा दत्त |
| | | धनुषा<br>सप्तरी | मञ्जु खतिवडा र<br>कृष्णप्रसाद मिश्र |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम |
|---|---|---|---|
| ३. | वाग्मती प्रदेश | भक्तपुर<br>काभ्रे | यज्ञप्रसाद अधिकारी र<br>रेवा रेग्मी |
| | | धादिङ्ग<br>चितवन | यज्ञप्रसाद अधिकारी,<br>रारा कर्माचार्य र<br>लोकनाथ घिमिरे |
| | | सिन्धुली<br>रामेछाप | लक्ष्मी पौडेल (स्याङ्जा) र<br>विजया उप्रेती |
| | | दोलखा<br>सिन्धुपाल्चोक | यज्ञप्रसाद अधिकारी र<br>अस्मिता पोखरेल |
| | | रसुवा<br>नुवाकोट | झंकरबहादुर रावल र<br>कृष्णनारायण श्रेष्ठ |
| ४. | गण्डकी प्रदेश | स्याङ्जा<br>तनहु<br>कास्की | मायादेवी शर्मा र<br>टंकप्रसाद खनाल |
| | | पर्वत<br>वाग्लुङ<br>पूर्वरुकुम | मोहन काफ्ले र<br>खिमलाल सुवेदी |
| | | लम्जुङ<br>गोरखा<br>तनहुँ | सन्तोष आचार्य,<br>अनिशकुमार पौडेल |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम |
|---|---|---|---|
| ५. | लुम्बिनी प्रदेश | रूपन्देही | सोमनाथ सुवेदी,<br>अजित ठाकुर र<br>टिकाराम पन्थी |
| | | अर्घाखाँची<br>गुल्मी<br>पाल्पा | बुद्धनारायण साहनी र<br>लोककुमार श्रेष्ठ |
| | | कपिलवस्तु | दीपक ठाकुर र<br>बिमला लाखे |
| | | नवलपरासी पश्चिम | इन्द्रजित सहनी र<br>कृष्णप्रसाद अधिकारी |
| | | दाङ<br>कपिलवस्तु<br>रूपन्देही | रमेश थापा |
| | | बाँके<br>वर्दिया | द्वारिकाकुमारी अधिकारी र<br>सुमित्रा राई |
| | | रोल्पा<br>प्यूठान | श्यामबाबु काफ्ले र<br>दयाराम पाठक |
| ६. | कर्णाली प्रदेश | सुर्खेत<br>दैलेख<br>जाजरकोट | लोकनाथ वास्तोला र<br>नरेन्द्र खत्री |
| | | रुकुम पश्चिम<br>सल्यान | रमेश रावत र<br>नारायण बस्नेत |
| | | जुम्ला<br>मुगु<br>कालिकोट | चन्द्रकान्त चापागाईं र<br>धनराज शाही |
| ७. | सुदूरपश्चिम प्रदेश | कंचनपुर<br>डडेल्धुरा<br>कैलाली | हरिप्रसाद ज्ञवाली र<br>विदेशराम चौधरी |
| | | डोटी<br>अछाम<br>बाजुरा | कुमारी महरा र<br>सीता रेग्मी |
| | | वैतडी<br>दार्चुला | गणेशराज जोशी र<br>भुपेन्द्रबहादुर धामी |

| क.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम |
|---|---|---|---|
| ८ | बालबालिका शान्ति क्षेत्र अभियानसँगको सहकार्यमा | रूपन्देही, कपिलबस्तु, दाङ्ग, बाँके र बर्दिया | सन्धया पुडासैनी र कल्पना नेपाल आचार्य |
| ९ | बालबालिका शान्ति क्षेत्र अभियानसँगको सहकार्यमा | सुर्खेत, जाजरकोट र पश्चिम रुकुम | यशोदा बन्जाडे र अम्विका घिमिरे |

**केन्द्रीय कार्यालयको टोली र जिम्मेवारी**

| कर्मचारीको नाम | पद | जिम्मेवारी |
|---|---|---|
| १.दिपकजङ्गध्वज काकी | -सहसचिव | संरक्षण विभाग |
| २.मोहनदेव जोशी | -उपसचिव | अनुगमन महाशाखा |
| ३.रेगम महर्जन | -मा.अ.अ | लैङ्गिक तथा समाजिक पक्षको समन्वय |
| ४.कल्पना झा | -मा.अ.अ | मधेश प्रदेशसँग समन्वय |
| ५.खिमानन्द बस्याल . | -मा.अ.अ | गण्डकी प्रदेशसँग समन्वय |
| ६.तारादेवी वाग्ले | -मा.अ.अ. | सुदुरपश्चिम प्रदेशसँग समन्वय |
| ७.दुर्गा पोखेल | -मा.अ.अ. | सञ्चारक्षेत्रसँग समन्वय |
| ८. रेखा बास्तोला | -मा.अ.अ. | प्रदेश नं १ सँग समन्वय |
| ९. राजेन्द्र न्यौपान | -मा.अ.अ. | प्रशासनिक व्यवस्थापन |
| १०. सुजता लोहनी | -मा.अ.अ. | कर्णाली प्रदेशसँग समन्व |
| ११. रुना महर्जन | -मा.अ.अ. | कानुनी विश्लेषण लुम्बिनी प्रदेशसँग समन्वय |
| १२. पूर्णिमा राणा | -मा.अ.अ | बालबालिका र वाग्मती प्रदेशसँग समन्वय |
| १३. बाबुकाजी के.सी. | -सुरक्षा अधिकृत | सुरक्षा व्यवस्थापन |
| १४. समन मानन्धर | -सूचना प्रविधि सहायक | |
| १५.डेगराज भट्टराई | -ना.सु. | समग्र सूचना दस्ताबेजीकरण |

अनसुची-तीन

# निर्वाचन अचारसंहिता विपरीत प्रचारप्रसार लगायतका राजनीतिक गतिविधिमा बालबालिका प्रयोग सम्बन्धमा तथ्याङ्क

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| १ | | पाँचथर निर्वाचन क्षेत्र, मिक्लाजुङ | नेकपा एमाले | बालबालिकालाई कलाकारको रूपमा प्रयोग गरी गीत/नृत्यमा संलग्न गराएको |
| २ | | सिन्धुपाल्चोक निर्वाचन क्षेत्र २ मेलम्ची नपा ११ कटुञ्जे | नेपाली काङ्ग्रेस | " |
| ३ | | काभ्रे निर्वाचन क्षेत्र १ महाभारत गापा ६ | नेपाली काङ्ग्रेस | " |
| ४ | | सुनसरी निर्वाचन क्षेत्र ३ | नेपाली काङ्ग्रेस | प्रचारप्रसार कार्यक्रमका लागि निर्मित गीतको भिडियो तथा कार्यक्रममा बालबालिका प्रयोग |
| ५ | कार्तिक १७ गते टिकटकमा भिडियो पोष्ट भएको | | नेकपा (एमाले) | चुनाव प्रचारप्रसार कार्यक्रमका लागि बालबालिकाको भिडियो तयार पारेको |
| ६ | | मोरङ निर्वाचन क्षेत्र ३ | नेकपा (एमाले) | चुनाव प्रचारप्रसार कार्यक्रममा बालबालिकाको प्रयोग |
| ७ | | चितवन निर्वाचन क्षेत्र ३ | रा.प्र.पा. | " |
| ८ | | मोरङ निर्वाचन क्षेत्र ३ | नेकपा (एमाले) | " |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ९ | | रुकुम-पश्चिम निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन दल | ” |
| १० | | मोरङ निर्वाचन क्षेत्र ६ | नेकपा (एमाले) | ” |
| ११ | | सुनसरी निर्वाचन क्षेत्र ४ | ज.स.पा. एमाले गठबन्धन | चुनाव प्रचारप्रसार कार्यक्रममा विद्यालय तथा बालबालिकाको प्रयोग |
| १२ | | महोत्तरी निर्वाचन क्षेत्र ३ क | ज.स.पा.रएमाले तालमेलकाप्रदेशसभा उम्मेदवार | चुनाव प्रचारप्रसार कार्यक्रममा बालबालिकालाई प्रयोग |
| १३ | | बर्दिया निर्वाचन क्षेत्र १ | नेपाली काङ्ग्रेस, नेकपा (माओवादी, नेकपा )एकीकृत समाजवादी) गठबन्धन दल | ” |
| १४ | | | नेपाली काङ्ग्रेस केन्द्रिय प्रचारप्रसार समिति | बालबालिकालाई प्रयोग गरी बनाएको भिडियो प्रकाशन |
| १५ | | सिरहा निर्वाचन क्षेत्र ३ | नेकपा (माओवादी लगायत गठबन्धन दलका उम्मेदवारहरू | चुनाव प्रचारप्रसार कार्यक्रममा बालबालिकाको प्रयोग |
| १६ | | नवलपरासी प. निर्वाचन क्षेत्र १ | नेपाली काङ्ग्रेस | ” |
| १७ | | कपिलवस्तु निर्वाचन क्षेत्र २ | नेपाली काङ्ग्रेस | ” |
| १८ | | कैलाली निर्वाचन क्षेत्र २ ख | स्वतन्त्र उम्मेदवार भरत कुमार शाही | चुनाव प्रचारप्रसार कार्यक्रम तथा गीतको भिडियोमा बालबालिका प्रयोग |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| १९ | | महोत्तरी निर्वाचन क्षेत्र ३ख | स्वतन्त्र उम्मेदवार दिपेन्द्र मधेसी | चुनाव प्रचारप्रसार कार्यक्रममा बालबालिका प्रयोग |
| २० | | बाग्लुङ निर्वाचन क्षेत्र १ | नेपाली काङ्ग्रेस र जनमोर्चाकोगठबन्धन दलका उम्मेदवारहरू | बालबालिकालाई प्रयोग गरी गीत तथा नृत्य गराएको |
| २१ | | | नेपाली काङ्ग्रेस | निर्वाचन प्रचारप्रसार कार्यक्रममा बालबालिकालाई प्रयोग |
| २२ | | दाङ निर्वाचन क्षेत्र ३ क | नेकपा (एमाले)का उम्मेदवार कोमल वली | " |
| २३ | | सप्तरी निर्वाचन क्षेत्र १ क | मा नेकपा (एमाले) ज.स.पा गठबन्धनका उम्मेदवारहरू | " |
| २४ | | सिरहा निर्वाचन क्षेत्र ३ | नेकपा (एमाले) ज.स.पा गठबन्धनका उम्मेदवारहरू | " |
| २५ | | अछाम निर्वाचन क्षेत्र १ | नेकपा (एमाले)का उम्मेदवारहरू | " |
| २६ | | बझाङ निर्वाचन क्षेत्र | नेकपा (एमाले)का उम्मेदवार | कलाकारको रूपमा बलबालिका प्रयोग |
| २७ | | रामेछाप निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन दलका उम्मेदवार | " |
| २८ | | सङ्खुवासभा निर्वाचन क्षेत्र १ | राष्ट्रिय स्वतन्त्र पार्टी | निर्वाचन प्रचारप्रसार कार्यक्रममा प्रयोग |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| २९ | | रौतहट निर्वाचन क्षेत्र ३ | राष्ट्रिय स्वतन्त्र पार्टी | " |
| ३० | | म्याग्दी निर्वाचन क्षेत्रमा | लोकतान्त्रिक बाम गठबन्धन दलका उम्मेदवार | निर्वाचन प्रचारप्रसारमा विद्यालय तथा बालबालिकाको प्रयोग |
| ३१ | | नुवाकोट निर्वाचन क्षेत्र १ | नेकपा (एमाले) | प्रचारप्रसारमा विद्यालय तथा बालबालिकाको प्रयोग गरेको तथा चुनावी गीतमा बालबालिका प्रयोग |
| ३२ | | म्याग्दी निर्वाचन क्षेत्रमा | नेकपा (एमाले) | प्रचारप्रसारमा बालबालिकाको प्रयोग |
| ३३ | | रसुवा निर्वाचन क्षेत्र | नेकपा (एमाले) | विद्यालयमा बालबालिका प्रयोग गरि शैक्षिक सामग्री वितरण गरेको |
| ३४ | | दोलखा निर्वाचन क्षेत्र | नेकपा (एमाले) | गीत तथा नृत्य र सांस्कृतिक कार्यक्रममा बालबालिका प्रयोग |
| ३५ | | पाल्पा निर्वाचन क्षेत्र २ | लोकतान्त्रिक बाम गठबन्धन | गुहारठाना माध्यमिक विद्यालयको हातामा बालबालिकाको प्रयोग गरी निर्वाचन प्रचारप्रसारको कार्यक्रम आयोजना |
| ३६ | मिति २०७९/७/१३ र १४ | झापा निर्वाचन क्षेत्र र गौरदह तथा क्यापा बजार, झापा | नेकपा (एमाले)का उम्मेदवार खड्ग प्रसाद ओली | उम्मेदवारसँगको जनता भेटघाट तथा अभिमुखिकरण कार्यक्रममा बालबालिकाको प्रयोग |
| ३७ | | स्याङ्जा निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | निर्वाचन प्रचारप्रसारको कार्यक्रमहरूमा बालबालिकाको प्रयोग |
| ३८ | | तनहुँ निर्वाचन क्षेत्र २ ख | नेकपा (एमाले) | प्रचारप्रसारका पोस्टर भिमाद ४ रजिडांडाको विद्यालयमा टासी बालबालिकाको प्रयोग |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ३९ | | गोर्खा निर्वाचन क्षेत्र १ | नेकपा (एमाले) प्रतिनिधिसभाका उम्मेदवार | प्रचारप्रसारका लागि तयार गरेको टिकटक भिडियोमा बालबालिकाको प्रयोग |
| ४० | | धनुषा निर्वाचन क्षेत्र ४ | नेकपा (एमाले) | प्रचारप्रसार कार्यक्रममा बालबालिकाको प्रयोग |
| ४१ | | धनुषा निर्वाचन क्षेत्र ४ | स्वतन्त्र उम्मेदवार कृष्ण कुमार महतो | ” |
| ४२ | | धादिङ निर्वाचन क्षेत्र १ | नेकपा (एमाले) | प्रचारप्रसारका कार्यक्रममा विद्यालय तथा बालबालिकाको प्रयोग |
| ४३ | | लमजुङ निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन | प्रचारप्रसारका कार्यक्रममा बालबालिकाको प्रयोग |
| ४४ | | मोरङ निर्वाचन क्षेत्र ३ | रा.प्र.पा. | ” |
| ४५ | | सप्तरी निर्वाचन क्षेत्र २ | जनमत पार्टी | ” |
| ४६ | | बारा निर्वाचन क्षेत्र १ | लोकतान्त्रिक बाम गठबन्धन (नेपाली काङ्ग्रेस) | ” |
| ४७ | | निर्वाचन क्षेत्र ४ | लोकतान्त्रिक बाम गठबन्धन | ” |
| ४८ | | वाग्मती प्रदेश | नेपाल सुशासन पार्टी, वाग्मती प्रदेशसभा समानुपातिक सदस्य उम्मेदवार | निर्वाचन प्रचारप्रसारका लागि निर्मित भिडियोमा बालबालिकाको प्रयोग |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ४९ | | धनुषा निर्वाचन क्षेत्र ३ | लोकतान्त्रिक बाम गठबन्धनका (नेपाली काङ्ग्रेस) | निर्वाचन प्रचारप्रसारका कार्यक्रममा विद्यालय तथा बालबालिकाको प्रयोग |
| ५० | | सर्लाही निर्वाचन क्षेत्र १ | लोकतान्त्रिक वाम गठबन्धनका (ने.क.पा एकिकृत समाजवादी) | " |
| ५१ | | सिन्धुली निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | " |
| ५२ | | सिन्धुली निर्वाचन क्षेत्र १ | नेकपा (एमाले) | " |
| ५३ | | सिन्धुली निर्वाचन क्षेत्र १ | नेपाली काङ्ग्रेस तथा गठबन्धन | " |
| ५४ | | बारा निर्वाचन क्षेत्र ४ | नेकपा )एकीकृत समाजवादी) तथा गठबन्धनका उम्मेदवार | प्रचारप्रसार कार्यक्रममा बालबालिबाकाको प्रयोग |
| ५५ | | | नेपाली काङ्ग्रेस पार्टी | नि. प्रचारप्रसारका लागि तयार गीतको भिडियोमा बालबालिबाकाको प्रयोग |
| ५६ | | दार्चुला निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन | निर्वाचन प्रचारप्रसार कार्यक्रम विद्यालयमा गरेको |
| ५७ | | दार्चुला निर्वाचन क्षेत्र | नेकपा (एमाले) | प्रचारप्रसार कार्यक्रममा बालबालिबाकाको प्रयोग |
| ५८ | | नवलपरासी पश्चिम निर्वाचन क्षेत्र १ | नेकपा (एमाले) | " |
| ५९ | | नवलपरासी पश्चिम निर्वाचन क्षेत्र १ | नेकपा (एमाले) ज.पा गठबन्धन | " |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ६० | | सिन्धुपाल्चोक निर्वाचन क्षेत्र २ | मा नेकपा (एमाले) | ” |
| ६१ | | सुर्खेत निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | ” |
| ६२ | | सल्यान निर्वाचन क्षेत्रमा | नेकपा (एमाले) | विद्यालय तथा बालबालिबाकाको प्रयोग |
| ६३ | | दैलेख निर्वाचन क्षेत्र २ | लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवारहरू | प्रचारप्रसार कार्यक्रममा बालबालिबाकाको प्रयोग |
| ६४ | | दैलेख निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | प्रचारप्रसार कार्यक्रम तथा भिडियोहरूमा बालबालिबाकाको प्रयोग |
| ६५ | | दाङ निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | उम्मेदवारी दर्ता गर्ने क्रममा बालबालिबाकाको प्रयोग |
| ६६ | | जाजरकोट निर्वाचन क्षेत्रमा | नेकपा (एमाले) | प्रचारप्रसारको कार्यक्रममा विद्यालय तथा बालबालिबाकाको प्रयोग |
| ६७ | | रौतहट निर्वाचन क्षेत्र २ | लोकतान्त्रिक बाम गठबन्धन | निर्वाचन प्रचारप्रसार कार्यक्रममा बालबालिबाकाको प्रयोग |
| ६८ | | हुम्ला निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन | ” |
| ६९ | | मुगु निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन | ” |
| ७० | | धनुषा निर्वाचन क्षेत्र ३ र ४ | नेकपा (एमाले) | ” |
| ७१ | | कालिकोट निर्वाचन क्षेत्र | नेकपा (एमाले) | ” |
| ७२ | | जुम्ला निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन | प्रचारप्रसारका कार्यक्रम तथा प्रचारका लागि निर्मित भिडियो सामग्रीमा बालबालिबाकाको प्रयोग |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ७३ | | जुम्ला निर्वाचन क्षेत्र | रा.प्र.पा. | " |
| ७४ | | जुम्ला निर्वाचन क्षेत्र | नेकपा (एमाले) | प्रचारप्रसारका कार्यक्रममा बालबालिबाकाको प्रयोग |
| ७५ | | कैलाली निर्वाचन क्षेत्र ४ | नेकपा (एमाले) | " |
| ७६ | | दोलखा निर्वाचन क्षेत्रमा | लोकतान्त्रिक बाम गठबन्धन दल | " |
| ७७ | | संखुवासभा निर्वाचन क्षेत्रमा | नेकपा (एमाले) | " |
| ७८ | | मकवानपुर निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | " |
| ७९ | | बैतडी निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन दल | " |
| ८० | | कञ्चनपुर निर्वाचन क्षेत्र ३ | लोकतान्त्रिक बाम गठबन्धन दल | " |
| ८१ | | बर्दिया निर्वाचन क्षेत्र २ | लोकतान्त्रिक बाम गठबन्धन दल | " |
| ८२ | | नवलपुर निर्वाचन क्षेत्र २ | लोकतान्त्रिक बाम गठबन्धन दल | " |
| ८३ | | गोरखा निर्वाचन क्षेत्र २ | नेकपा (माओवादी पार्टी लगायत गठबन्धन दल | " |
| ८४ | | कपिलवस्तु निर्वाचन क्षेत्र १ | नेकपा (माओवादी पार्टी लगायत गठबन्धन दल | " |
| ८५ | | दार्चुला निर्वाचन क्षेत्र | नेकपा (एमाले) पार्टी | प्रचारप्रसारका लागि निर्मित गीतको भिडियोमा बालबालिबाकाको प्रयोग |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ८६ | | सिन्धुपाल्चोक निर्वाचन क्षेत्र १ | नेकपा (माओवादी | प्रचारप्रसारका कार्यक्रममा बालबालिबाकाको प्रयोग |
| ८७ | | नुवाकोट निर्वाचन क्षेत्र १ | नेकपा (माओवादी | " |
| ८८ | | काभ्रे निर्वाचन क्षेत्र २ | नेपाली काङ्ग्रेस | " |
| ८९ | | पाल्पा निर्वाचन क्षेत्र १ ख | नेपाली काङ्ग्रेस | " |
| ९० | | सर्लाही निर्वाचन क्षेत्र २ | नेपाल समाजवादी | " |
| ९१ | | भोजपुर निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन दलका उम्मेदवार | " |
| ९२ | | धनुषा निर्वाचन क्षेत्र ३ | ने.क.पा एमाले ज.स.पा. गठबन्धन दलका उम्मेदवार | " |
| ९३ | | ताप्लेजुंग निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन दल | " |
| ९४ | | बैतडी निर्वाचन क्षेत्र ख | ने.क.पा एमाले | " |
| ९५ | | काठमाडौँ निर्वाचन क्षेत्र २ | लौरो चिन्ह लिएका स्वतन्त्र उम्मेदवार | " |
| ९६ | | दोलखा निर्वाचन क्षेत्र प्रदेश ख | लोकतान्त्रिक-बाम गठबन्धन दल | प्रचारप्रसारको लागि सार्वजनिक गरेको कार्यक्रम कार्यतालिकामा विद्यालयमा कार्यक्रम तय गरेको |
| ९७ | | मोरङ निर्वाचन क्षेत्र ३ | रा.प्र.पा.का | प्रचारप्रसारको कार्यक्रममा बालबालिकाको प्रयोग |
| ९८ | | कास्की निर्वाचन क्षेत्र १(क) | मा नेकपा (एमाले) | " |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| ९९ | | रौतहट निर्वाचन क्षेत्र १ | नेकपा )एकीकृत समाजवादी), नेपाली काँग्रेस, माओवादी गठबन्धन दलका उम्मेदवार | " |
| १०० | | रूपन्देही निर्वाचन क्षेत्र ३ | नेपाली काँग्रेस लगायत गठबन्धन दलका उम्मेदवार | " |
| १०१ | | लुम्बिनी प्रदेश | प्रदेशसभाका समानुपातिक उम्मेदवार डा. लेखजङ थापा | " |
| १०२ | | झापा निर्वाचन क्षेत्र ४ | स्वतन्त्र उम्मेदवार खुस्बु ओली | " |
| १०३ | | कालिकोट निर्वाचन क्षेत्र | लोकतान्त्रिक बाम गठबन्धन (नेपाली काङ्ग्रेस, नेकपा (माओवादी, नेकपा )एकीकृत समाजवादी)) | चुनावी आमसभा कार्यक्रममा बालबालिकाको प्रयोग |
| १०४ | | मोरङ निर्वाचन क्षेत्र ४ | नेकपा (माओवादी | चुनाव प्रचारप्रसार कार्यक्रममा बालबालिकाको प्रयोग |
| १०५ | | नुवाकोट निर्वाचन क्षेत्र १ | नेकपा (माओवादी | प्रचारप्रसार कार्यक्रममा विद्यालय तथा बालबालिकाको प्रयोग |
| १०६ | | धादिङ निर्वाचन क्षेत्र २ | नेपाली काङ्ग्रेस | प्रचारप्रसार कार्यक्रममा बालबालिकाको प्रयोग |
| १०७ | | जाजरकोट निर्वाचन क्षेत्र | नेकपा (माओवादी, नेपाली काङ्ग्रेस गठबन्धन दल | " |

| क्र.स | घटना मिति | स्थान | प्रचारमा बालबालिका प्रयोग गर्ने राजनीतिक पार्टी | प्रयोजन |
|---|---|---|---|---|
| १०८ | | बर्दिया निर्वाचन क्षेत्र २ | नेकपा (माओवादी | प्रचारप्रसार कार्यक्रम तथा चुनावी गीत/नृत्यमा बालबालिकाको प्रयोग |
| १०९ | | पर्वत निर्वाचन क्षेत्र | नेपाली काङ्ग्रेस, माओवादी | प्रचारप्रसारमा विद्यालय तथा बालबालिकाको प्रयोग |
| ११० | | बागलुङ निर्वाचन क्षेत्र २ | नेपाली काङ्ग्रेस, माओवादी लगायत गठबन्धन दल | " |
| १११ | | कैलाली निर्वाचन क्षेत्र ५ | नेपाली काङ्ग्रेस लगायत नेकपा (माओवादी गठबन्धन दल | " |
| ११२ | | कैलाली निर्वाचन क्षेत्र १ | नेपाली काङ्ग्रेस, नेकपा (माओवादी तथा नेकपा )एकीकृत समाजवादी) दल | प्रचारप्रसार तथा चुनावी गीत नृत्यमा बालबालिकाको प्रयोग |
| ११३ | | कैलाली निर्वाचन क्षेत्र २ | नेकपा (एमाले) | प्रचारप्रसारमा बालबालिकाको प्रयोग |

## अनसुची-४

# निर्वाचनमा समावेशिताको अवस्था

१. पहिलो हुने निर्वाचित हुने निर्वाचन अन्तर्गतको तथ्याङ्क

(क) प्रदेशसभाः

### पहिलो हुने निर्वाचित हुने निर्वाचनमा मतगणनाको आधारमा विजयी उम्मेदवारहरूको दलगत स्थिति

**कोशी प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | १७ | ० | १७ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २५ | ० | २५ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९ | ० | ९ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | २ | १ | ३ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा) | १ | १ | २ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ५ | २ | ७ |
| लेकतान्त्रिक समाजवादी पार्टी नेपाल | ४ | ० | ४ |
| नागरिक उन्मुक्ति पार्टी | २ | १ | ३ |
| राष्ट्रिय जनमोर्चा | १ | ० | १ |
| नेपाल मजदुर किसान पार्टी | १ | ० | १ |
| जनमत पार्टी | १ | ० | १ |
| स्वतन्त्र | ५ | ० | ५ |
| **जम्मा** | ७३ | ५ | ७८ |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये ६.५१ प्रतिशतमात्र महिला विजयी भएको भने ९३.४९ पुरुष विजयी उम्मेदवार रहेको पाइयो ।

**मधेश प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | १३ | ० | १३ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १४ | १ | १५ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४ | ० | ४ |
| जनता समाजवादी पार्टी, नेपाल | ९ | ० | ९ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ३ | १ | ४ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ५ | २ | ७ |
| जनमत पार्टी | ६ | ० | ६ |
| स्वतन्त्र | ५ | १ | ६ |
| **जम्मा** | **५९** | **५** | **६४** |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला ७.८१% र पुरुष ९२.१९% विजयी रहेको पाइयो ।

**बागमती प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | २३ | २ | २५ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १३ | ० | १३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १२ | २ | १४ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ४ | १ | ५ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा) | ७ | ० | ७ |
| नेपाल मजदुर किसान पार्टी | १ | ० | १ |
| हाम्रो नेपाली पार्टी | १ | ० | १ |
| **जम्मा** | **६१** | **५** | **६६** |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला ७.५७% र पुरुष ९२.४२% विजयी रहेको पाइयो ।

**गण्डकी प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | १८ | ० | १८ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ११ | १ | १२ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४ | ० | ४ |
| नेपाल समाजवादी पार्टी | १ | ० | १ |
| स्वतन्त्र | १ | ० | १ |
| **जम्मा** | **३५** | **१** | **३६** |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला २.७७% र पुरुष ९७.२२% विजयी रहेको पाइयो ।

**लुम्बिनी प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | १७ | ० | १७ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १८ | ० | १८ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४ | १ | ५ |
| जनता समाजवादी पार्टी, नेपाल | २ | ० | २ |
| नागरिक उन्मुक्ति पार्टी | २ | ० | २ |
| लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | २ | ० | २ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा) | २ | ० | २ |
| जनमत पार्टी | १ | ० | १ |
| स्वतन्त्र | ३ | ० | ३ |
| **जम्मा** | **५१** | **१** | **५२** |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये महिला १.९२% र पुरुष ९८.०७% विजयी रहेको पाइयो ।

**कर्णाली प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | ९ | ० | ९ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५ | ० | ५ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९ | ० | ९ |
| स्वतन्त्र | १ | ० | १ |
| **जम्मा** | २४ | ० | २४ |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये शतप्रतिशत पुरुषविजयी भएको पाइयो ।

**सुदुरपश्चिम प्रदेश**

| राजनीतिक दल | विजयी उम्मेदवारहरूको सूची | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| नेपाली काङ्ग्रेस | १२ | ० | १२ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३ | ० | ३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ८ | ० | ८ |
| जनता समाजवादी पार्टी, नेपाल | ३ | ० | ३ |
| नागरिक उन्मुक्ति पार्टी | ५ | ० | ५ |
| स्वतन्त्र | १ | ० | १ |
| **जम्मा** | ३२ | ० | ३२ |

यस प्रदेशमा कुल विजयी उम्मेदवार-मध्ये शतप्रतिशत पुरुष विजयी भएको पाइयो ।

(ख) **प्रतिनिधिसभाः**

**पहिलो हुने निर्वाचित हुने निर्वाचनमा मतगणणाको आधारमा विजयी उम्मेदवारको दलगत स्थिति**

| कुल उम्मेदवार सङ्ख्या | | आदिवासी/जनजाति | | खसआर्य | | थारु | | दलित | | मधेसी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३५ | | १०० | | ११५ | | १ | | १४ | | ० | | ५ | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| २०६ | २९ | ८३ | १७ | १०५ | १० | १ | ० | १३ | १ | ० | ० | ४ | १ |

| प्रतिशतमा |
|---|

| क्र.सं | पार्टीको नाम | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | जम्मा |
|---|---|---|---|---|
| १. | नेपाली काङ्ग्रेस | ५६ | १ | ५७ |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४१ | ३ | ४४ |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १७ | १ | १८ |
| ४. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | १० | ० | १० |
| ५. | जनता समाजवादी पार्टी | ७ | ० | ७ |
| ६. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ० | ७ |
| ७. | राष्ट्रिय स्वतन्त्र पार्टी | ५ | २ | ७ |
| ८. | लोकतान्त्रिक समाजवादी पार्टी | ४ | ० | ४ |
| ९. | नागरिक उन्मुक्ति पार्टी | २ | १ | ३ |
| १०. | राष्ट्रिय जनमोर्चा | १ | ० | १ |
| ११. | नेपाल मजदुर किसान पार्टी | १ | ० | १ |
| १२. | जनमत पार्टी | १ | ० | १ |
| १३. | स्वतन्त्र प्रतिनिधिसभा | ५ | ० | ५ |
| | **जम्मा** | **१५७** | **८** | **१६५** |

प्रतिनिधिसभामा विजयी उम्मेदवारहरूमध्ये महिला ४.८४% र पुरुष ९५.१६% रहेका छन् ।। अतः पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मत परिणामको सङ्ख्या तुलना गर्दा प्रतिनिधि र प्रदेशसभा दुवैमा महिला उम्मेदवारहरूको विजयी सङ्ख्या निकै कम देखिन्छ ।

**प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन परिणाम घोषणा सम्बन्धमा निर्वाचन आयोगले २०७९/०८/२८ निकालेको प्रेस-विज्ञप्ति अनुरूप प्रारम्भिक तथ्याङ्क**

| **प्रतिनिधिसभामा कुल निर्वाचितः २७५** | | **प्रदेशसभामा कुल निर्वाचितः ५५०** | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| ९१ (३३.१०) | १८४ (६६.९०%) | २००(३६.३६%) | ३५०(६३.६४%) |

## २. समानुपातिक निर्वाचन अन्तर्गतको तथ्याङ्क

**प्रतिनिधिसभामा निर्वाचित सदस्य**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **ऐनले निर्धारण गरेको प्रतिशत** (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, दफा ६०(६), अनुसूची १) |
|---|---|---|---|
| आदिवासी/जनजाति | ३१ | २८.१८ | २८.७ |
| खसआर्य | ३५ | ३१.८१ | ३१.२ |
| थारु | ६ | ५.४५ | ६.६ |
| दलित | १५ | १३.६३ | १३.८ |
| मधेशी | १७ | १५.४५ | १५.३ |
| मुस्लिम | ६ | ५.४५ | ४.४ |
| **जम्मा** | ११० | | |

**प्रदेशसभामा निर्वाचित सदस्य**

**कोशी प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** (प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४, नियम १४(२), अनुसूची १) |
|---|---|---|---|
| आदिवासी/जनजाति | १९ | ५१.३५ | ४६.७९ |
| खसआर्य | ९ | २४.३२ | २७.८४ |
| थारु | २ | ५.४० | ४.१५ |
| दलित | ४ | १०.८१ | १०.०६ |
| मधेशी | २ | ५.४० | ७.४७ |
| मुस्लिम | १ | २.७० | ३.५९ |
| **जम्मा** | ३७ | | |

**महिलाः** ३१ (८३.७८%)    **पुरुष :** ६ (१६.२१%)

**मधेश प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** |
|---|---|---|---|
| आदिवासी/जनजाति | ४ | ९.३० | ६.६१ |
| खसआर्य | ० | ० | ४.८९ |
| थारु | ० | ० | ५.२७ |
| दलित | ७ | १६.२७ | १७.२९ |
| मधेशी | २६ | ६०.४६ | ५४.३६ |
| मुस्लिम | ६ | १३.९५ | ११.५८ |
| **जम्मा** | ४३ | | |

**महिलाः** ३६ (८३.७२%)    **पुरुष :** ७ (१६.२७%

**वागमती प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** (प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४, नियम १४(२), अनुसूची १) |
|---|---|---|---|
| आदिवासी/जनजाति | २५ | ५६.८१ | ५३.१७ |
| खसआर्य | १७ | ३८.६३ | ३७.०९ |
| थारु | ० | ० | १.६६ |
| दलित | २ | ४.५४ | ५.८४ |
| मधेशी | ० | ० | १.५७ |
| मुस्लिम | ० | ० | ०.६७ |
| **जम्मा** | ४४ | | |

**महिलाः** ३५ (७९.५४%) **पुरुष** : ९ (२०.४५%)

**गण्डकी प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** |
|---|---|---|---|
| आदिवासी/जनजाति | १० | ४१.६६ | ४२.३७ |
| खसआर्य | ९ | ३७.५ | ३७.२४ |
| थारु | ० | ० | १.७२ |
| दलित | ५ | २०.८३ | १७.४४ |
| मधेशी | ० | ० | ०.५२ |
| मुस्लिम | ० | ० | ०.७१ |
| **जम्मा** | २४ | | |

**महिलाः** १९ (७९.१६%) **पुरुष** : ५ (२०.८३%)

**लुम्बिनी प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** (प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४, नियम १४(२), अनुसूची १) |
|---|---|---|---|
| आदिवासी/जनजाति | ८ | २२.८५ | १९.५८ |
| खसआर्य | १४ | ४० | २८.८४ |
| थारु | ५ | १४.२८ | १५.१८ |

| | | | |
|---|---|---|---|
| दलित | ४ | ११.४२ | १५.११ |
| मधेशी | २ | ५.७१ | १४.३५ |
| मुस्लिम | २ | ५.७१ | ६.९४ |
| **जम्मा** | **३५** | | |

**महिलाः** ३२ (९१.४२%) **पुरुष** : ३ (८.५७%)

**कर्णाली प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** (प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४, नियम १४(२), अनुसूची १) |
|---|---|---|---|
| आदिवासी/जनजाति | ३ | १८.७५ | १३.६३ |
| खसआर्य | १० | ६२.५ | ६२.२ |
| थारु | ० | ० | ०.५ |
| दलित | ३ | १८.७५ | २३.२५ |
| मधेशी | ० | ० | ०.२४ |
| मुस्लिम | ० | ० | ०.१८ |
| **जम्मा** | **१६** | | |

**महिलाः** १५ (९३.७५%) **पुरुष** : १ (६.२५%)

**सुदुरपश्चिम प्रदेश**

| **जातजाति/वर्ग** | **सङ्ख्या** | **प्रतिशत** | **नियमावलीले निर्धारण गरेको प्रतिशत** (प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४, नियम १४(२), अनुसूची १) |
|---|---|---|---|
| आदिवासी/जनजाति | ० | ० | ३.६१ |
| खसआर्य | १६ | ७६.१९ | ६०.०२ |
| थारु | २ | ९.५२ | १७.२१ |
| दलित | ३ | १४.२८ | १७.२९ |
| मधेशी | ० | ० | १.६४ |
| मुस्लिम | ० | ० | ०.२३ |
| **जम्मा** | **२१** | | |

**महिलाः** १८ (८५.७१%) **पुरुष** : ३ (१४.२८%)

## अनुसूची ५

# आयोगबाट निर्वाचनको सन्दर्भमा जारी प्रेस/विज्ञप्तिहरू

### प्रेस–विज्ञप्ति

१२ असोज, २०७९

### राजनीतिक दलका घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न आयोगको आग्रह

मानव अधिकारको सम्मान, संरक्षण तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने राज्यको दायित्वलाई कार्यान्वयन गर्न निर्वाचनको माध्यमबाट सरकारमा सहभागी हुने राजनीतिक दलको भूमिका महत्त्वपूर्ण हुन्छ। राष्ट्रिय मानव अधिकार आयोगले विगतमा पनि मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा राजनीतिक दलको भूमिका महत्त्वपूर्ण हुने कुरा पटकपटक स्मरण गराउँदै आएको छ।

लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचन समेतको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानको लक्ष्य रहेको र त्यसको कार्यान्वयनको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूको रहेको कुरा आयोग सबै दलहरूलाई पुनः स्मरण गराउँदछ। समृद्ध राष्ट्र निर्माण गर्ने सन्दर्भमा नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चिततालाई स्वीकार गरी ती हक अधिकारहरूलाई मौलिक हकको रूपमा नेपालको संविधानले व्यवस्था गरेको सन्दर्भमा त्यसको कार्यान्वयनमा राजनीतिक दलको जिम्मेवारी सदैव महत्त्वपूर्ण हुने गर्दछ। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० मा उल्लिखित राजनीतिक दलको काम, कर्तव्य र अधिकारअनुरूप पनि दलहरूले आफ्ना क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउनुका साथै घोषणापत्रमा समेत मानव अधिकारका विषयवस्तु समावेश गर्नुपर्ने हुन्छ। नागरिकको अधिकार सुनिश्चितताका लागि संविधानले विभिन्न १२ वटा नीतिहरू अवलम्बन गरेको हुँदा मानव अधिकार, मौलिक हक तथा त्यस्ता नीतिहरूको समेत कार्यान्वयनको दायित्व राज्यका साथै सरकार सञ्चालनमा संलग्न दलहरूको हुन्छ।

आयोगले यसअघिको प्रतिनिधिसभा, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचनको क्रममा समेत भयरहित, निष्पक्ष र स्वतन्त्र रूपमा निर्वाचनमा भाग लिन पाउने अधिकारको संरक्षण गर्नका लागि नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दललगायतलाई विभिन्न सिफारिसहरू गरेको सम्बद्ध सबैलाई पुनस्मरण गराउँदछ। नेपालले मानव अधिकारसम्बन्धी विभिन्न ४१ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूलाई स्वीकार गरिसकेको सन्दर्भमा मानव अधिकारप्रतिको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यका साथै सरकार सञ्चालन गर्ने दलहरूको पनि हुन्छ।

यसै सन्दर्भमा आगामी मङ्सिर ४, २०७९ मा सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारका विषय समावेश गर्न राष्ट्रिय मानव अधिकार आयोग निर्वाचनमा भाग लिने सबै दलहरूलाई आग्रह गर्दछ। विगतमा राजनीतिक दलहरूले तयार गरेका घोषणापत्रहरूलाई आयोगले नजिकबाट नियालिरहेको छ। दलहरूले विगतमा आफ्ना घोषणापत्रमा मानव अधिकारका विषयलाई समावेश गरी मानव अधिकारप्रतिको आफ्नो प्रतिबद्धताको कार्यान्वयन गरेकोमा त्यसको सराहना गर्दै दलका आगामी घोषणापत्रमा अझ स्पष्टताका साथ मानव अधिकारका विषय समावेश हुनेछन् भन्ने आयोगले विश्वास लिएको छ।

अतः हरेक राजनीतिक दलको प्रतिज्ञापत्रको रूपमा सम्बन्धित दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनको लागि नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, आयोगका सिफारिस तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप उच्च महत्त्व र प्राथमिकताका साथ मानव अधिकारका विषयलाई समावेश गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई पुनः विशेष आग्रह गर्दछ ।

**डा. टीकाराम पोखरेल**
सहसचिव/प्रवक्ता

## प्रेस–नोट

३१ असोज, २०७९

## निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूबीच छलफल

आगामी मङ्सिर ४, २०७९ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई कसरी थप मानव अधिकारमैत्री बनाउन सकिन्छ भन्ने सन्दर्भमा आज निर्वाचन आयोगका पदाधिकारी र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच निर्वाचन आयोगमा छलफल भयो ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय कार्यवबाहक अध्यक्ष डा. सूर्य ढुङ्गेलले आसन्न निर्वाचनको राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने सम्बन्धमा गरेको तयारीका बारेमा जानकारी गराउँदै निर्वाचनलाई स्वतन्त्र निष्पक्ष, भयरहित र मानव अधिकारमैत्री बनाउन निर्वाचन अचारसंहिता, शान्ति-सुरक्षा, निर्वाचनको अनुगमन तथा पर्यवेक्षण, मतदाता शिक्षा, मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, असक्त, गर्भवतीलगायतका मतदाताको पहुँच, अनुगमनकर्ताको अनुगमनमा सहज पहुँच, अनुगमनमा मानव अधिकारसम्बन्धी अन्य संवैधानिक आयोगहरूको भूमिकाको पहिचान, पत्रकार र आमसञ्चारको भूमिका र दुई आयोग बीचको सहकार्य समन्वयलगायतका विषयमा निर्वाचन आयोगको ध्यान जानुपर्ने कुरा बताउनुभयो ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त माननीय दिनेशकुमार थपलियाले निर्वाचनको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन आयोगलाई दिएका सुझाव सिफारिसहरूको निर्वाचन आयोगले कार्यान्वयन गरेको बताउँदै आगामी निर्वाचनमा विगतका कमीकमजोरी नदोहोरियुन भन्नेमा निर्वाचन आयोग सचेत रहेको र मतदाता नामावली, निर्वाचन मतपत्र, उम्मेदवारी मनोनयन, मतदाताको पहुँच, असक्त अपाङ्गता भएका व्यक्तिहरूको मताधिकारको सुनिश्चितता, शान्तिसुरक्षाको तयारी, सुरक्षाकर्मी परिचालन, दलहरूबीचको विवाद, मतदाता शिक्षा, निर्वाचनका दिनको सवारी सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकको व्यवस्थापनलगायतका विषयमा निर्वाचन आयोगले गरेका क्रियाकलाप र तयारीबारे जानकारी गराउनुभयो ।

निर्वाचन आयोगका आयुक्तहरू, राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू, का.मु.सचिव तथा सहसचिवहरूको समेत उपस्थिति रहेको छलफलमा निर्वाचनपश्चात् पनि दुवै आयोगहरूबीच छलफल र अन्तर्क्रियालाई निरन्तरता दिने सहमति भयो ।

**डा. टीकाराम पोखरेल**
सहसचिव/प्रवक्ता

# प्रेसनोट

## सुरक्षा निकायका प्रमुखहरूसँग छलफल

४ कार्तिक, २०७९

आगामी मङ्सिर ४, २०७९ मा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका सन्दर्भमा भइरहेको शान्तिसुरक्षाको तयारीका बारेमा आज राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरूसँग छलफल गरेको छ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका कार्यबाहक अध्यक्ष डा. सूर्य ढुङ्गेलले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायको भूमिका महत्त्वपूर्ण हुने बताउँदै सुरक्षा व्यवस्थामा आपसी सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुभयो। सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरूले शान्तिसुरक्षाको वर्तमान अवस्था, विगतको निर्वाचनको सुरक्षा अनुभव, आगामी निर्वाचनमा आउनसक्ने सुरक्षा चुनौती र भइरहेको सुरक्षा तयारीको बारेमा जानकारी गराउनुभयो।

छलफलमा आयोगका कार्यवाहक अध्यक्षका साथै माननीय सदस्यहरू मिहिर ठाकुर, मनोज दुवाडी, लिली थापा, का. मु. सचिव मुरारिप्रसाद खरेल तथा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक युवराज अर्याल एवम् सुरक्षा निकायका अधिकृत तथा आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

**डा. टीकाराम पोखरेल**
सहसचिव/प्रवक्ता

# प्रेस-विज्ञप्ति

२ मङसिर, २०७९

## मतदानपूर्वको मानव अधिकार अवस्थाको आयोगद्वारा अनुगमन

**स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने कार्यमा भूमिका खेल्न सबै पक्षलाई आयोगको आग्रह।**

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको क्रममा आयोगको उच्चस्तरीय अनुगमन टोलीसहित ३२ वटा टोलीले सातै प्रदेशका ६७ जिल्लामा मतदानपूर्वको मानव अधिकार अवस्थाको अनुगमन गरी प्रारम्भिक जानकारी प्राप्त गरेको छ।

अनुगमनबाट प्राप्त तथ्य र सूचनाअनुसार बाँकेको नेपालगञ्ज र भोजपुर जिल्लामा बम विष्फोट हुँदा ३ जना घाइते भएका, दार्चुलाको नौगाड गाउँपालिकामा सत्ता गठबन्धन र एमाले कार्यकर्ता बीच झडप हुँदा एकजना गम्भीर घाइते भएको, चितवनको भरतपुरमा स्वतन्त्र उम्मेदवार र काङ्ग्रेसका उम्मेदवारको सवारी साधनमा आक्रमण गरिएको लगायतका घटनाहरू भएको पाइएको छ। यसैगरी दाङ, प्युठान, रसुवा, नुवाकोट, रामेछाप, डोटी, काठमाडौँ लगायतका ७२ जिल्लामा ठुला दलका उम्मेदवारले नै निर्वाचन गतिविधिमा बालबालिकालाई प्रयोग गरेका १ सय ६५ वटा सूचनाहरू आयोगलाई प्राप्त भएको छ। जसमा टिकटक बनाउने, प्रचार-प्रसारको क्रममा नाचगानमा प्रयोग गर्ने, विद्यालयमा प्रचार सामग्री टाँस्न लगाउने जस्ता सूचनाहरू रहेका छन्। मतदाता नामावलीमा नाम नभएका कारण कारागारमा रहेका धेरै कैदीबन्दीहरूले मतदान गर्न नपाउने अवस्था देखिएको छ। निर्वाचनमा असहमति र अवज्ञा जनाएका समूहका कार्यकताहरूले जाजरकोट, रुकुम, रोल्पा, सल्यान लगायतका जिल्लामा स्थानीय नागरिकहरूलाई मतदान नगर्न दबाब दिँदै सभा तथा कार्यक्रमहरू गरिरहेको आयोगको अनुगमनबाट देखिएको छ।

निर्वाचन प्रचार-प्रसार र बालबालिकाको प्रयोग जस्ता निर्वाचन आचारसंहिता उल्लङ्घनका विषयलाई नियमन र नियन्त्रण गर्न निर्वाचन आयोगले देखाएको तदारुकतालाई आयोगले सकारात्मक रूपमा लिएको छ। मङ्सिर ४ गते निर्वाचनको दिनमा मानव अधिकार अवस्था अनुगमनका लागि आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरू, सचिव, सहसचिव, आयोगका पूर्व पदाधिकारीहरू नेतृत्वको १० वटा अनुगमन टोलीले काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे, नुवाकोट, धादिङ जिल्लाहरूमा अनुगमन गर्नेछ।

मतदाताको अधिकारको कदर गरी भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न, राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, नेपाल सरकार, नागरिक समाज, पर्यवेक्षक, सञ्चारकर्मी लगायत सबै सर्वसाधारणको महत्त्वपूर्ण भूमिका रहन्छ। अत : सबै राजनीतिक दल एवम् निर्वाचनमा खटिने सबै पक्षलाई निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न, गराउन आयोग आग्रह गर्दछ। निर्वाचन असहमति जनाएका समूहलाई पनि निर्वाचन विरोधी तथा हिंसात्मक गतिविधिहरू नगर्न, नगराउनसमेत आयोग विशेष आग्रह गर्दछ।

**डा. टीकाराम पोखरेल**
सहसचिव/प्रवक्ता

# प्रेस–विज्ञप्ति

४ मङ्सिर, २०७९

## प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको आयोगद्वारा अनुगमन

आज सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट मतदान प्रक्रियाको अनुगमन गरेको छ । निर्वाचनमा निष्पक्ष, स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणको सुनिश्चितताका लागि गरिएको अनुगमनमा मानव अधिकार आयोगलगायत मानव अधिकारसँग सम्बन्धित अन्य संवैधानिक आयोगका पदाधिकारीहरू, आयोगका पूर्व पदाधिकारीहरू र कर्मचारीहरू सम्मिलित ४२ वटा टोली अनुगमनमा खटिएका थिए । अनुगमनबाट प्राप्त तथ्यअनुसार झापा, सुनसरी पाँचथर, सुर्खेत, कैलालीलगायतका जिल्लाहरूमा बम विष्फोटका केही घटनाहरू भएको, कैलाली, कञ्चनपुर, मोरङ, दैलेख, डोटी, अछामलगायतका जिल्लास्थित केही मतदानस्थल नजिकै विष्फोटक पदार्थ भेटिएको, हुम्ला, दार्चुला, बाजुरा, दोलखा, रौतहट, सिराहा, चितवन लगायतका जिल्लाहरूमा राजनीतिकदलका कार्यकर्ताबीच झडप हुँदा केही व्यक्ति घाइते भएको बुझिएको छ । यी जिल्लामा झडप नियन्त्रण गर्न सुरक्षाकर्मीद्वारा हवाइफायर समेत भएको पाइएको छ । कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ तारेबराह आधारभूत विद्यालय लुम्ले मतदान केन्द्रमा नेकपा बहुमतका एक कार्यकर्ताले मत खसाल्ने क्रममा मतपेटिका फुटाएको जानकारी प्राप्त भएको छ । हुम्ला कारागारमा रहेका कैदीबन्दीहरूलाई हत्कडी नखोली मतदान गराइएको छ । पाल्पा, रामेछाप, भोजपुर लगायतका जिल्लाका कतिपय मतदान केन्द्रमा चार, पाँच घण्टा पैदल हिंडेर मतदानको लागि जानुपर्ने र जिल्ला प्रशासन कार्यालयबाट सवारी पास वितरणमा कडाइ गरेका कारण अशक्त, अपाङ्गता भएका मतदाताहरूलाई मतदानस्थलसम्म पुऱ्याउन र घर फर्कनको लागि समस्या भएको जानकारी प्राप्त भएको छ ।

दार्चुलाको व्यास गाउँपालिका-१ छाङरु र तिङकर क्षेत्रका मतदाताले पाँच दिनको बाटो हिँडेर जिल्ला सदरमुकाम खलङ्गास्थित मोती महिला सङ्घको मतदान केन्द्रबाट मतदान गरेको बुझिएको छ । प्युठानको स्वर्गद्वारी स्वास्थ्य चौकीमा कार्यरत सात कर्मचारीमध्ये छ जनालाई निर्वाचनमा खटाउँदा स्वास्थ्य सेवा बन्द भएको, देशभरका धेरै मतदानकेन्द्रहरू अपाङ्गमैत्री नभएको बुझिएको छ । त्यसैगरी, म्यादी प्रहरी तथा देशभर २७ हजारको सङ्ख्यामा रहेका कैदीबन्दीहरूमध्ये अधिकांशले मताधिकारको प्रयोग गर्न पाएनन् । मतदाता शिक्षाको अभाव र निर्वाचनमा खटिएका कर्मचारीलाई पर्याप्त अभिमुखीकरण नभएका कारण मतदानमा अन्यौलता रहेको पाइएको छ । सङ्खुवासभाको एक मतदानकेन्द्रमा प्रतिनिधिसभाको मतपत्र दिनुपर्नेमा प्रदेशसभाको मतपत्रमात्रै दिइएको, पाल्पाको एक मतदान केन्द्रमा प्रदेशसभाको मतपत्र खसाल्ने ठाउँमा प्रतिनिधिसभाको मतपेटिका राखिएको र यस प्रकारका समस्या दाङ, झापा, ललितपुरलगायतका जिल्लाका केही मतदान केन्द्रमा समेत देखिएकोले केहीबेर मतदानमा अन्यौलता सिर्जना भएको बुझिएको छ । यद्यपि बम विष्फोटका घटना तथा भौगोलिक विकटताका बाबजुद् मतदाताहरू आफ्नो मताधिकार प्रयोग गर्न मतदान केन्द्रमा पुगी मतदान गरेको पाइएको छ ।

आयोगको अनुगमनको क्रममा मतदाता शिक्षाको प्रभावकारिता र मतदान केन्द्रको सुव्यवस्थापनमा कमी समेत देखिएकोले आगामी निर्वाचनमा मतदाता शिक्षालाई प्रभावकारी बनाउन, मतदान केन्द्र एवम् मतदान सामग्रीको व्यवस्थापनमा सुधार गर्न, गराउन आयोग नेपाल सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराउँदछ ।

**डा. टीकाराम पोखरेल**
सहसचिव/प्रवक्ता

# प्रेस–नोट

९ मङ्सिर, २०७९

## बाजुरा घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान सुरु

बाजुरा जिल्लामा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य पदको निर्वाचनको क्रममा यही मङ्सिर ४ गते दुईजना व्यक्तिहरूको मृत्यु भएको घटनामा आयोगले अनुसन्धान सुरु गरेको छ। सो घटनाको बारेमा स्थलगत छानबिन तथा अनुसन्धान गर्न आयोगका उपसचिवको नेतृत्वमा केन्द्रीय कार्यालयका अधिकृत सम्मिलित एक टोली जिल्लातर्फ खटिई गएको हुँदा सो टोलीलाई आवश्यक सहयोग गरिदिनुहुन आयोग स्थानीय प्रशासन, सुरक्षा निकाय, राजनितिक दलहरू, नागरिक समाज, मानव अधिकारकर्मी, पीडित तथा पीडित परिवार र सर्वसाधारण सबैसँग अनुरोध गर्दछ।

**डा. टीकाराम पोखरेल**
सहसचिव/प्रवक्ता

अनसुची ६

# निर्वाचन अनुगमनको लागि जारी रूजुसूची

## मतदान–पूर्व अनुगमन

अनुगमन गरिएको जिल्ला : अनुगमन गरिएको निर्वाचन क्षेत्र : प्रतिनिधिसभा : मतदान केन्द्र/उपकेन्द्र : प्रदेशसभाः

अनुगमन सुरु गरिएको मिति : समय : अनुगमन सम्पन्न गरिएको

मिति : समय :

सूचनादाताको नाम : सम्पर्क नं. :

सोधपुछ/प्रमाीणकरणबाट सङ्कलन गरिने सूचनाको विवरण

(Information Collection from Verification)

१. अनुगमन गरिएको जिल्लामा के कती सङ्ख्यामा प्रत्यक्ष उम्मेदवारहरू छन ? कती पुरुष, महिला, र अन्य ?

नोटः (अनिवार्य रूपमा आदिवासी जनजाति/दलित/खसआर्य/मधेशी/थारु/मुस्लिम/अपाङ्गता भएका व्यक्ति तथा अन्य सिमान्तकृतको तथ्याङ्क रहनुपर्ने) दलित अपाङ्गता भएका व्यक्ति ☐ मधेशी महिला ☐

आदिवासी/जनजाति ☐ लैङ्गिक अल्पङख्यक् ☐ अल्पसङ्ख्यक लोपउन्मुख खसआर्य ☐

अन्य ..................................

२. उम्मेदवार/दलहरूले स्वतन्त्र रूपमा चुनाव प्रचार-प्रसार गर्न पाएका थिए/थिएनन् ? पाएका थिए पाएका थिएनन्

२.१ पाएका थिएनन् भने सो कार्यमा कोबाट कसरी अवरोध सिर्जना भएको थियो ?

..........................................................................................................

२.२ राजनीतिक दलहरूबाट गरिने प्रचार-प्रसारमा महिला तथा सिमान्तकृत उम्मेदवारहरूलाई कसरी प्रस्तुत गरिएको पाइयो ?

..........................................................................................................

२.३ चुनाव प्रचार- प्रसार गर्न उम्मेदवारहरूलाई बाधा/अवरोध पुऱ्याइएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

२.३.१ यदि पाइयो भने के/कसरी बाधा पुऱ्याइएको पाइयो ?

..........................................................................................................

५.१ यदि थियो भने कोबाट कसरी प्रयोग भएको थियो ?

..........................................................................................

५.२.नेपालको स्वतन्त्रता, अविभाज्यता, सार्वभौमिकता, धर्मनिरपेक्षता, समावेशिकताको विपरीत कार्य भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

६.१ यस्तो कार्य भएको थियो भने कुन दल/उम्मेदवारबाट कस्तो प्रकारको कार्य भएको थियो ?

..........................................................................................................

७. कुनै उम्मेदवार/दलका प्रतिनिधि वा कार्यकर्तालाई कसैले बलको प्रयोग गरी वा डर, धाक, त्रास देखाइ आफ्नो कब्जामा लिई, अपहरण गरी वा अन्य कुनै किसिमले बन्धक बनाइ निर्वाचन प्रचार-प्रसार गर्नबाट रोकिएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

७.१ पाइएको थियो भने कुन उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्तालाई गरिएको थियो र कसले ?

..........................................................................................................

८. कुनै उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले निर्वाचन प्रचार-प्रसारको क्रममा कुनै व्यक्तिको घरमा जबजस्ति प्रवेश गरी खाने/ बस्ने कार्य गरेका थिए/थिएनन ?

थिए ☐ थिएनन् ☐

८.१ यदि थिए भने कुन उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले त्यस्तो कार्य गरेका थिए र कस्को घरमा ?

.................................................................................................

९. कुनै उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले निर्वाचन प्रचार-प्रसारको लागि जबर्जस्ती चन्दा माग्ने कार्य गरेका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

९.१ थिए भने कुन उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले त्यस्तो कार्य गरेका थिए ?

..........................................................................................................

१० निर्वाचनको सिलसिलामा आमसञ्चारका साधन, सार्वजनिक स्थलको प्रयोगमा सबै राजनीतिक दलहरूलाई समय तथा पहुँच उपलब्ध गराइएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

मतदाता शिक्षा दिइएको पाइयो/पाइएन ?

१०.१.निर्वाचन प्रचार-प्रसारको क्रममा सामाजिक सञ्जाल वा अन्य केही माध्यामबाट गाली गलौज यौन दुराचारका सब्द आदीको प्रयोग गरेको पाइयो/पाइएन?

पाइयो ☐ पाइएन ☐

पाइयो भने के-कस्तो र को बाट गरेको पाइयो?

...............................................................................

११. मतदाता शिक्षा दिइएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

११.१ पाइयो भने कुन भाषामा दिइएको छ ? पर्याप्त मान्न सकिन्छ/सकिँदैन ?

....................................................................................................

१२.राजनीतिक दलहरूले समावेशीको आधारमा उम्मेदवार नामाङ्कंन गराएका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

१४.सुरक्षा प्रबन्ध तथा मतदान केन्द्रको व्यवस्थापन कस्तो थियो श्र

व्यवस्थित ☐ सामान्य ☐ अव्यवस्थित ☐

१४.१. मतदान स्थलहरूमा महिला सुरक्षाकर्मीहरू परिचालनको व्यवस्था थियो/थिएन ?

थियो ☐ थिएन ☐

१५. मतदान केन्द्र लैङ्गिकमैत्री र ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्तिमैत्री थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

थिए भने कस्तो प्रकार

....................................................................................................

१५.१. मतदानकेन्द्र स्वास्थ्य चौकीमा रहेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

पाइयो भने मतदानकेन्द्रको नाम र ठेगाना ?

..........................................................................................................

१६. प्रहरी प्रशाासनमा मतदाता/उम्मेदवार/अन्य सरोकारवालाले सुरक्षाको विषयमा उजुरी गरेको अवस्था छ/छैन ?

छ ☐ छैन ☐

१६.१ यदि उजुरी परेको भए कोबाट कुन विषयमा कहिले उजुरी परेको थियो ?

## अवलोकनबाट सङ्कलन गरिने सूचनाको विवरण

**(Information Collection from Observation)**

१. मौन अवधिमा निर्वाचन आयोगले जारी गरेको आचार-संहिताको पालना भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

१.१ यदि पालना भएको पाइएन भने के/कसरी उल्लङ्घन भएको थियो ?

..............................................................................................................

२. निर्वाचन आयोगले निर्वाचन आचारसंहिताको पालना भएको/नभएको भन्ने विषयमा अनुगमन गरेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

३. मतदान केन्द्र विद्यालयमा राखिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

३.१ यदि थिएन भने कुन स्थानमा मतदान केन्द्र राखिएको थियो ?

..............................................................................................................

४. मतदान केन्द्रसम्म मतदाताहरूको पहुँच सहज थियो वा थिएन ?

थियो ☐ थिएन ☐

४.१ यदि थिएन भने कस्तो प्रकारका समस्याहरू मतदाताले सहनुपरेको थियो ?

..............................................................................................................

५. निर्वाचन प्रचार-प्रसारको क्रममा कुनै पनि उम्मेदवार/दलले अपाच्य शब्दहरू (Hate Speech), हातहतियार, विस्फोटक पदार्थ, लाठी, भाला, खुकुरीजस्ता कुनै पनि जोखिमी हतियारहरूको प्रयोग गरेका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

५.१ प्रयोग गरेका थिए भने कुन उम्मेदवार/दलले गरेका थिए ?

..............................................................................................................

६. दल वा उम्मेदवारहरूले आयोजना गरेको जुलुस/आमसभाबाट सार्वजनिक आवागमनमा कुनै अवरोध पुगेको थियो/थिएन ?

थियो ☐ थिएन ☐

७. सरकारी, अर्ध सरकारी वा सार्वजनिक संस्थानका सवारी साधनहरू कुनै दल विशेषको प्रचारप्रसारमा प्रयोग गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

८. दल/उम्मेदवारहरूले आयोजना गरेको जुलुस/आमसभा वा अन्य कुनै गतिविधिमा बालबालिकाको प्रयोग गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

८.१ बालबालिकाको प्रयोग गरिएको थियो भने कुन उम्मेदवार वा दलबाट कस्तो कार्यको लागि प्रयोग गरिएको थियो ?

..........................................................................................................

९. दल/उम्मेदवारहरूले प्रचार-प्रसार गर्दा शीष्ट र मर्यादित भाषाको प्रयोग गरेका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

९.१ यदि थिएन भने कोबाट कसरी गरिएको थियो ?

..........................................................................................................

१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनहरूका पर्यवेक्षण /अवलोकनजस्ता कार्यहरू निष्पक्ष भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

१०.१. पर्यवेक्षक संस्था/व्यक्तिले निर्वाचन पर्यवेक्षण सम्बन्धी तालिम लिए/नलिएको?

..........................................................................................................

१०.२ यदि निष्पक्ष भएको नपाइएको भए कुन निकायले कस्तो कार्य गरेको थियो ?

## मतदानको दिन अनुगमन

अनुगमन गरिएको जिल्ला : अनुगमन गरिएको निर्वाचन क्षेत्र : प्रतिनिधिसभा : मतदान केन्द्र/उपकेन्द्र : प्रदेशसभाः

अनुगमन सुरु गरिएको मिति समय :

अनुगमन सम्पन्न गरिएको मिति समय :

सूचनादाताको नाम : सम्पर्क नं. :

१ मतदान केन्द्र उपयुक्त स्थानमा थियो/थिएन ?

थियो ☐ थिएन ☐

२. मतदाताहरूको मतदान केन्द्र सम्मको निर्वाध आवागमनमा कुनै पनि किसिमको अवरोध सिर्जना गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

२.१ अवरोध सिर्जना भएको थियो भने को बाट भएको थियो ?

राजनीतिक दल ☐ सुरक्षाकर्मी ☐ निर्वाचनमा खटिएका कर्मचारी ☐

पर्यवेक्षक ☐ अन्य ☐

२.२ अवरोध सिर्जना गर्ने पक्ष कुन दल वा निकाय को थियो र कसरी अवरोध सिर्जना भएको थियो ? सम्पूर्ण विवरण खुलाएर लेख्नुहोला ।

..........................................................................................

३. मतदान केन्द्र/उपकेन्द्रमा मतदाताहरूले स्वतन्त्र र निर्भिक रूपमा मतदान गर्न पाएका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

३.१ स्वतन्त्र र निर्भिक रूपमा मतदान गर्न पाएका थिएनन् भने अवरोधकर्ता को थिए र कसरी अवरोध सिर्जना भएको थियो ?

राजनीतिक दल ☐ सुरक्षाकर्मी ☐ निर्वाचनमा खटिएका कर्मचारी ☐ पर्यवेक्षक ☐

अन्य ..........................................................................................

४४.महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक, लैङ्गिक अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्ति वा धार्मिक समुदाय आदि भएको कारणबाट कसैले मतदानबाट वञ्चित हुनुपरेको थियो/थिएन ?

थियो ☐ थिएन ☐

४.१ थियो भने को-बाट कसरी वञ्चित गराइएको थियो ?

.........................................................................

४.२ महिला मतदाताहरूलाई मतदान गर्नको लागि निरुत्साहित हुने गरी कुनै प्रकारको असहज हुने माध्यमहरू, जस्तै– पम्पलेट छर्ने, सूचना प्रवाह गर्ने आदि कार्यहरू भएका थिए/थिएनन् ?

थियो ☐ थिएन ☐

४.२.१ यदि भएको थियो भने को बाट कसरी भएको थियो ?

.........................................................................

५. मतदाता प्रतिको राजनीतिक दलका नेता तथा कार्यकर्ताको व्यवहार कस्तो थियो ?

सम्मानजनक ☐ अपमानजनक ☐ सामान्य ☐

६. निर्वाचनमा खटिएका कर्मचारीहरूले स्वतन्त्र रूपमा कार्य गर्न पाएका थिए/थिएनन ?

थिए ☐ थिएनन् ☐

७. मतदानप्रतिको निर्वाचनमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूको व्यवहार कस्तो रहेको पाइयो ?

सम्मानजनक ☐ अपमानजनक ☐ सामान्य ☐

८. निर्वाचनको समयमा सबै राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

९. राजनीतिक दलहरूले नियमभन्दा बढी प्रतिनिधि राखेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

१०. सहयोगीको आवश्यकता पर्ने मतदाताको लागि सहयोगीको व्यवस्था गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

१०.१ महिलाको लागि छुट्टै लाइन, शौचालय तथा स्तनपान कक्षको व्यवस्था आदि जस्ता सुविधाको वयवस्था गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

११.नेपाली भाषा बोल्न र बुझ्न नसक्ने मतदाताको लागि दोभाषेको व्यवस्था गरिएको थिया/थिएन ?

थियो ☐ थिएन ☐

१२.मतदाताले आफ्नो मत गोप्य रूपमा खसाल्न पाएका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

१३.मतदाता/उम्मेदवार वा निजको परिवारको सदस्यको मर्यादामा आँच पुऱ्याउने कुनै कार्य भएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

१३.१ यदि पुऱ्याएको पाइएको भए, कुन उम्मेदवार/दलका कार्यकर्ताको त्यसमा कस्तो प्रकारको संलग्नता थियो ?

..........................................................................................

१४. कुनै उम्मेदवार वा निजका प्रतिनिधि वा कार्यकर्ता वा अरु कसैले बलको प्रयोग गरेर वा डर, धाक, त्रास देखाई मतदान स्थल आफ्नो कब्जामा लिन वा मतपत्र/मतपेटिका वा मतदान सामाग्री जबर्जस्ती आफ्नो नियन्त्रणमा लिई जाने, बिगार्ने तथा नष्ट गर्ने कार्य भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

१४.१ पाइएको भए, उक्त कार्य कुन दल वा उम्मेदवारका प्रतिनिधि वा कार्यकर्ता वा समूहबाट कसरी भएको पाइयो ?

दल भए दलको नाम र कार्य यहाँ उल्लेख गर्नुहोस् ................................................

समूह भए समूहको नाम र कार्य उल्लेख गर्नुहोस् ................................................

१५. उम्मेदवार/दलका कार्यकर्ताहरू कुनै व्यक्तिको निजी घर, पसल, विद्यालय वा अन्य यस्तै स्थानमा जबर्जस्ती बसेर व्यक्तिलाई अवरोध पुऱ्याएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन☐

१५.१ यदि पाइएको भए, कसले कसरी अवरोध पुऱ्याएका थिए ?

..........................................................................................

१६. तलका मतदाताहरूलाई मतदान गर्नको लागि कुनै विशेष व्यवस्था गरिएको थियो/थिएन ?

१६.१ ज्येष्ठ नागरिक

थियो ☐ थिएन ☐

१६.२ अपाङ्गता भएका व्यक्ति/अशक्त

थियो ☐ थिएन ☐

१६.३ गर्भवती

थियो ☐ थिएन ☐

१६.४ सुत्केरी

थियो ☐ थिएन ☐

१६.५ दृष्टिविहिन

थियो ☐ थिएन ☐

१७. मतदान कार्यमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूलाई आफ्नो कर्तव्य पालनामा उम्मेदवार/ दलका कार्यकर्ताबाट कुनै अवरोध थियो/थिएन ?

थियो ☐ थिएन ☐

१७.१. निर्वाचनमा खटिएका कर्मचारी/सुरक्षकर्मी तथा कारागारमा रहेका कैदीबन्दीहरूले स्वतन्त्रपूर्वक मतदान गर्न पाए/नपाएको अवस्था कस्तो थियो ?

१८.मतदान केन्द्रमा एक मतदाताको नामबाट अर्कै व्यक्तिले मतदान गरेको कारण कुनै मतदाता मतदान गर्ने अधिकारबाट वञ्चित हुनुपरेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

पाइयो भने सङ्ख्या कति थियो ? ......................

१९. मतदाता नामावलीमा नाम उल्लेख भएका मतदाता मतदान गर्नबाट वञ्चित भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

पाइयो भने सङ्ख्या कति थियो ? ...................

२०. मतदान केन्द्र आसपास वा तोकिएको स्थानमा सुरक्षाकर्मीबाहेक अन्य पक्ति पा समूहहरूले हतियार साथमा लिएर हिँडेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

यदि पाइयो भने, कसले ? ..................

२१. निर्वाचनमा कुनै दल/उम्मेदवारबाट बादबालिकाको प्रयोग भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

२१.१ यदि बालबालिका प्रयोग भएको पाइएको भए, कुन दल/उम्मेदवारबाट कसरी प्रयोग गरिएको पाइएको थियो ?

२२. पर्यवेक्षक तथा अनुगमनकर्तालाई निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, कुनै दल/उम्मेदवार वा अन्य पक्ष वा समूहबाट धम्की/दबाब दिने कार्य भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

२२.१ यदि यस्तो पाइएको भए, कसले/कसरी गरेका थिए ?

२२.२. मानव अधिकार रक्षकहरूलाई निर्वाचन अवधिमा कुनै व्यक्ति, दल वा निकायबाट स्वतन्त्रपूर्वक मानव अधिकार संरक्षणको कार्यमा अवरोध पुऱ्याएको पाइयो/पाइएन ?

२३.मतदान केन्द्रमा खानेपानी वा शौचालयको तथा प्राथमिक उपचारको व्यवस्था गरिएको पाइयो/ पाइएन ?

पाइयो ☐ पाइएन ☐

२४. निर्वाचनमा खटिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको भूमिका र व्यवहार कस्तो रहेको पाइयो ?

२५. निर्वाचन पर्यवेक्षकहरूले निर्वाध रूपमा पर्यवेक्षण गर्न पाएका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

२६.निर्वाचन पर्यवेक्षकहरूले आचारसंहिताको पालना गरेका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

२७.सुरक्षाकर्मीहरूको सङ्ख्या कति थियो ?

महिला ☐ पुरुष ☐ अन्य ☐

२८. नियमबमोजिम बाहेक मतदान समयपश्चात् पनि मतदान भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐ अन्य ........................

२९.मतदानमा महिला सहभागिता कस्तो रहेको थियो ?

उल्लेख्य ☐ सामान्य ☐ अन्य ........................

३०. मतदान केन्द्रमा स्वयंसेवीहरूको परिचालन भएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

३१. स्वस्तिक चिन्ह भएको छापको अवस्था कस्तो पाइयो ?

राम्रो ☐ बदल्नुपर्ने ☐ हेर्न नदिएको ☐

३२. निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरूले खाना, खाजा तथा खानेपानी समयमा नै खान पाएका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

३३. अन्य थप केही जानकारी प्राप्त भएको खण्डमा उल्लेख गर्नुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## मतदान पश्चातको अनुगमन

अनुगमन गरिएको जिल्ला :

अनुगमन गरिएको निर्वाचन क्षेत्र : प्रतिनिधि सभा :

मतदान केन्द्र/उपकेन्द्र प्रदेश सभाः

अनुगमन सुरु गरिएको मिति : समय :

अनुगमन सम्पन्न गरिएको मिति : समय :

सूचनादाताको नाम : सम्पर्क नं. :

१ मतदान केन्द्रमा मतदान सम्पन्न भइसकेपछि मतपेटिका संकलन कार्यमा अवरोध पुऱ्याइएको थियो वा थिएन ?

थियो ☐ थिएन ☐

१.१ यदि थियो भने को बाट कुन रुपमा अवरोध पुऱ्याइएको थियो ?

..............................................................................................................

२ मतपेटिका लैजाँदा निर्वाचन आयोगको तोकिएको प्रकृया पूरा गरिएको थियो थिएन ?

थियो ☐ थिएन ☐

३. मतपेटिकालाई सुरक्षित तरिकाले मतगणना स्थलसम्म पुऱ्याउने कार्य भयो भएन ?

थियो ☐ थिएन ☐

४. मतदाताहरूलाई मतदान गरी सकेपछि कुनै पनि किसिमको धम्की/दवाव वा हिंसाको प्रयोग गरिएको थियो वा थिएन ?

थियो ☐ थिएन ☐

४.१. मतदानका कारण कसैमाथी घरेलु हिंसा/लैङ्गिक हिंसा वा विभेदका घटना भएको पाइयो वा पाइएन ?

..............................................................................................................

४.२.यदि थियो भने को बाट धम्की/दवाव वा हिंसाको प्रयोग पुऱ्याइएको थियो?

..............................................................................................................

५ मतगणना स्थलको सुरक्षा व्यवस्थापन पर्याप्त थियो कि थिएन ?

थियो ☐ थिएन ☐

५.१ यदि थिएन भने के कस्ता कमजोरीहरू रहेका थिए ?

..............................................................................................................

६ मतगणना सम्बन्धी सूचना विधि सहजरुपमा उपलव्ध भएको थियो वा थिएन ?

थियो ☐ थिएन ☐

७. मतगणना स्थलमा सञ्चारकर्मी तथा पर्यवेक्षकको उपस्थितिको अवस्था कस्तो थियो ?

नभएको ☐ उल्लेख्य ☐ न्यून ☐ अन्य ☐

८ निर्वाचन पश्चातको मतदान केन्द्रका रुपमा प्रयोग गरिएका विद्यालयहरू तथा अन्य शैक्षिक संस्थाहरूको वातावरणमा कुनै किसिमको क्षति पुऱ्याएको थियो कि थिएन ?

थियो ☐ थिएन ☐

८.१ यदि थियो भने के कस्ता अवस्थामा देखियो ?

..........................................................................................................

९ निर्वाचनका क्रममा निर्वाचन कसुर उल्लंघन सम्बन्धी परेका उजुरीहरू उपर उजुरी सुन्ने निकायहरूले प्रभावकारी रुपमा उजुरी ग्रहण गरेका थिए कि थिएनन ?

थियो ☐ थिएन ☐

९.१ थिएनन भने त्यस्ता उजुरी सुन्ने निकायहरूको व्यवहार कस्तो रहेको थियो?

..........................................................................................................

१०. निर्वाचनका क्रममा निर्वाचन सम्बन्धी कसुरका सम्बन्धमा निर्वाचन आयोगद्वारा प्रभावकारी कारवाही गरिएको थियो वा थिएन ?

थियो ☐ थिएन ☐

१०.१ थिएन भने के कस्ता कमजोरीहरू रहेका थिए ?

..........................................................................................................

११ निर्वाचन पश्चात् शान्ती सुरक्षा कायम गर्ने कार्यमा सरकारको भूमिका प्रभावकारी थियो कि थिएन?

थियो ☐ थिएन ☐

११.१. थिएन भने के कस्ता कमजोरीहरू रहेका थिए ?

..........................................................................................................

१२ मतगणना पछि परिणामको घोषणामा अनावश्यक ढिलाई भएको थियो थिएन ?

थियो ☐ थिएन ☐

१३ निर्वाचन परिणाम घोषणा पछिको विजय जूलूस शान्तिपूर्ण थियो/थिएन ?

थियो ☐ थिएन ☐

१४. विजय जूलूसमा बालबालिकाको प्रयोग भएको पाइयो/पाइएन?

..........................................................................................................

१४.१ विजय जूलूसमा विपक्षी दलद्वारा अवरोध गरिएको थियो थिएन ?

थियो ☐ थिएन ☐

अवरोध गरिएको भए कुन दलद्वारा गरिएको थियो ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

१५.निर्वाचन पश्चात उपभोक्ता अधिकारमा कुनै प्रभाव पर्‍यो वा परेन ?

..........................................................................................................

..........................................................................................................

अनुसूची-७

# निर्वाचन सम्बन्धी कानुनहरू

**निर्वाचनसम्बन्धी ऐनहरू :**

- निर्वाचन आयोग ऐन, २०७३
- मतदाता नामावली ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५

**निर्वाचनसम्बन्धी आचारसंहिता :**

- निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९

**निर्वाचनसम्बन्धी नियमावली:**

- निर्वाचन आयोग नियमावली , २०७३
- मतदाता नामावली सम्बन्धी नियमावली, २०६८
- स्थानीय तह निर्वाचन नियमावली, २०७३
- राजनीतिक दल सम्बन्धी नियमावली , २०७४
- प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४
- प्रदेशसभा सदस्य निर्वाचन नियमावली, २०७४

- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी नियमावली, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६

**निर्वाचनसम्बन्धी नीतिहरू :**

- स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३
- निर्वाचन पर्यवेक्षण नीति, २०७४
- निर्वाचन तथा मतदाता शिक्षा नीति, २०७८
- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७

**निर्वाचनसम्बन्धी कार्यविधिहरू :**

- निर्वाचन विवाद (सुनुवाइ र निरूपण)-सम्बन्धी कार्यविधि, २०७६
- उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६
- राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक) कार्यविधि, २०७६
- निर्वाचन विवाद (सुनुवाइ र निरूपण)-सम्बन्धी कार्यविधि, २०७९
- मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७

**निर्वाचनसम्बन्धी निर्देशिकाहरू :**

- निर्वाचन आयोग (मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम) निर्देशिका, २०६८
- प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४
- मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
- प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
- प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७४

- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन आचार-संहिताा अनुगमन निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन (मतगणना) निर्देशिका, २०७४
- स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७६
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७६
- उपनिर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७६
- प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९
- प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९
- राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६

# अनुसूची-८

**अनुगमनका क्रममा लिइएका तस्विरहरु**



















पुरुष











## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

**केन्द्रीय कार्यालय**

हरिहर भवन, पुल्चोक, ललितपुर

फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)

फ्याक्स : ०१-५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल

ई-मेल : nhrc@nhrcnepal.org

### प्रदेश कार्यालयहरू

**कोशी प्रदेश कार्यालय, विराटनगर**

फोन : ०२१-५१२९३१, ५९०९९३ फ्याक्स : ०२१-५१११००

ई-मेल : nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर**

फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५

ई-मेल : nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौंडा**

फोन : ०५७–५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११

ई-मेल : nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

फोन : ०६१–५८६०५९, ५८६०८१, फ्याक्स : ०६१–५३५८७५

ई-मेल : nhrcpkr@nhrcnepal.org

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल**

फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६

ई-मेल : nhrcbtl@nhrcnepl.org

**कर्णाली प्रदेश कार्यालय, बीरेन्द्रनगर, सुर्खेत**

फोन : ०८३-५९०२२४, फ्याक्स : ०८३-५९०२२४

ई-मेल : nhrcskt@nhrcnepl.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**

फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३

ई-मेल : nhrcdhn@nhrcnepal.org

### प्रदेश शाखा कार्यालयहरू

**कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल खोटाङ**

फोन : ०३६-४२०२८४,

ई-मेल : nhrckht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**

फोन : ०८१-५३६७०७/८ फ्याक्स : ०८१-५३६७०६

ई-मेल : nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**

फोन : ०८७-५२०२२२

ई-मेल : nhrcjum@nhrcnepal.org